महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन २०८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

महालेखापरीक्षकको
सातौँ वार्षिक प्रतिवेदन
२०८२

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र सङ्ख्या : २०८१।८२

च.नं.:

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

२०८२ साल वैशाख ३१ गते, बुधवार
नेपाल सम्वत् ११४५

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**.....	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश**.....	९
	खण्ड - १ : मन्त्रालय र निकायगत बेहोरा	
	१. प्रदेश सभा सचिवालय	१३
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१६
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२१
	४. आर्थिक मामिला मन्त्रालय	२६
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय.....	४०
	६. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	४५
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	५४
	८. सामाजिक विकास मन्त्रालय	६०
	९. प्रदेश नीति तथा योजना आयोग	६८
	१०. प्रदेश लोक सेवा आयोग	७३
	११. मुख्य न्यायाधिवक्ताको कार्यालय	७५
	खण्ड - २ : स्थानीय तह	७७
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति**	८३
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	८५
	अनुसूचीहरू	८९

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०८१, वार्षिक लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका, २०८१, सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका असल अन्तर्राष्ट्रिय अभ्याससमेतको आधारमा सुदूरपश्चिम प्रदेशका निकाय तथा कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी, र अन्य कोष तथा बक्यौतासमेत लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको सातौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणमा देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

यस वर्ष सूचकका आधारमा जोखिम विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ। लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर आश्वस्तता पुनरावलोकन, भर्चुअल बैठक मार्फत सरोकारवालासँग छलफल, टोल फ्रि नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफ.एम. रेडियो र कार्यालयको वेवसाइटमार्फत सूचना प्रसारण र प्राप्ति, लेखापरीक्षणको प्रवेश र समापन बैठक, प्रतिक्रियाबाट फर्स्यौंट नभएका विषयमा लेखा उत्तरदायी अधिकृत र मन्त्रीलाई जानकारी गराइ सकेको छ। त्यसैगरी, सम्परीक्षणको लागि अनुरोध भई आएको बेरुजु र प्रारम्भिक प्रतिवेदनका प्राप्त भएका सबै जवाफ सम्बोधन गरिएको छ। प्रदेश सभाको सार्वजनिक लेखा समिति र प्रदेश सरकारका पदाधिकारीहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत कार्यान्वयन गर्ने प्रयास गरिएको छ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्थासमेत १६२ निकायको रु.३५ अर्ब ६२ करोड ५९ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भई रु.५० करोड ६ लाख ९३ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.४१ प्रतिशत रहेको छ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतका विषय लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा सङ्घीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वृद्धि हुँदै गएको, उत्पादनशील क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनोट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भइरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भइरहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न नसकेको, ठेक्का सम्झौता विपरीत

पटकपटक म्याद थप गरेको, उपलब्ध साधन स्रोतले नखाम्ने गरी योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको, निर्माण कार्यको गुणस्तर नियन्त्रण तथा परीक्षण कमजोर रहेको, ठेक्का सम्झौताहरूको कार्यान्वयन प्रभावकारी नभएको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचान बेगर सामान खरिद भएको तर उपयोग हुन सकेको देखिँदैन।

लेखापरीक्षणबाट औंल्याइएका बेहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो।कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका बेहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू सार्वजनिक लेखा समितिमा छलफल हुन बाँकी रहेको छ। लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, लेखापरीक्षण गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, मन्त्रीज्यूहरू, उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- वित्तीय विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत १६२ निकायको २०८०।८१ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ११९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ४३ निकायको सामान्य लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। सबै निकायको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत विद्युतीय माध्यमबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर

अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद-१ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद-२ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद-४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद-५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(आर्थिक तथा संघीय संस्था लेखापरीक्षण विभाग)

पत्र संख्याः २०८१।८२

चलानी नम्बरः ५३

मितिः २०८२।१।२८

विषयः एकीकृत वित्तीय विवरणमा राय।

श्री प्रदेश सचिव,
आर्थिक मामिला मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

१. **कैफियतसहितको राय -** हामीले सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय), बजेट तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ लगायत सम्बन्धित कानुन बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू.४४ करोड ९४ लाख ६८ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.२० करोड ७५ लाख ६० हजार, नियमित गर्नुपर्ने रू.२२ करोड ४२ लाख १२ हजार र पेस्की बाँकी रू.१ करोड ७६ लाख ९६ हजार रहेको छ। यसैगरी अन्य संस्था र समितितर्फ रू.५ करोड १२ लाख २५ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.१ करोड ५ लाख ६१ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ८३ लाख ६६ हजार र पेस्की बाँकी रू.२२ लाख ९८ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतले रू.४ अर्ब ९४ करोड ४५ लाख १२ हजारको जिन्सी तथा सम्पत्ति रहेको खुलासा गरेको छ। जिन्सी तथा सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको छैन।

२.३. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमार्फत ८८ स्थानीय तहलाई सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान रू.१ अर्ब ११ करोड १७ लाख निकासा गरेको छ। उक्त रकममध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०८१ आषाढ मसान्तसम्म स्थानीयतहबाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरु राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

३. **अन्य बेहोरा** - यो वर्षको आर्थिक क्रियाकलापको मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासनलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५४(१) बमोजिम आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानुनको पालना गरे, नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गराई जाँचबुझ गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा २ बमोजिम आफ्नो कार्यालयको लागि विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च हुन नसकेमा सोको जिम्मेवारी विभागीय मन्त्रीले लिनुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ३१ मा प्रत्येक आर्थिक वर्षको प्रदेश सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजश्व, धरौटी तथा अन्य कोष सहितको प्रदेश लेखाको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आर्थिक मामिला मन्त्रालय, सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ।

(वैकुण्ठ वहादुर अधिकारी)
उप-महालेखापरीक्षक

उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	(रु.हजारमा)
१.	प्रदेश मन्त्रालय तथा निकाय	१४४	३११९०५९५
२.	समिति र अन्य संस्था	१८	४४३५३८६
	जम्मा	**१६२**	**३५६२५९८१**

यो वर्ष प्रदेश सरकार मातहत १४४ सरकारी निकायको रु.३१ अर्ब १९ करोड ५ लाख ९५ हजार र समिति तथा अन्य संस्थातर्फ १८ निकायको रु.४ अर्ब ४३ करोड ५३ लाख ८६ हजार समेत रु.३५ अर्ब ६२ करोड ५९ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायको विवरण **अनुसूची-१, १(क), २** र **३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय मातहत १४४ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोवारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ।

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न (रु.हजारमा)
१.	विनियोजन खर्च	१८५१३५७७
२.	राजस्व	८६५११६१
३.	धरौटी	२६५७४५३
४.	अन्य कारोबार	१३६८४०४
	जम्मा	**३११९०५९५**

- विनियोजन खर्चमा वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई भएको निकासा रु.१ अर्ब ९१ करोड ७८ लाख समेत समावेश गरिएको छ। लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १८ समिति तथा अन्य संस्थाको रु.४ अर्ब ४३ करोड ५३ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची ३ र ४ मा समावेश छ। लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति परिच्छेद-३ को मन्त्रालय तथा नियकायगत बेहोरामा समावेश छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार २०८०।८१ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ :

(रु.हजारमा)

क्र.सं.	शीर्षक/क्षेत्र	२०७८।७९ को यथार्थ खर्च	२०८९।८० को यथार्थ खर्च	२०८०।८१ को		
				बजेट अनुमान	यथार्थ खर्च	खर्च प्रतिशत
१.	चालु खर्च	८९२५३००	८२४८५७९	११९५८१२१	७९४८९५०	६६.४७
२.	पुँजीगत खर्च	११९५२०५९	१५८१४५१६	१७०२८५१९	१०५६४६२७	६२.०४
३.	वित्तीय व्यवस्था	०	०	३०००००	०	०.००
	जम्मा	**२०८७७३५९**	**२४०६३०९५**	**२९२८६६४०**	**१८५१३५७७**	**६३.२१**

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्षको निकायगत चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छः

(रु.लाखमा)

मन्त्रालय/केन्द्रीय निकायको नाम	अन्तिम बजेट (रू लाखमा)			निकासा/खर्च (रू लाखमा)			बजेटको तुलनामा खर्च प्रतिशत
	चालु	पुँजीगत खर्च	जम्मा	चालु	पुँजीगत खर्च	जम्मा	
प्रदेश सभा सचिवालय	१८००	१०८	१९०८	१३१९	८३	१४०२	७३.४८
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२९१७	९८४९	१२७६६	१८१८	२१८	२०३६	१५.९५
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१४६०	२४७९	३९३९	७७९	१८९६	२६७५	६७.९१
आर्थिक मामिला मन्त्रालय	१८८०	१४५	२०२५	८८७	४५	९३२	४६.०२
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय	११४२६	६३४८	१७७७४	७९३५	४६४९	१२५८४	७०.८
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय	२१०२०	३३२७	२४३४७	१४२५०	२१५८	१६४०८	६७.३९
भौतिक पूर्वाधार विकास मन्त्रालय	५१३३	१२१९६४	१२७०९७	३६७३	८६२१७	८९८९०	७०.७३
सामाजिक विकास मन्त्रालय	३९३२०	१४३८९	५३७०९	२८७५०	१०३५४	३९१०४	७२.८१
प्रदेश नीति तथा योजना आयोग	३१०	१२	३२२	२२४	९	२३३	७२.३६
प्रदेश लोक सेवा आयोग	७९९	१६३	९६२	४८२	६	४८८	५०.७३
मुख्य न्यायाधिवक्ताको कार्यालय	२१५	११	२२६	१९३	११	२०४	९०.२७
वित्तीय व्यवस्था	०	०	३०००	०	०	०	०.
अर्थ विविध	९८५५	११४५९	२१३१४	०	०	०	०.
जम्मा	**९६१३५**	**१७०२५४**	**२६९३८९**	**६०३१०**	**१०५६४६**	**१६५९५६**	**६१.६०**
स्थानीय तह	२३४७७	०	२३४७७	१९१७९	०	१९१७९	८१.६९
जम्मा	**११९६१२**	**१७०२५४**	**२९२८६६**	**७९४८९**	**१०५६४६**	**१८५१३५**	**६३.२१**

उल्लिखित विवरणअनुसार प्रदेश सरकारले चालुतर्फ रु.७ अर्ब ९४ करोड ८९ लाख अर्थात् विनियोजनको ६६.४७ प्रतिशत र पुँजीगततर्फ रु.१० अर्ब ५६ करोड ४६ लाख अर्थात् विनियोजित बजेटको ६२.०४ प्रतिशत खर्च गरेको छ। प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रु.२९ अर्ब २८ करोड ६६ लाख मध्ये ६३.२१ प्रतिशत अर्थात् रु.१८ अर्ब ५१ करोड ३५ लाख खर्च गरेको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालुतर्फबाट रु.२ अर्ब ३४ करोड ७७ लाख व्यवस्था गरेकोमध्ये रु.१ अर्ब ९१ करोड ७९ लाख अर्थात् ८१.७० प्रतिशत खर्च गरेको छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.लाखमा)

क्र.सं.	स्रोत	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ यथार्थ खर्च		गत वर्षको तुलानामा वृद्धि प्रतिशत
				अनुमान	यथार्थ खर्च	
१.	नेपाल सरकार	९७८६३	१०६८६२	१४४३७६	९४७७०	(११.३२)
२.	प्रदेश सरकार	११०९१०	१३३७६९	१४८४९०	९०३६५	(३२.४५)
	जम्मा	**२०८७७३**	**२४०६३१**	**२९२८६६**	**१८५१३५**	**(२३.०६)**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.१८ अर्ब ५१ करोड ३५ लाखमध्ये नेपाल सरकारको स्रोतबाट रु.९ अर्ब ४७ करोड ७० लाख अर्थात् ५१.२० प्रतिशत र प्रदेश सरकारको स्रोतबाट रु.९ अर्ब ३ करोड ६५ लाख अर्थात ४८.८० प्रतिशत खर्च भएको छ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्षको राजस्व अनुमान र प्राप्तिको अवस्था निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	विवरण	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को		
				अनुमान	असुली	प्रतिशत
१.	कर राजस्व	८८२४५७६	८७९२६३४	८५३८९८२	८१६६१०३	९५.६३
२.	अन्य राजस्व (बेरुजु निकासा फिर्ता र अनुदान फिर्ता समेत)	६२४८२६	५८९१०४	४७९४८०५	४८५०५८	१०.११
	कुल राजस्व	**९४४९४०२**	**९३८१७३८**	**१३३३३७८७**	**८६५११६१**	**६४.८८**

२.४.१. गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ७.१३ प्रतिशतले घटेको देखिन्छ। यो वर्ष प्रदेशले प्राप्त गरेको राजस्व रु.८ अर्ब ६५ करोड ११ लाख ६१ हजार रहेको छ। प्रदेश सरकारले वन क्षेत्रको रोयल्टी वापत रु.९ करोड २६ लाख ११ हजार र सवारी साधन कर वापत रु.६९ करोड ९७ लाख ७४ हजार असुल गरेकोमा सवारी साधन कर तर्फ रु.४० करोड ८२ लाख ७० हजार प्रदेश सञ्चित कोषमा आम्दानी देखाएको छ।

२.४.२. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १३ मा आर्थिक मामिला मन्त्रालयले राजस्व र व्ययको अनुमान गर्दा आधार लिनुपर्ने विषयहरू उल्लेख गरेको छ। प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष कर तथा अन्य राजस्व रु.१३ अर्ब ३३ करोड ३७ लाख ८७ हजार आय अनुमान गरिएकोमा रु.८ अर्ब ६५ करोड ११ लाख ६१ हजार अर्थात अनुमानको ६४.८८ प्रतिशत प्राप्त भएको छ। प्राप्त रकममध्ये राजस्व बाँडफाँट मार्फत नेपाल सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रु.७ अर्ब ३६ करोड ४७ लाख अर्थात ८५.१३ प्रतिशत रहेको छ। यो वर्ष असुल गरिएको राजस्वको विवरण **अनुसूची - ८** मा उल्लेख छ।

३. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रु.हजारमा)

अनुदान	बजेट अनुमान	यथार्थ हस्तान्तरण	प्रतिशत
समानिकरण अनुदान	८०६१३५	८०६१३५	१००.००
सशर्त अनुदान	४९४३५०	४३८३०६	८८..६६
विशेष अनुदान	४०८१००	३३७९६७	८२.८१
समपुरक अनुदान	६३८९८५	३३५४५९	५२.५०
जम्मा	**२३४७५७०**	**१९१७८६८**	**८१.७०**

उल्लिखित हस्तान्तरण रकममा फिर्ता गरेको रकम घटाई खुद प्राप्ति रकमलाई समावेश गरिएको छ। प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ८८ स्थानीय तहमा रु.१ अर्ब ९१ करोड ७८ लाख ६८ हजार उपलब्ध गराएको छ।

४. **अन्तरसरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत सञ्चालन गर्न आवश्यक देखिएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकारका ५ कार्यालयलाई रु.४ करोड ५५ लाख बजेट उपलब्ध गराएकोमा रु.३ करोड २१ लाख ९२ हजार खर्च भएको विवरण पेस भएको छ। उक्त रकमको लेखापरीक्षणबाट देखिएका बेहोरा परिच्छेद-३ मा उल्लेख छ। यसको विवरण **अनुसूची-१२** मा समावेश छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २(ध) बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरेको छ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०८०।८१) फर्स्यौट गर्नुपर्ने बेरुजु निम्नानुसार रु.५० करोड ६ लाख ९३ हजार रहेको छ।

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**४४९४६८**	**५१२२५**	**५००६९३**	**१००**
१. असुल गर्नुपर्ने	२०७५६०	**१०५६१**	**२१८१२१**	**४३.५६**
२. नियमित गर्नुपर्ने	२२४२१२	**३८३६६**	**२६२५७८**	**५२.४५**
२.१ अनियमित भएको	२६२८८	५७९९	३२०८७	६.४२
२.२ प्रमाण कागजात पेस नभएको	१९७९२४	१९९५९	२१७८८३	४३.५१
२.३ शोधभर्ना नलिएको	०	१२६०८	**१२६०८**	**२.५२**
३. पेस्की	**१७६९६**	**२२९८**	**१९९९४**	**३.९९**

नोटः उल्लिखित पेस्की अङ्कमा स्याद ननाघेको पेस्की समावेश छैन।

बेरुजु वर्गीकरणको विवरण **अनुसूची- ९** र **१०** मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय र समिति तथा अन्य संस्थासमेत १६२ निकायको रु.३५ अर्ब ६२ करोड ५९ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा रु.५० करोड ६ लाख ९३ हजार बेरुजु कायम भएको छ। जुन लेखापरीक्षण अङ्कको १.४१ प्रतिशत हुन आउँछ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१४४	३११९०५९५	४४९४६८	१.४४
२.	समिति र अन्य संस्था	१८	४४३५३८६	५१२२५	१.११
	जम्मा	**१६२**	**३५६२५९८१**	**५००६९३**	**१.४१**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ गत वर्षको बाँकी रु.२ अर्ब ६८ करोड २९ लाख २९ हजार बेरुजु रहेकोमा यो वर्ष रु.२२ करोड ६ लाख ९४ हजार सम्परीक्षण भई लगत कट्टा भएको र रु.२ करोड १० लाख ९२ हजार संपरीक्षणबाट थप भई रु.२ अर्ब ४८ करोड ३३ लाख २७ हजार बाँकी रहेको र यो वर्षको रु.५० करोड ६ लाख ९३ हजार थप भई जम्मा बेरुजु रु.२ अर्ब ९८ करोड ४० लाख २० हजार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नाम	छैटौं प्रतिवेदनसम्मको बाँकी बेरुजु	यो वर्षको सम्परीक्षण	सम्परीक्षणबाट कायम थप बेरुजु	गत वर्षसम्मको बाँकी बेरुजु	यो वर्षको थप बेरुजु	सातौं प्रतिवेदन सम्मको बाँकी बेरुजु
१	सरकारी कार्यालयतर्फ	२१३८०७५	२२०६८८	२१०९२	१९३८४७९	४४९४६८	२३८७९४७
२	समिति तथा अन्य संस्थातर्फ	५४४८५४	६	०	५४४८४८	५१२२५	५९६०७३
	जम्मा	**२६८२९२९**	**२२०६९४**	**२१०९२**	**२४८३३२७**	**५००६९३**	**२९८४०२०**

अद्यावधिक बेरुजुको विवरण **अनुसूची-११** मा उल्लेख छ।

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१. यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय र समिति तथा अन्य संस्था समेतको रु.३५ अर्ब ६२ करोड ५९ लाख ८१ हजारको लेखारीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.५५ करोड ५९ लाख बेरुजु देखिएको छ। सो मध्ये प्रतिवेदन अवधिसम्म रु.५ करोड ६९ लाख ११ हजार बेरुजु फर्स्यौंट भएको र रु.२३ लाख २८ हजार संपरीक्षणबाट कायम बेरुजु समेत रु.५० करोड ६ लाख ९३ हजार फर्स्यौंट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौंट हुन बाँकी कुल रु.२ अर्ब ९८ करोड ४० लाख २० हजार रहेको छ। यसको विस्तृत विवरण **अनुसूची ९, १० र ११** मा छ।

४.२. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ४० मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोवारमा संलग्न पदाधिकारीको हुने व्यवस्था छ। सोही ऐनको दफा ३८ मा औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्था बमोजिमको प्रक्रिया पालना गर्दा समेत २०८०।८१ को बेरुजु फर्स्यौंट नभएकाले जवाफदेहिता र जिम्मेवारीको पूर्ण परिपालना भएको छैन। तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा समावेश गरिएको छ।

४.३. सरकारी कार्यालय र अन्य संस्था तथा समिति समेतको यो वर्ष निकायगत रुपमा देखिएको बेरुजु निम्नानुसार छ।

(रु.हजारमा)

क्र सं	मन्त्रालय / निकायको नाम	लेखापरीक्षण अङ्क	बाँकी बेरुजु					लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असूल गर्नुपर्ने	अनियमित बेरुजु	पेस्की	जम्मा बेरुजु रकम	कुल बेरुजु प्रतिशत	
१	प्रदेश सभा सचिवालय	१४२१९६	१८२	२०	३०	२३२	०.०५	०.१६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४५८४४५	६०	७५५९	०	७६१९	१.५२	१.६६
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	५८५१४३	८९	५२१३३	०	५२२२२	१०.४३	८.९२
४	आर्थिक मामिला मन्त्रालय	१०४१८९२४	०	३	०	३	००.००	०.००
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२३५०२६७	७३७४५	१५१५९	९९१	८९८९५	१७.९५	३.८२
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१७६७३६०	८४५५	१२८१८	०	२१२७३	४.२५	१.२०
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	१०५३५४८१	१२१९८९	११३७०७	१५४५८	२५११५४	५०.१६	२.३८
८	सामाजिक विकास मन्त्रालय	९२७५१३५	१३५९३	६०८८०	३५१५	७७९८८	१५.५८	०.८४
९	प्रदेश नीति तथा योजना आयोग	२३२७३	०	२३६	०	२३६	०.०५	१.०१
१०	प्रदेश लोक सेवा आयोग	४८९४८	०	०	०	०	०.००	०.००
११	मुख्य न्यायधिवक्ताको कार्यालय	२०८०९	८	६३	०	७१	०.०१	०.३४
	जम्मा	**३५६२५९८१**	**२१८१२१**	**२६२५७८**	**१९९९४**	**५००६९३**	**१००.००**	**१.४१**

उल्लिखित अवस्थामा भौतिक पूर्वाधार विकास मन्त्रालय सबैभन्दा बढी बेरुजु हुने निकायको रुपमा रहेको र प्रदेश लोकसेवा आयोग बेरुजु नहुने निकायको रुपमा रहेको छ।

४.४. यो वर्ष १४४ प्रदेश कार्यालय र १८ अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा ५६ कार्यालय (३४.५६ प्रतिशत) मा बेरुजु देखिएन।

४.५. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १४४ को लेखापरीक्षण गरेकोमा ५२ कार्यालयमा लगती बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था १८ को लेखापरीक्षण गरेकोमा ४ कार्यालयमा लगती बेरुजु देखिएको छैन।

४.६. यो वर्ष १६२ प्रदेश कार्यालयको २ हजार ८७२ दफा बेरुजु कायम रहेकोमा १ हजार ६९७ दफा सैद्धान्तिक र १ हजार १७५ दफा लगती बेरुजु कायम भएको छ।

४.७. प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फको गत वर्षसम्मको पेस्की रु.५७ करोड ३० लाख ४५ हजार बाँकी रहेकोमा यो वर्ष रु.२१ करोड ७१ लाख २८ हजार फर्स्यौट भई रु.३५ करोड ५९ लाख १७ हजार बाँकी रहेकोमा यो वर्ष रु.१ करोड ९९ लाख ९४ थप भई रु.३७ करोड ५९ लाख ११ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.८. सरकारी कार्यालय र समिति तथा अन्य संस्था समेतबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रु.९१ लाख ५४ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.३३ लाख ९४ हजार र सम्परीक्षणको क्रममा रु.७ लाख १३ हजार समेत रु.१ करोड ३२ लाख ६१ हजार असुल भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ।

४.९. सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ जम्मा रु.२६ लाख ३२ हजार अग्रिम कर कट्टी नगरेको बेहोरा औल्याएकोमा रु.१ लाख ५८ हजार असुल भई रु.२४ लाख ७४ असुल गर्न बाँकी छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

४.१०. प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ७ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	२६१९०५	५९५९	२.२८	५९५९	२.२८
दोस्रो २०७७	२०७५।७६	२२८२४८६८	८८२८७४	३.८७	४९२७८७	२.१६
तेस्रो २०७८	२०७६।७७	२६७७७६१०	५७५१५७	२.१५	४३०१०१	१.६१
चौथो २०७९	२०७७।७८	३५४९७८४५	७७२४८१	२.१८	४८४२१२	१.३६
पाचौं २०८०	२०७८।७९	३५६२०३६१	९१९५७३	२.५८	८२२०५१	२.३१
छैटौं २०८१	२०७९।८०	३९४३९८९९	३७६३९१	०.९५	२३१३७१	०.५९
सातौं २०८२	२०८०।८१	३५६२५९८१	५००६९३	१.४१	४८०६९९	१.३५

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

प्रदेश मन्त्रालय र निकाय

१. **कानुनको परिपालना** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न खरिद योजना बनाउनुपर्ने, प्रचलित नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने, खरिदलाई प्रतिस्पर्धात्मक बनाउन टुक्रापारी खरिद नगर्ने, सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्नुपर्ने, सम्झौताको परिमाणमा घटबढ गरी कार्य भएको अवस्थामा भेरिएसन आदेश स्वीकृत गराउनुपर्ने, सम्झौताको अधिनमा रही पेस्की फस्यौंट गर्ने लगायतका व्यवस्था भएकोमा यो वर्ष प्रदेश सरकारका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना बेगर नै खरिद कार्य सञ्चालन गर्ने, सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न नगर्ने, मालसामान वा निर्माण कार्यको उच्चतम प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी प्याकेज नबनाउने, निर्माण व्यवसायीको ढिलाईको कारण तोकिएको समयमा काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता बमोजिम काम सुरु नगर्ने, बीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असुल नगर्ने, फरक सूचकांक प्रयोग गरी मूल्यवृद्धि बढी भुक्तानी दिने र निर्माणस्थलको तयारी बेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको देखिएको छ।

यसैगरी नर्म्स बेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नु पर्ने काम टुक्रा पारी सोझै खरिद गर्ने, उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, पेस्की दिएको लामो अवधिसम्म पनि काम सुरु नगर्ने, प्रगतिको आधारमा पेस्की फस्यौंट नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, धरौटी रकम फिर्ता गर्दा कर चुक्ता प्रमाण र मूल्य अभिवृद्धि कर समायोजन पत्र बेगर फिर्ता दिने गरेको देखिएको छ। ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना गरी कार्यसम्पादन गर्नुपर्दछ।

२. **कानुन निर्माण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश अन्तर्गतका मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विषयको कानुन, नीति, मापदण्ड, निर्देशिका लगायतका नीतिगत व्यवस्था गर्नुपर्ने उल्लेख छ। प्रदेश अन्तर्गतका निकायहरुले हालसम्म ५० ऐन, ११ नियमावली, १७ निर्देशिका, कार्यविधि, मापदण्ड र कार्ययोजना तयार गरेको छ। नियमावली अनुसार प्रदेशको कार्यक्षेत्र भित्र पर्ने विषयहरुको आवश्यक नीतिगत व्यवस्था गरी कार्यसम्पादन गर्नुपर्दछ।

३. **वित्तीय प्रतिवेदन** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय र केन्द्रीय निकायहरूले आफ्नो र मातहतका निकाय समेतको एकीकृत वित्तीय प्रतिवेदन स्वीकृत गरी अभिलेख राख्ने गरेको देखिएन।

ऐनमा तोकिए बमोजिम स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार प्रदेशका मन्त्रालय तथा केन्द्रीय निकायहरूले आफ्नो र मातहत निकाय समेतको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट बक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालय र केन्द्रीय निकायहरूमा यो वर्ष सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

५. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालय समेत ११ केन्द्रीय निकायमा यो वर्ष रु.२९ अर्ब २८ करोड ६६ लाख बजेट विनियोजन भएकोमा रु.१८ अर्ब ५१ करोड ३५ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ६३.२१ प्रतिशत बजेट खर्च भएको छ। अर्थ विविध शिर्षक अन्तर्गत रु.२ अर्ब १३ करोड १४ लाख खुद विनियोजन कायम भएकोमा रु.११ करोड ६० लाख २ हजार अर्थात ५.४४ प्रतिशत खर्च गरेको देखियो। उल्लिखित अवस्थाको आधारमा प्रदेश अन्तर्गतका कार्यालयहरूबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

६. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालय तथा केन्द्रीय निकायहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **आवधिक योजना कार्यान्वयन** - प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" भन्ने दीर्घकालीन सोचसहित प्रथम पञ्च वर्षीय योजना (२०७८।७९-२०८२।८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। आवधिक योजनाले तय गरेका वार्षिक लक्ष्यको समीक्षा नगरिएकाले आवधिक योजनाले २०८२।८३ सम्म निर्धारण गरेका आत्मनिर्भरता सम्बन्धी २२ र समृद्धि सम्बन्धी २० सूचकहरूको

प्रगति मूल्याङ्कन गरिएको देखिएन। प्रत्येक वर्ष आवधिक योजनाले तय गरेका लक्ष्यहरूको समीक्षा गरी सोहीअनुसार नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नुपर्दछ।

८. **मध्यमकालीन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६(१) मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। मध्यमकालीन खर्च संरचना बमोजिम २०८०।८१ का लागि रु.४० अर्ब ४१ करोड ११ लाख प्रक्षेपण गरेकोमा रु.२९ अर्ब २८ करोड ६६ लाख अर्थात् प्रक्षेपणभन्दा २७.५३ प्रतिशत घटी बजेट कायम भएकोमा रु.१८ अर्ब ५१ करोड ३५ लाख अर्थात् प्रक्षेपणभन्दा ५४.१९ प्रतिशत घटी खर्च भएको देखियो। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट कार्यक्रमबीच सामामञ्जस्यता कायम गरी आवधिक योजनामा तोकिएको लक्ष्य हासिल हुने गरी नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनुपर्दछ।

९. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका मध्ये प्रदेश सरकारको विकास नीति एवम कार्यक्रमको प्रभावकारिता परीक्षणका लागि नीति सम्वाद, अनुसन्धान र पैरवी गर्ने, सरकारी, गैरसरकारी र नागरिक समाजका निकायसँग साझेदारी गर्न साझेदारीको ढाँचा, नीति र मापदण्ड तर्जुमा गर्ने, आयोजना छनोट र प्राथमिकीकरणलाई नियमित कार्य प्रणालीमा आवद्द गर्ने, अन्तरनिकाय समन्वय लगायत सामाजिक व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्ने, विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् अनुगमन प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याउने, आन्तरिक आय वृद्धिका सम्भावना अध्ययन गरी राजस्व परिचालनको कार्ययोजना कार्यान्वयन गर्ने, प्रदेश गौरव तथा रणनीतिक महत्व र रुपान्तरणकारी आयोजनाको मापदण्ड निर्धारण गरी आयोजना बैङ्कमा सूचीकृत गर्ने, मुख्यमन्त्री एकीकृत पर्यटन विकास कार्यक्रम सञ्चालन गर्ने लगायतका नीति तथा कार्यक्रमहरू कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

१०. **त्रैमासिक खर्च** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३४ मा बजेट तथा कार्यक्रमको त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष रु.१८ अर्ब ५१ करोड ३५ लाख निकासा खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ अर्ब ९० करोड १९ लाख, दोस्रो त्रैमासिकमा रु.२ अर्ब ६९ करोड ४६ लाख, तेस्रो त्रैमासिकमा रु.४ अर्ब ५३ करोड ५३ लाख र चौथो त्रैमासिकमा रु.९ अर्ब ३८ करोड १७ लाख खर्च गरेको छ। चौथो त्रैमासिकमा कुल खर्चको ५०.६७ प्रतिशत तथा पुँजीगत खर्चको ५५.३७ प्रतिशत र आषाढ महिनामा ३३ प्रतिशत खर्च भएकोले वर्षान्तमा बढी खर्च भएको देखियो। नगद प्रवाह योजना तयार गरी स्वीकृत कार्यक्रम अनुसार सन्तुलितरुपमा खर्च व्यवस्थापन हुनुपर्दछ।

११. **रकमान्तर** – प्रदेश विनियोजन ऐन, २०८० को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन भएको रकममध्ये बचत हुने र नपुग हुने शीर्षकमा १० प्रतिशतमा नबढ्ने गरी एक वा बढी अनुदान संख्यामा रकम सार्न सकिने व्यवस्था छ। यो वर्ष रु.२९ अर्ब २६ करोड ५९ लाख ३२ हजार सुरु बजेट विनियोजन भएकोमा कुल रु.४ अर्ब १३ करोड ५ लाख ७३ हजार थप र रु.४ अर्ब १० करोड ९८ लाख ६५ हजार घट तथा सङ्घीय बजेटबाट थप भई अन्तिम बजेट रु.२९ अर्ब

२८ करोड ६६ लाख ४० हजार कायम भएको छ। कुल विनियोजित बजेटको १४.१० प्रतिशत रकमान्तरबाट थप र १४.०४ प्रतिशत घटाएको छ। विनियोजन ऐनले तोकेको सीमा भित्र रही बजेट परिचालन हुनुपर्दछ।

१२. **स्वकीय सचिव -** मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा मुख्यमन्त्री तथा अन्य मन्त्रीहरूको स्वकीय सचिवालयमा रहने कर्मचारीको संख्या र पद तोकिएको छ। मन्त्रालयमा मन्त्रीको स्वकीय सचिव, शाखा अधिकृत स्तरको १ समेत ५ देखि १० जना सचिवालयमा राखी पारिश्रमिक तथा अन्य सुविधा भुक्तानी गर्ने गरिएको छ । ऐनमा स्वकीय सचिवको पद तोकिएतापनि सो पदको लागि न्यूनतम योग्यता नतोकिएकोले शैक्षिक योग्यता आवश्यकता पर्ने पदमा उचित मापदण्ड तोकी सचिवालयको कर्मचारी व्यवस्थापन हुनुपर्दछ।

१३. **सम्पत्तिको लगत** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ७६ मा कार्यालयले खरिद वा निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसमान तथा सम्पत्तिको लेखा खरिद मूल्यको आधारमा लगत राखी एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणमा प्रदेश सभा सचिवालय लगायत ११ मन्त्रालय तथा निकायको जम्मा सम्पत्ति रु.४ अर्ब ९४ करोड ४५ लाख १२ हजार देखाएकोमा भवन तथा संरचना अन्तर्गत रु.१ अर्ब १५ करोड ६४ लाखको रहेको छ। गत वर्ष रु.६ करोड १० लाख २८ हजारको जमिनसमेत रहेको सम्पत्ति विवरणमा उल्लेख भएकोमा यो वर्ष जमिनको रुपमा रहेको सम्पत्तिलाई एकीकृत वित्तीय विवरणमा देखाएको छैन। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा सुदूरपश्चिम प्रदेश अन्तर्गत रु.४ अर्ब ११ करोड ३७ लाख १० हजारको जिन्सी तथा सम्पत्ति रहेको उल्लेख छ। उल्लिखित दुई प्रतिवेदनले देखाएको विवरणमा प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.८३ करोड ८ लाख २ हजार बढी देखाएको छ। सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा सबै सम्पत्ति अभिलेखांकन गरेको छैन। प्रदेश सरकार मातहतका निकायले प्रयोग गरिरहेका सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरी लगत अद्यावधिक गर्नुपर्दछ।

१४. **बेरुजु लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याईएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने, प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको प्रादेशिक लगत राखी बेरुजुको अभिलेख अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने बेहोरा उल्लेख छ। मन्त्रालय र केन्द्रीय निकायहरूले यो वर्ष उक्त बेहोरा अनुसार बेरुजुको लगत अद्यावधिक गरी राखी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको देखिएन। ऐनमा तोकिएको बेहोरा कार्यान्वयन हुनुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम ५३ सदस्य रहने गरी सुदूरपश्चिम प्रदेश सभाको कार्यसञ्चालन र व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालयको स्थापना भएको छ। प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ मा प्रदेश सभा सचिवालय अन्तर्गत देहाय बमोजिमका कार्यक्षेत्र रहेका छन्।

- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,
- प्रदेश सभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई तोकिए बमोजिम सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका कार्यालयलाई तोकिए बमोजिम सेवा सुविधा उपलब्ध गराउने,
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने,
- गैरसरकारी विधेयकको अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने कार्यमा सदस्यलाई सहयोग पुऱ्याउने।

१. **लेखापरीक्षण अङ्क** - प्रदेश सभाको निम्नानुसार रु.१४ करोड २१ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४०१५२	२०	१९००	१२४	१४२१९६

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु				
२११०० पारिश्रमिक/सुविधा	९५४५५	९५४५५	७६१६३	७९.७९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१७३	१७३	६३	३६.४२
२२१०० सेवा महसुल	४२१६	४२१६	२६४६	६२.७६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१३६७९	१३६७९	१०२७९	७५.१४
२२३०० कार्यालय सामान तथा सेवा	४५८८	४५८८	३२३१	७०.४२
२२४०० सेवा तथा परामर्श खर्च	११५५५	११५५५	९६७३	८३७१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२१९६०	२०८८१	५१६४	२४.७३
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	८९९२	८९९२	७९८७	८८.८२
२२७०० विविध खर्च	९०३७	९०३७	७७१०	८५.३२
२८१०० सम्पत्ति सम्बन्धी खर्च	११४९०	११४९०	८९५६	७७.९५

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु जम्मा	**१८११४५**	**१८००६६**	**१३१८७२**	**७३.२४**
पुँजीगत				
३११२० सवारी साधन तथा मेसिनरी	३१६९	४२४८	३७३८	८७.९९
३११५० सार्वजनिक निर्माण	१५००	१५००	१४४५	९६.३३
३११६० निर्मित संरचनाको सुधार खर्च	५०००	५०००	३०९७	६१.९४
पुँजीगत जम्मा	**९६६९**	**१०७४८**	**८२८०**	**७७.०४**
कुल जम्मा	**१९०८१४**	**१९०८१४**	**१४०१५२**	**७३.४५**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७३.२४ प्रतिशत, पुँजीगततर्फ ७७.४५ प्रतिशत र समग्रमा ७३.४५ प्रतिशत खर्च भएको छ।

३. **वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राखुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। सचिवालयले सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। सचिवालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **प्रदेश सभाको बैठक र विधेयक पारित -** प्रदेश सभाको दोस्रो कार्यकालको दोस्रो अधिवेशनमा ७, तेस्रो अधिवेशनमा १० र चौथो अधिवेशनमा ८ समेत २५ बैठक बसेको छ। पहिलो कार्यकालमा कुल ६७ विधेयक पारित भएकोमा दोस्रो कार्यकालको चौथो अधिवेशनसम्ममा २ विधेयक समेत ६९ विधेयक पारित भएका छन्।

६. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ६ प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पहिलो र छैटौं प्रतिवेदनउपर छलफल हुन बाँकी रहेको छ।

७. **विषयगत समिति -** प्रदेश सभा नियमावली, २०७४ को नियम १४८ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित बनाउन, सरकारलाई सभाप्रति उत्तरदायी एवं जवाफदेही बनाउन र सरकारले सम्पादन गरेका काम कारवाहीको अनुगमन एवं मूल्याङ्कन गरी निर्देशन तथा राय सल्लाह दिन विषयगत समिति गठन

गर्नसक्ने व्यवस्था छ। उल्लिखित व्यवस्था अनुसार प्रदेश सभामा गठन भएका अर्थ विकास तथा प्राकृतिक स्रोत, सार्वजनिक लेखा, विधायन तथा प्रदेश मामिला, सामाजिक विकास र कार्य व्यवस्था परामर्श समेत ५ समितिका सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन्:

७.१. यो वर्ष अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिको ६ बैठक बसेको छ। प्रदेश सरकारलाई मातहतका निकायहरू सञ्चालन तथा सरकारका नीति तथा योजना कार्यान्वयनका लागि आवश्यक कर्मचारीहरूको संख्या यकिन गर्न प्रदेश कानुन बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य तत्काल प्रारम्भ गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिएकोमा कार्यान्वयन भएको छैन। समितिले दिएका निर्देशनहरूको कार्यान्वयन गर्नुपर्दछ।

७.२. कार्य व्यवस्था परामर्श समितिको यो वर्ष २१ बैठक बसी प्रदेश सभा सञ्चालनका लागि सहजीकरण सम्बन्धी कार्य गरेको छ।

७.३. विधायन तथा प्रदेश मामिला समितिको यो वर्ष २० बैठक बसेको छ। समितिले दिएका निर्देशनहरूको कार्यान्वयन गर्नुपर्दछ।

७.४. सामाजिक विकास समितिको यो वर्ष ५ बैठक बसेको छ। समितिबाट प्राप्त विवरणअनुसार यो वर्ष कञ्चनपुर र कैलाली जिल्लाका प्रादेशिक अस्पताल र स्वास्थ्य संस्थाहरूमा भएको अनुगमन प्रतिवेदन छलफल भई सर्वसम्मतिले पारित गरी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएकोमा कार्यान्वयनको अवस्था खुल्ने अभिलेख राखेको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** – गत वित्तका प्रतिवेदनमा उल्लिखित सचिवालयसँग सम्बन्धित बेहोराहरूमध्ये सभा समक्ष पेस भएका विधेयक आवश्यक प्रक्रिया पुरा गरी पारित नगरेको, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सभामा छलफल नभएको लगायतका बेहोरा औंल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सचिवालयको यो वर्ष रु.२ लाख ३२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पश्चात फर्स्यौट नभई सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्य विभाजन,
- प्रदेश सरकारको नीति तर्जुमा र मूल्याङ्कन,
- प्रदेश मन्त्रालयहरूको कार्यसम्पादन मूल्याङ्कन,
- प्रदेश मन्त्रालयहरूबीच समन्वय,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन,
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन,
- मानव अधिकारको संरक्षण र प्रवर्धन,
- सुशासन प्रवर्धन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय गर्ने।

१. **लेखापरीक्षण अङ्क -** कार्यालयको निम्नानुसार रु.२४ करोड ८८ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
२०३५१६	०	२२४३	४३०७०	२४८८२९

नोटः उल्लिखित तालिकामा मुख्य न्यायाधिवक्ता कार्यालयको लेखापरीक्षण अङ्क समावेश गरिएको छैन।

समिति र अन्य संस्थातर्फ २ कार्यालयको रु.२० करोड ९६ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक / सुविधा	६१३३३	६३२०५	३७४५६	५९.२६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१३३२	१३३२	१४१	१०.५९
२२१०० सेवा महसुल	५३८५	५६०५	३५२४	६२.८७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१८८०३	२१३५३	१९२१८	९०.००

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्चप्रतिशत
२२३०० कार्यालय सामान तथा सेवा	१०३९४	१०३९४	९२४६	८८.९६
२२४०० सेवा तथा परामर्श खर्च	१३४७९	१३४७९	११५३१	८५.५५
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१९१४०७	१८२५७५	१०६४२२	५८.२९
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	९३५५	१००५५	८७३३	८६.८५
२२७०० विविध खर्च	४३९९	४८९९	४६५६	९५.०४
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२६४	२६४	२६४	००.००
चालु खर्च जम्मा	**३१६१५१**	**३१३१६१**	**२०११९१**	**६४.२५**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	१२०५१	१२५५१	१०९७३	८७.४३
३११२० सवारी साधन तथा मेशिनरी	५००	१०००	४८७	४८.७०
३११५० सार्वजनिक निर्माण	२५००	३५००	२९६०	८४.५७
३११६० निर्मित संरचनाको सुधार खर्च	९६००००	९६००००	०	००.००
३१५१० भैपरी आउने पुँजीगत	१७०००	९०००	८३९१	९३.२३
पुँजीगत खर्च जम्मा	**९९२०५१**	**९८६०५१**	**२२८११**	**२.३१**
कुल जम्मा	**१३०८२०२**	**१२९९२१२**	**२२४००२**	**१७.२४**

नोटः उल्लिखित विवरणमा मुख्य न्यायाधिवक्ताको कार्यालयको विनियोजन र खर्च समेत समावेश छ।

उल्लिखित विवरणअनुसार चालुतर्फ ६४.२५ प्रतिशत, पुँजीगततर्फ २.३१ प्रतिशत र समग्रमा १७.२४ प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आफ्नो र मातहका निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये प्रदेश सरकारको विकास नीति एवम् कार्यक्रमको प्रभावकारिता परीक्षणका लागि नीति सम्वाद, अनुसन्धान र पैरवी गर्ने, सरकारी, गैरसरकारी र नागरिक समाजका निकायसँग साझेदारी गर्न साझेदारीको ढाँचा, नीति र मापदण्ड तर्जुमा गर्ने, आयोजना छनोट र प्राथमिकीकरणलाई नियमित कार्य प्रणालीमा आवद्ध गर्ने, अन्तरनिकाय समन्वय लगायत सामाजिक व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्ने, विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् अनुगमन प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याउने, आन्तरिक आय वृद्धिका सम्भावना अध्ययन गरी राजस्व परिचालनको कार्ययोजना कार्यान्वयन गर्ने लगायतका नीति तथा कार्यक्रमहरू कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

५. **बजेट कार्यान्वयन** - यो वर्षको बजेट वक्तव्यमा उल्लिखित कार्यक्रममध्ये सङ्घीय विकास कोषको रकम परिचालन गर्ने, नतिजामा आधारित कार्य सम्पादन प्रणाली अवलम्वन गर्ने, उच्च व्यवस्थापन तहका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरी करारका शर्तहरूलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने, सहभागितामूलक योजना छनोट प्रणालीको विकास गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन्। बजेट बक्तब्यको कार्यान्वयन हुनुपर्दछ।

६. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि कार्यालयले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। कार्यालयमा यो वर्ष रु.१ अर्ब २७ करोड ६६ लाख बजेट विनियोजन भएकोमा रु.२० करोड ३५ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको १५.९४ प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा कार्यालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

८. **बेरुजु लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याईएको बेरुजुको लगत कार्यालयस्तरमा राखुपर्ने, प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको प्रादेशिक लगत राखी बेरुजुको अभिलेख अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने बेहोरा उल्लेख छ। मन्त्रालय र केन्द्रीय निकायहरूले यो वर्ष उक्त बेहोरा अनुसार बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको देखिएन। ऐनमा तोकिएको बेहोरा कार्यान्वयन गर्न यस कार्यालयको प्रभावकारी भूमिका हुनुपर्दछ।

९. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत

निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१०. **निर्णय कार्यान्वयन**- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकिएको छ। यो वर्ष प्रदेश सरकार मन्त्रिपरिषद्को २२ पटक बैठक बसी उपचार खर्च उपलव्ध गराउने समेतका ६७ निर्णय गरेको छ। मन्त्रिपरिषद्बाट भएका निर्णय कार्यान्वयनको अनुगमन हुनुपर्दछ।

११. **प्रदेश समन्वय परिषद** - सङ्घ, प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहहरुबीच वा प्रदेश भित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहहरूबीचको समन्वय वा अन्तरसम्बन्धलाई ब्यवस्थित गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषदको व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष परिषद्को १ बैठक समेत हालसम्म ५ पटक बैठक बसी विभिन्न ५१ निर्णय गरेको छ। परिषद्को निर्णय कार्यान्वयनको अवस्था देखिने विवरण तयार गरेको छैन।

१२. **कर्मचारी व्यवस्थापन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ मा दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार मातहत ३७५ अस्थायी समेत ३ हजार ९६ दरबन्दी रहेकोमा १ हजार ८४ पद रिक्त रहेको देखियो। यो वर्ष सङ्घीय कार्यालयबाट ३२ कर्मचारी काजमा रहेको र करारका कर्मचारीको अभिलेख अद्यावधिक गरेको छैन। संगठन संरचना पुनरावलोकन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुर्दछ।

१३. **गुनासो व्यवस्थापन**– सेवा प्रवाहलाई प्रभावकारी बनाई नागरिक प्रति उत्तरदायी शासनको प्रत्याभूति दिने उद्देश्यले यस कार्यालयले हेलो सि.एम. नामक सूचना प्रविधिमा आधारित गुनासो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याएको छ। उक्त प्रणालीमा गतवर्षको फस्यौंट नभई बाँकी रहेका समेत १४४ गुनासाहरू प्राप्त भएकोमा ११७ फस्यौंट भई २७ बाँकी रहेको छ। गुनासो सम्बोधनका ब्यहोरा हेर्दा पत्राचार गरेको, पहल गर्ने लगायत देखिएकोले गुनासोको अन्तिम किनारा लागेको छैन। गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१४. **स्वकीय सचिव** - मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा मुख्यमन्त्रीको स्वकीय सचिवालयमा रहने ७ कर्मचारीको पद तोकिएको छ। मुख्यमन्त्रीको स्वकीय सचिवमा रा.प.द्वितीय श्रेणी वा सो सरहको १, रा.प.तृतीय श्रेणी वा सो सरहको १, रा.प.अनं. प्रथम श्रेणी वा सरहको १, कार्यालय सहयोगी २ र हलुका सवारी चालक २ समेत ७ कर्मचारीको तलवमा रु.३६ लाख ४५ हजार खर्च गरेको देखियो। ऐनमा स्वकीय सचिवको पद तोकिएतापनि सो पदको लागि न्यूनतम योग्यता नतोकिएकोले शैक्षिक योग्यता आवश्यकता पर्ने पदमा उचित मापदण्ड तोकी सचिवालयको कर्मचारीको व्यवस्थापन हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा उल्लिखित यस कार्यालयसँग सम्बन्धित बेहोराहरूमध्ये योजना तर्जुमा तथा दिग्दर्शनको पालना नगरेको, प्रदेश राजधानी स्थापनाको निर्णय कार्यान्वयन नगरेको, एकीकृत अनुदान नीति तर्जुमा नगरेको, नवप्रवर्तन साझेदारी कोषको रकमको उपयोगको अनुगमन नगरेको लगायतका बेहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालय र मातहतका निकायहरूमा देखिएको बेरुजुको स्थिति देहाय अनुसार छन्:
  - कार्यालयको यो वर्ष रु.११ लाख ३८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.८३ हजार फर्स्यौंट भई रु.१० लाख ५५ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - समिति तथा अन्य संस्था समेत २ निकायमा यो वर्ष रु.६५ लाख ६४ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- शान्ति सुरक्षा र सुव्यवस्था,
- अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध तथा सूचना आदान प्रदान,
- प्रदेश प्रहरी सञ्चालन तथा व्यवस्थापन,
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम र नियन्त्रण
- कानुन, न्याय तथा प्रदेश सभा मामिला,
- प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण,
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्धनमा सहयोग,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण,
- सामुदायिक प्रहरी,
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालयको निम्नानुसार रु.५८ करोड ५१ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२६७४६०	२६४५	१३१३९	३०१८९९	५८५१४३

नोटः उल्लिखित लेखापरीक्षण अङ्कमा ५ सङ्घीय कार्यालयले गरेको खर्च रु.३ करोड २१ लाख ९२ हजार समेत समावेश छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक / सुविधा	२६५६८	२७५६८	१७९३६	६५.०६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१८२	१८२	८०	४३.९६
२२१०० सेवा महसुल	३१४०	३१४०	२१६६	६८.९८
२२००० पुँजीगत सम्पत्तिको सञ्चालन	९३७२	९३७२	८२१९	८७.७०
२२३०० कार्यालय सामान तथा सेवाहरू	५४८८	५४८८	३६६८	६६.८४

२२४०० सेवा तथा परामर्श खर्च	६११४	६११४	४४४४	७२.६९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	८३५५०	८३५५०	३३६४४	४०.२७
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	३८२८	३८२८	३८०१	९९२९
२२७०० विविध खर्च	४८०८	४८०८	२९७१	६१.७९
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१९७०	१९७०	९७५	४९.४९
चालु खर्च जम्मा	**१४५०२०**	**१४६०२०**	**७७९०७**	**५३.३५**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	१३७०००	१३७०००	१०८२०४	७८.९८
३११२० सवारी साधन तथा मेसिनरी	३१५८०	३१५८०	१८४८२	५८.५२
३११३० अन्य पुँजीगत खर्च	३५००	३५००	९८६	२८.१७
३११५० सार्वजनिक निर्माण	३००००	३००००	३००००	१००.००
३११६० निर्मित संरचनाको सुधार खर्च	४५९००	४५९००	३१८८१	६९.४६
पुँजीगत खर्च जम्मा	**२४७९८०**	**२४७९८०**	**१८९५५३**	**७६.४४**
कुल खर्च	**३९३०००**	**३९४०००**	**२६७४६०**	**६७८८**

उल्लिखित विवरणअनुसार चालु तर्फ ५३.३५ प्रतिशत, पुँजीगत तर्फ ७६.४४ प्रतिशत र समग्रमा ६७.८८ प्रतिशत खर्च भएको छ।

३. **वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहका निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित बेहोरामध्ये प्रदेशको मौलिक हक र मानव अधिकार प्रोफाइल तयार गर्ने, प्रदेश सभा र विषयगत समितिको पूर्वाधार विकास, अन्तरप्रदेश सिकाई तथा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यक्रमका लागि बजेट व्यवस्था भएको छैन। कारागारलाई सुधार गृहको रुपमा विकास गर्ने, सङ्घ सरकारको समन्वयमा प्रादेशिक कारागार स्थापना गर्न प्रक्रिया आरम्भ गर्ने, प्रदेशस्थित कारागारको स्तरोन्नति गर्ने, विपद् जोखिम न्यूनीकरणलाई क्षेत्रगत विकास नीति र कार्यक्रममा मूलप्रवाहीकरण गर्ने लगायतका कार्यक्रमहरू आंशिकरुपमा कार्यान्वयन भएको छन्। विपद् सम्बन्धी एकीकृत पूर्व सूचना प्रणाली विकास गर्ने, विपद् पूर्व तयारी हाम्रो जिम्मेवारी नाराका साथ विपद् जोखिमबाट सुरक्षित तथा उत्थानशील प्रदेश निर्माण गर्ने लगायतका कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनु पर्दछ।

५. **बजेट कार्यान्वयन** - यो वर्षको बजेट वक्तव्यमा मन्त्रालयसँग सम्बन्धित गैरसरकारी सङ्घ संस्थाको समन्वयमा लागुऔषध नियन्त्रण सम्बन्धी अभियान कार्यक्रममा रु.२ करोड २५ लाख, विपद् खोज तथा उद्धार सामग्री खरिदमा रु.१ करोड, मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यक्रममा रु.५०

लाख बजेट विनियोजन भएका समेत १३ कार्यक्रम कार्यान्वयन गरेको देखिएन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **कानुन निर्माण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ मा मन्त्रालयले आवश्यक कानुन निर्माणको मस्यौदा तयार गर्ने, प्रदेश मन्त्रिपरिषदमा प्रस्ताव लैजाने, प्रदेश सभाबाट अनुमोदन गराउने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार हालसम्म ५० ऐन, ११ नियमावली, १७ निर्देशिका, कार्यविधि, मापदण्ड र कार्ययोजना तयार गरेको छ। यो वर्ष ८ ऐन, ३ नियमावली, ५ निर्देशिका, २ नीति, १ गठन आदेश र ३ मापदण्डसमेत २२ कानुनको लागि राय तथा परामर्श उपलव्ध गराएको र १७ कानुन राजपत्रमा प्रकाशन गरेको छ।

७. **कार्यसम्पादन करार** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालयले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

८. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालयमा यो वर्ष रु.३९ करोड ४० लाख बजेट विनियोजन भएकोमा रु.२६ करोड ७५ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ६७.८९ प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा मन्त्रालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

९. **आन्तरिक नियन्त्रण प्रणाली** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१०. **वार्षिक प्रतिवेदन -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ मा मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम, त्यस्तो कामको स्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक बेहोरा समावेश गरी मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेस गरी सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले विपद् व्यवस्थापनतर्फको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेतापनि समग्र क्रियाकलापको वार्षिक प्रतिवेदन तयार गरेको छैन। कानुन बमोजिम वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।

११. **कोरोना कोष** – कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६ को बुँदा नं.११ मा कोरोना भाइरस संक्रमण नियन्त्रण पश्चात नेपाल सरकारको निर्णयबाट कोष विघटन भएपछि कोषको सम्पत्ति तथा दायित्व प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको कार्य सञ्चालन कोषमा कोरोना संक्रमण रोकथाम वापत राखिएको रु.२ करोड ९१ लाख ५९ हजार प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा हस्तान्तरण गर्नुपर्दछ।

१२. **सङ्घ संस्थाको नियमन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्रका गैरसरकारी सङ्घ संस्थाको अभिलेख र समन्वय गर्ने कार्य यस मन्त्रालयले गर्नुपर्ने व्यवस्था छ। प्रदेश भित्र दर्ता भई सञ्चालनमा आएका गैरसरकारी सङ्घ संस्थाको दर्ता, सञ्चालन, नवीकरण तथा नियमनका लागि आवश्यक कानुन तर्जुमा गरेको पाइएन। सङ्घीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार अन्तर्गत हस्तान्तरण भई आएतापनि सङ्घमा दर्ता, सञ्चालन, नवीकरण भएका गैरसरकारी संस्थाको अभिलेख प्रदेशमा प्राप्त हुन नसकेकोले मन्त्रालयमा अभिलेख अद्यावधिक हुन सकेको छैन। प्रदेश भित्रका गैरसरकारी सङ्घ संस्थाको दर्ता, सञ्चालन एवम् नवीकरणका लागि ऐन तथा नियमावली तर्जुमा गरी सो अनुरूप अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१३. **भूकम्प पीडित कोष -** विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७ अनुसार राहत वितरण गर्नुपर्ने व्यवस्था छ। जाजरकोट भूकम्प पीडित राहत कोष सम्बन्धी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको २०८०।७।१९ को परिपत्र अनुसार सुदूरपश्चिम प्रदेशमा कार्यरत कर्मचारीबाट सङ्कलित रु.१२ लाख ३३ हजार मन्त्रालयको विविध खातामा रहेको छ। उक्त रकम मुख्यमन्त्री विपद् व्यवस्थापन कोषमा जम्मा गर्नुपर्दछ।

१४. **ठेक्का व्यवस्थापन** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयलाई नीति निर्माण, नियमन, समन्वय, अनुगमन तथा मूल्याङ्कन जस्ता नीतिगत कार्यहरू तोकिएका छन्। सङ्घीय सरकार मातहत विभिन्न जिल्लामा रहेका प्रहरी कार्यालय भवन लगायतका संरचना निर्माणका लागि यो वर्ष मन्त्रालयबाट ७ ठेक्का व्यवस्थापन मार्फत सम्झौता भएका ४ निर्माण व्यवसायीलाई नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालको ब्यारेक, चौकी, पोष्ट, क्यान्टिन आदि निर्माण गर्न रु.६४ लाख ६ हजार खर्च गरेको छ। नियमावली बमोजिम मन्त्रालय नीति निर्माण, अनुगमन मूल्याङ्कन तथा नियमन गर्ने कार्यमा केन्द्रित हुनुपर्दछ।

१५. **अधुरोमा कार्य स्वीकार** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १६(७) मा लागत अनुमान तयार गर्ने तथा बोलपत्र आहवान गर्ने कार्य प्रथम त्रैमासिक अवधिभित्र गरीसक्नु पर्ने व्यवस्था छ। मन्त्रालयले निम्नानुसार कार्यको बैशाखमा बोलपत्र

आह्वान गरी जेठ महिनामा कार्यादेश दिई आषाढ मसान्तसम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण कार्य अधुरो रहेको अवस्थामा कार्य स्वीकार गरी रु.१ करोड ५ लाख ८ हजार खर्च गरेको छ।

(रु.हजारमा)

क्र.सं.	योजनाको नाम	सम्झौता	भुक्तानी	प्रतिशत
१	आटीचौर प्रहरी चौकी बाजुरा भवन निर्माण	३६४६	२६४१	७२.४३
२	प्रहरी चौकी बेलौरीको सुदृढीकरण	१७७२	१५६७	८८.४८
३	इलाका प्रहरी कार्यालय विनायक ७ अछामको सुदृढीकरण	१३१५	१०४६	७९.४७
४	हावा घर निर्माण	६७३३	५२५४	७२.३६
	जम्मा	**१३४६६**	**१०५०८**	**७८.०३**

अधुरा भवनहरू प्रयोग गर्न योग्य नहुने भएकोले अधुरो अवस्थामा कार्य स्वीकार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लिखित मन्त्रालयसँग सम्बन्धित बेहोराहरूमध्ये कोरोना कोषको मौज्दात रकम उपयोग नगरेको, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार नबनाएको लगायतका बेहोरा औँल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ यो वर्ष रु.५ करोड २३ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ लाख ६३ हजार फर्स्यौट भई रु.५ करोड २२ लाख २२ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरमा आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशको आर्थिक स्थायित्व र मूल्यस्थिरता,
- सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुली,
- प्रदेश राजस्व,
- प्रदेश सार्वजनिक खर्च र स्थानीय तह अनुदान,
- सङ्घीय नीति अनुरुप सहवित्तीयकरण,
- प्रदेश आर्थिक कार्यविधि,
- प्रदेश विनियोजन ऐन, बजेट र आर्थिक अनुशासन,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
- प्रदेश पूरक अनुमान तथा पेस्की खर्च र प्रदेश आकस्मिक कोष।

१. **लेखापरीक्षण अङ्क** – मन्त्रालय र मातहतका समेत ११ सरकारी कार्यालयको निम्नानुसार रु.१० अर्ब ४१ करोड ८९ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
२०११०३२	८३८०६३७	५७४६	२१५०९	१०४१८९२४

नोटः उल्लिखित लेखापरीक्षण अङ्कमा स्थानीय तहलाई भएको वित्तीय हस्तान्तरण तर्फको रु.१ अर्ब ९१ करोड ७८ लाख ६९ हजार समेत समावेश छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	७३१९३	७४२३७	३३७०५	४५.४०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१३५३	१३५३	१४७	१०.७९
२२१०० सेवा महसुल	४६७७	५०८४	२७०३	५३.१४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१४५३७	१४७८१	९१४५	६१.८६

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवाहरू	१२०७१	११७७१	८६८७	७३.८०
२२४०० सेवा तथा परामर्श खर्च	१०३२८	९८२८	९१२६	९२.८५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	५६२२३५	४५५२०	८३३३	१८.३०
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१२१६२	१२७२२	८२२०	६४.६१
२२७०० विविध खर्च	४९८४	५१८४	३७०३	७१.४३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	६४६६	६४६६	४९१९	७६.०७
२८९०० भैपरी आउने चालु खर्च	३०००	११००	०	००.००
चालु खर्च जम्मा	**७०५००६**	**१८८०४६**	**८८६९३**	**४७.१६**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	२५००	२५००	०	००.००
३११२० सवारी साधन तथा मेशिनरी	७४८०	७७७०	३४८४	४४.८३
३११३० अन्य पुँजीगत खर्च	१०००	१०००	०	००.००
३११६० निर्मित संरचनाको सुधार खर्च	२५००	२५००	९८७	३९.४८
३१५१० भैपरी आउने पुँजीगत	१०००	७१०	०	००.००
पुँजीगत खर्च जम्मा	**१४४८०**	**१४४८०**	**४४७१**	**३०.८७**
कुल खर्च	**७१९४८६**	**२०२५२६**	**९३१६४**	**४५.९९**

उल्लिखित विवरणअनुसार चालुतर्फ ४७.१६ प्रतिशत, पुँजीगततर्फ ३०.८७ प्रतिशत र समग्रमा ४५.९९ प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहका निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** – प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये आन्तरिक आय वृद्धिका सम्भावना अध्ययन गरी राजस्व परिचालनको कार्ययोजना कार्यान्वयन गर्ने, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न एकीकृत आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने, प्रदेश गौरव तथा रणनीतिक महत्व र रुपान्तरणकारी आयोजनाको मापदण्ड निर्धारण गरी आयोजना बैङ्कमा सूचीकृत गर्ने, प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाउन विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् विद्युतीय अनुगमन प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याउने लगायतका बेहोरा कार्यान्वयन भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रममा समाबेश भएका बेहोरा कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** – प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा उल्लिखित बेहोरामध्ये प्रदेश राजधानीको गुरुयोजना निर्माण गर्ने, प्रदेश सरकारको पूर्वाधारमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत

परिचालन गर्न नगर विकास कोषमा प्रदेश सरकारको सेयर स्वामित्व कायम गर्ने, संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा ल्याउने, स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्न बृहत लगानी तथा विकास सम्मेलन आयोजना गर्ने, सहभागितामूलक योजना छनोट प्रणालीको विकास गरी आयोजना छनोट र प्राथमिकीकरणलाई नियमित कार्यप्रणालीमा आवद्ध गर्ने, राजस्व नीतिको तर्जुमा र कार्यान्वयन गर्ने, उच्च तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी कार्यसम्पादन मूल्याङ्कन गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्। बजेटमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालयले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौंट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालयमा यो वर्ष रु.२० करोड २५ लाख बजेट विनियोजन भएकोमा रु.९ करोड ३१ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ४५.९२ प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा मन्त्रालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

८. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को नियम ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **आवधिक योजना कार्यान्वयनको अवस्था** - प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" भन्ने दीर्घकालीन सोचसहित प्रथम पञ्चवर्षीय योजना (२०७८।७९-२०८२।८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। आवधिक योजनाले तय गरेका वार्षिक लक्ष्यको समीक्षा नगरिएकाले आवधिक योजनाले २०८२।८३ सम्म निर्धारण गरेका आत्मनिर्भरता सम्बन्धी २२ र समृद्धि सम्बन्धी २० सूचकहरूको मूल्याङ्कन गरिएको देखिएन। प्रत्येक वर्ष आवधिक योजनाले तय गरेका लक्ष्यहरूको समीक्षा गरी सोहीअनुसार नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नुपर्दछ।

१०. **बजेट खर्च** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १३ मा राजस्व र व्ययको अनुमान तयार गर्ने तथा दफा २१ मा स्वीकृत बजेट लक्ष्य अनुसार खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार २०८०।८१ को बजेट विनियोजन र खर्चको अवस्था निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
१	चालु खर्च	११९४३५७२	११९५८१२१	७९४८९५०	६६.४७
२	पुँजीगत खर्च	१७०२२३६०	१७०२८५१९	१०५६४६२७	६२.०४
३	वित्तीय व्यवस्था	३०००००	३०००००	०	०.००
	जम्मा	**२९२६५९३२**	**२९२८६६४०**	**१८५१३५७७**	**६३.२१**

उल्लिखित विवरणअनुसार यो वर्ष प्रदेश अन्तर्गतका निकायको लागि सुरु बजेट विनियोजन रु.२९ अर्ब २६ करोड ५९ लाख भएकोमा रु.२ करोड ७ लाख रकमान्तरबाट थप भई रु.२९ अर्ब २८ करोड ६६ लाख बजेट कायम भएको छ। विनियोजित बजेटमध्ये चालुतर्फ रु.७ अर्ब ९४ करोड ९० लाख (६६.४७ प्रतिशत) र पुँजीगत तर्फ रु.१० अर्ब ५६ करोड ४६ लाख (६२.०४ प्रतिशत) समेत रु.१८ अर्ब ५१ करोड ३६ लाख (६३.२१ प्रतिशत) खर्च भएको छ। कार्यक्रम कार्यान्वयन दक्षता अभिवृद्धि हुनुपर्दछ।

११. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च र २०८०।८१ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार रहेको छः

(रु.लाखमा)

स्रोत	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१		गत वर्षको तुलानामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	९७८६३	१०६८६२	१४४३७६	९४७७०	(११.३२)
प्रदेश सरकार	११०९१०	१३३७६९	१४८४९०	९०३६५	(३२.४५)
जम्मा	**२०८७७३**	**२४०६३१**	**२९२८६६**	**१८५१३५**	**(२३.०६)**

उल्लिखित विवरणअनुसार यो वर्ष कुल खर्च रु.१८ अर्ब ५१ करोड ३५ लाखमध्ये नेपाल सरकारको स्रोतबाट रु.९ अर्ब ४७ करोड ७० लाख (५१.१९ प्रतिशत) र प्रदेश सरकारको स्रोतबाट रु.९ अर्ब ३ करोड ६५ लाख (४८.८१ प्रतिशत) खर्च भएको छ। गत वर्षको तुलनामा बजेट खर्च २३.०६ प्रतिशतले घटेको देखियो। कार्यक्रम कार्यान्वयन गर्ने क्षमता सुदृढ गर्दै बजेट कार्यान्वयनमा अपेक्षित प्रगति हासिल हुनुपर्दछ।

१२. **बजेट खर्चको प्रवृति** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३४ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रदेशको विगत ६ वर्षको विनियोजन र वास्तविक खर्चको विवरण निम्नानुसार रहेको छ।

(रु.हजारमा)

आर्थिक वर्ष	आय व्यय अनुमान	वास्तविक आय	वास्तविक व्यय	बचत	खर्च प्रतिशत
२०७५।७६	२५०६५६१४	२२११६४३१	१४१६३३९१	६१०५७५२	५६.५
२०७६।७७	२८१६२०३५	२५६८९४७४	१७६११९८८	७५७६०७२	६२.५३
२०७७।७८	३४६४४९९९	३१४६८५०६	२२९६८२७४	६१४०५५४	६६.२९
२०७८।७९	३१४७५६९०	३०७६५८७०	२०८७७३५९	७४६७२५६	६६.३३
२०७९।८०	३६८३३८६४	२११५६०३०	२४०६३०९५	४५६०१९०	६५.३२
२०८०।८१	२९२६५९३२	१८३००७११	१८५१३५७७	७५५७४७३	६३.२५
औसत	**३०९०८०२२**	**२४९१६१७०**	**१९६९९६१४**	**६५६७८८३**	**६३.७४**

विगत ६ वर्षमा औसतमा वार्षिक ६३.७४ प्रतिशत बजेट खर्च भएको छ। आर्थिक वर्ष २०७८।७९ मा ६६.३३ प्रतिशत बजेट खर्च भएकोमा पछिल्ला वर्षहरूमा विनियोजनको तुलनामा खर्चको प्रतिशत घट्दै गएको देखिन्छ। कार्यक्रम कार्यान्वयन दक्षतामा सुधार गर्नुपर्दछ।

१३. **रकमान्तर** – प्रदेश विनियोजन ऐन, २०८० को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन भएको रकममध्ये बचत हुने र नपुग हुने शीर्षकमा १० प्रतिशतमा नबढ्ने गरी एक वा बढी अनुदान संख्यामा रकम सार्न सकिने व्यवस्था छ। यो वर्ष रु.२९ अर्ब २६ करोड ५९ लाख ३२ हजार सुरु बजेट विनियोजन भएकोमा कुल रु.४ अर्ब १३ करोड ५ लाख ७३ हजार थप र रु.४ अर्ब १० करोड ९८ लाख ६५ हजार घट तथा सङ्घीय बजेटबाट थप भई अन्तिम बजेट रु.२९ अर्ब २८ करोड ६६ लाख ४० हजार कायम भएको छ। कुल विनियोजित बजेटको १४.१० प्रतिशत रकमान्तरबाट थप र १४.०४ प्रतिशत घटाएको छ। विनियोजन ऐनले तोकेको सीमा भित्र रही बजेट परिचालन हुनुपर्दछ।

१४. **थप बजेट** – प्रदेश विनियोजन ऐन, २०८० को दफा २ तथा अनुसूची १ र अनुसूची २ अनुसार २०८०।८१ को निमित्त प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रु.२६ लाख ९२ हजार र प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रु.२९ अर्ब २६ करोड ३२ लाखसमेत कुल रु.२९ अर्ब २६ करोड ५९ लाख विनियोजन भएकोमा रु.२ करोड ७ लाख थप भई रु.२९ अर्ब २८ करोड ६६ लाख कायम भएको छ। सुरु विनियोजित बजेट रकममा रु.२ करोड ७ लाख थप गरी अन्तिम बजेट कायम भएको छ। मन्त्रालयले सङ्घीय सशर्त अनुदान तर्फको रकम थप भई आएकोले बजेट वृद्धि हुन गएको जानकारी दिएको छ। विनियोजन ऐनको सीमामा रही बजेट परिचालन हुनुपर्दछ।

१५. **त्रैमासिक खर्च** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३४ मा बजेट तथा कार्यक्रमको त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष रु.१८ अर्ब ५१ करोड ३५ लाख निकासा खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ अर्ब ९० करोड १९ लाख, दोस्रो त्रैमासिकमा रु.२ अर्ब ६९ करोड ४६ लाख, तेस्रो त्रैमासिकमा रु.४ अर्ब ५३ करोड ५३ लाख र चौथो त्रैमासिकमा रु.९ अर्ब ३८ करोड १७ लाख खर्च गरेको छ। चौथो त्रैमासिकमा कुल खर्चको ५०.६७ प्रतिशत तथा

पुँजीगत खर्चको ५५.३७ प्रतिशत र आषाढ महिनामा ३३ प्रतिशत खर्च भएको छ। नगद प्रवाह सन्तुलित हुने गरी खर्च व्यवस्थापन हुनुपर्दछ।

१६. **बजेट समर्पण** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २३ मा प्रदेश विनियोजन ऐनमा समावेश भई तेस्रो त्रैमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम बैशाख पन्ध्रभित्र आर्थिक मामिला मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। बैशाख पन्ध्र भित्र समर्पण नभएको अवस्थामा आर्थिक मामिला मन्त्रालयबाट सर्मपणको लागि लेखी आएमा लेखाउत्तरदायी अधिकृतले ७ दिन भित्र त्यस्तो रकम समर्पण गरी आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष ५६ निकायले रु.६७ करोड २६ लाख ९५ हजार बजेट समर्पण गरेकोमा २७ निकायबाट रु.५१ करोड ८२ लाख १५ हजार जेष्ठ ३० गते समर्पण गराएको छ। ढिलो गरी बजेट समर्पण गर्दा अन्यत्र उपयोग नहुने भएकोले कानुनमा तोकिएको समयभित्रै बजेट समर्पण गर्नु गराउनुपर्दछ।

१७. **बजेट सीमा र तर्जुमा** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ८ मा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा योजना आयोगले दिएको बजेट सीमाको अधीनमा रही विषयगत मन्त्रालयले बजेट प्रस्ताव गर्नुपर्ने तथा दफा १० मा प्रस्तावित बजेट मूल्याङ्कन र विश्लेषण गरी विनियोजन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश नीति तथा योजना आयोगबाट मन्त्रालयहरूलाई प्राप्त बजेट सीमा र विनियोजित बजेट रकमको तुलना गर्दा निर्धारित सीमाभन्दा प्रदेश सभा सचिवालयमा १२ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा १३ प्रतिशत, आर्थिक मामिला मन्त्रालयमा २०० प्रतिशत, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमा २१ प्रतिशत, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा २ प्रतिशत, आन्तरिक मामिला मन्त्रालयमा १ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयमा ३६ प्रतिशत र सामाजिक विकास मन्त्रालयमा २६ प्रतिशत बढी बजेट विनियोजन भएको देखियो। आयोगले उपलव्ध गराएको सीमा भन्दा समष्टिमा १९ प्रतिशत बढी बजेट विनियोजन भएको छ। नीति तथा योजना आयोगले दिएको बजेट सीमाको अधिनमा रही बजेट परिचालन हुनुपर्दछ।

१८. **अर्थ विविध** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १० मा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारण सहित पुष्ट्याई गर्ने आवश्यक नीति, कानुन, सम्झौतामा उल्लिखित विवरण, खर्च मापदण्ड तथा सामाजिक कार्यक्रमको लागि संगठनको उद्देश्य अनुरुप प्रदेशको प्राथमिकता, लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरण समेत पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्पष्ट प्रयोजन, लक्ष्य तथा अपेक्षित प्रतिफल समेत नतोकिएको अर्थ विविध शीर्षक अन्तर्गत रु.१ अर्ब ५७ करोड ४७ लाख सुरु बजेट विनियोजन भएकोमा रु.२ अर्ब १३ करोड १४ लाख बजेट कायम भएको छ। आर्थिक वर्षको तेस्रो त्रैमासिकमा रु.४ करोड २ लाख २० हजार र अन्तिम त्रैमासिकमा रु.७ करोड ५७ लाख ८१ हजारसमेत कुल रु.११ करोड ६० लाख २ हजार निकासा गरी खर्च गरेकोमा रु.२ अर्ब १ करोड ५४ लाख अर्थात कुल विनियोजित बजेटको ९४.५५ प्रतिशत रकम खर्च भएको छैन।

१९. **अन्तर सरकारी अख्तियारी** – प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत सञ्चालन गर्न आवश्यक देखिएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत

मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउनु पर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको रु.४ करोड ५५ लाखबाट जिल्ला प्रहरी कार्यालय बझाङ र बाजुरालाई रु.१ करोड ९४ लाख ६७ हजार, सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय कैलालीलाई रु.४९ लाख ५ हजार र जल तथा मौसम विज्ञान विभाग, महाकालीलाई रु.७८ लाख २० हजार समेत रु.३ करोड २१ लाख ९२ हजार निकासा दिएकोमा ऐनको प्रावधान बमोजिम नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिएको देखिएन। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको रकम कानुनी प्रक्रिया पुरा गरी खर्च गर्नुपर्दछ।

२०. **जिल्लागत बजेट** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १० मा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारण प्राथमिकता, लक्ष्य तथा प्राप्त हुने प्रतिफल सहितको पुष्ट्याई पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेशको विगत २ वर्षको जिल्लागत बजेट विनियोजन र खर्चको विश्लेषण गर्दा औसतमा सबैभन्दा बढी कैलाली जिल्लामा ४३ प्रतिशत बजेट विनियोजन भई ३२ प्रतिशत खर्च भएको र बाजुरा र दार्चुला जिल्लाको लागि क्रमशः ३/३ प्रतिशत बजेट विनियोजन भई क्रमशः ४ र ५ प्रतिशत खर्च भएको देखियो।

क्र. सं.	जिल्लाको नाम	२०७९।८० रू हजारमा			खर्च प्रतिशत	२०८०।८१ रू हजारमा			खर्च प्रतिशत
		विनियोजन	विनियोजन प्रतिशत	खर्च		विनियोजन	विनियोजन प्रतिशत	खर्च	
१	कैलाली	१५७८०८५१	४३	७०४३२००	२९	१२५९२८२४	४३	५८३८४७१	३२
२	कन्चनपुर	३६४३१९२	१०	२६३६२७६	११	२४२८०२२	८	१७०४९१६	९
३	बैतडी	३१७३९७४	९	२५५३४०३	११	२५४४९८६	९	२०९४३८०	११
४	दार्चुला	१४७६१९८	४	१२८२०२३	५	९९८३९४	३	८७५६०४	५
५	बझाङ	२१२५९१५	६	१७७१७७७	७	१६५४४६३	६	१३४१००९	७
६	बाजुरा	११२२१९८	३	९१७८९५	४	१००२९१६	३	८१५७८८	४
७	अछाम	२५९०४४९	७	२२९२७१२	१०	२०२९१९२	७	१७०१८२८	९
८	डडेल्धुरा	३१४५८८०	९	२४८७५२७	१०	२२३०१३६	८	१९४८०५३	११
९	डोटी	३७७५२०७	१०	३०७८२८२	१३	३८०५७०७	१३	२१९३५२९	१२
जम्मा		**३६८३३८६४**	**१००**	**२४०६३०९५**		**२९२८६६४०**	**१००**	**१८५१३५७८**	**१००**

२१. **राजस्व प्रक्षेपण तथा असुली** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १३ मा आर्थिक मामिला मन्त्रालयले राजस्व र व्ययको अनुमान गर्दा आधार लिनुपर्ने विषय उल्लेख छ। यो वर्ष कर तथा अन्य राजस्व रु.१३ अर्ब ३३ करोड ३८ लाख प्राप्त हुने अनुमान गरिएकोमा प्रदेश सञ्चित कोषको वित्तीय विवरणअनुसार रु.८ अर्ब ६५ करोड ११ लाख (६४.८८ प्रतिशत) प्राप्त भएको छ। प्राप्त रकममध्ये राजस्व बाँडफाँट मार्फत नेपाल सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रु.७ अर्ब ३६ करोड ४७ लाख (८५.१३ प्रतिशत) रहेको छ। अनुमान भन्दा न्यून असुलीको सम्बन्धमा समीक्षा गरी सुधारका उपाय अवलम्बन गर्नुपर्दछ।

२२. **नदीजन्य पदार्थको रोयल्टी** – प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको नदीजन्य पदार्थ तथा दहत्तर बहत्तर बिक्री गर्नसक्ने र सो बिक्रीवापत प्राप्त रकम विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको स्लेट, ढुङ्गा, गिट्टी,

बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्नसक्ने र सो बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोले उल्लिखित नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त आयको दाखिला सम्बन्धमा भएको कानुनी व्यवस्थामा सामञ्जस्यता देखिएन। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष ६ स्थानीय तहले रु.८३ लाख ९५ हजार प्रदेश सञ्चित कोषमा दाखिला गरेतापनि अन्य स्थानीय तहले सङ्कलन गरेको नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकम प्रदेश ऐन अनुरुप बाँडफाँट गरी प्रदेश सञ्चितकोषमा पठाएका छैनन्। कानुनी व्यवस्थामा सामञ्जस्यता ल्याउनुपर्दछ।

२३. **विज्ञापन कर** – प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर सम्बन्धित स्थानीय तहले उठाउने र सोको ४० प्रतिशत रकम मासिकरुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष देहायका ६ स्थानीय तहले रु.१२ लाख ९१ हजार विज्ञापन कर बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला गरेको छ। अन्य स्थानीय तहहरूले सङ्कलन गरेको विज्ञापन कर आर्थिक ऐनबमोजिम प्रदेश सञ्चित कोषमा दाखिला भएको सुनिश्चत हुनुपर्दछ।

(रु.हजारमा)

क्र.सं.	पालिकाको नाम	रकम
१	दिपायल सिलगढी नगरपालिका	४६
२	वर्दगोरिया नगरपालिका	३५
३	वडिमालिका नगरपालिका	८
४	गौरीगंगा नगरपालिका	५९
५	वेदकोट नगरपालिका	६९
६	धनगढी उप-महानगरपालिका	१०७४
	जम्मा	**१२९१**

२४. **मनोरञ्जन कर** – प्रदेश आर्थिक ऐन, २०८० को दफा ४ मा प्रदेश भित्र सञ्चालित चलचित्र घर, खेलकुद प्रतियोगिता, फन पार्क, स्वीमिङ् पुल, डिजिटल टेलिभिजन, सांस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थिएटर र मेला महोत्सव लगायत मनोरञ्जन स्थल र क्रियाकलापमा मनोरञ्जन कर स्थानीय तहले सङ्कलन गर्ने र सोको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष धनगढी उपमहानगरपालिकाले रु.८९ हजार र भजनी नगरपालिकाले रु.६ हजार समेत रु.९५ हजार मनोरञ्जन करवापतको रकम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला गरेको छ। स्थानीय तहहरूले सङ्कलन गरेको मनोरञ्जन कर तोकिएबमोजिम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला भएको सुनिश्चित हुनुपर्दछ।

२५. **कर व्यवस्थापन** – प्रदेश आर्थिक ऐन, २०८० को दफा ३ (७) मा टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा र पावर ट्रिलरमा सवारी साधन कर सम्बन्धित स्थानीय तहले उठाई सोको ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० संशोधन (२०८१।८।२० मा) गरी तीनपाङ्ग्रे सवारी साधनको हकमा स्थानीय तहले कानुन बनाई तीनपाङ्ग्रे सवारी साधनको दर्ता, नवीकरण, मार्ग ईजाजतपत्र, लगत कट्टा लगायतका कार्य स्थानीय तहले गर्नुपर्ने र कानुन बनाई नसकेका स्थानीय तहको हकमा उक्त कार्य प्रदेश सरकारको कार्यालयले गर्ने र यस्ता कार्य गर्दा लाग्ने कर दस्तुर प्रदेश सरकारले तोकेबमोजिम हुने व्यवस्था छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर स्थानीय तहले उठाई सो बाहेकका सवारी साधन कर मात्र प्रदेशसँग बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। प्रदेश आर्थिक ऐन,२०८० को अनुसूची २ को खण्ड क(१०) मा ई रिक्सा तथा अटो रिक्साको वार्षिक सवारी साधन कर क्रमशः दुई सय रुपैयाँ र एक हजार रुपैयाँ तथा नवीकरण शुल्क क्रमश पचास रुपैयाँ र दुई सय रुपैयाँ तोकी उठाएको देखियो।

यो वर्ष टाँगा र रिक्सामा सङ्कलन गरेको करको छुट्टै अभिलेख नराखेतापनि यातायात व्यवस्था कार्यालय कैलाली र कन्चनपुरबाट प्राप्त भएको ९ हजार ७६८ रिक्साको विवरणअनुसार न्यूनतम रु.१ करोड १७ लाख २१ हजार उठ्नुपर्ने देखिन्छ। प्रदेश आर्थिक ऐन अनुसार सङ्कलित राजस्वको ६० प्रतिशत स्थानीय तहलाई पठाउन पर्नेमा अन्य सवारी साधन कर सरह ४० प्रतिशत मात्रै स्थानीय तहलाई पठाएको देखियो। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार रिक्सामा लगाइएको सवारी साधन कर प्रदेशसँग बाँडफाँट गर्नुपर्ने व्यवस्था नरहेकोमा प्रदेश आर्थिक ऐनमा बाँडफाँट गर्नुपर्ने गरी भएको व्यवस्थाबीच सामाञ्जस्यता देखिएन। प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० लाई संशोधन गरी प्रदेशको कार्यक्षेत्र विस्तार गरेको कार्य प्रदेशकै आर्थिक ऐन, २०८१ सँग मिलेको देखिएन। सङ्घीय कानुन र प्रदेश कानुनबीच सामाञ्जस्यता कायम गर्नुपर्दछ।

२६. **बहुवर्षीय आयोजना** – प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को बुँदा न ६ मा प्रदेश नीति तथा योजना आयोगबाट बहुवर्षीय आयोजनाको लागि आर्थिक मामिला मन्त्रालयले प्रदेश सरकारको वित्तीय अवस्था र सम्भाव्य स्रोतको उपलव्धता समेतको आधारमा स्रोत सहमति प्रदान गर्ने र बुँदा नं. ७ मा बहुवर्षीय ठेक्काको अनुगमन आर्थिक मामिला मन्त्रालयले समेत गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०८०।८१ सम्म भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत ९०, सामाजिक विकास मन्त्रालय मातहत ८ र आन्तरिक मामिला तथा कानुन मन्त्रालय अन्तर्गत २ समेत १०० बहुवर्षीय आयोजना स्वीकृत गरी रु.११ अर्ब २ करोड ७९ लाखको स्रोत सहमति दिएको छ। मन्त्रालयले आर्थिक वर्षगत रुपमा स्रोत सहमति दिइएका बहुवर्षीय योजनाको अद्यावधिक विवरण राखेको छैन। बहुवर्षीय आयोजना तोकिएको समयमा पुरा हुनुपर्दछ।

२७. **मध्यमकालीन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६(१) मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। मध्यमकालीन खर्च संरचना बमोजिम २०८०।८१ का लागि रु.४० अर्ब ४१ करोड ११ लाख प्रक्षेपण गरेकोमा रु.२९ अर्ब २८ करोड ६६ लाख अर्थात् प्रक्षेपणभन्दा २७.५३ प्रतिशत घटी बजेट कायम भएकोमा रु.१८ अर्ब ५१ करोड ३६ लाख अर्थात् प्रक्षेपणभन्दा ५४.१९ प्रतिशत घटी खर्च भएको देखियो। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट कार्यक्रमबीच सामामञ्जस्यता कायम गरी आवधिक योजनामा तोकिएको लक्ष्य हासिल हुने गरी नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनु गर्नुपर्दछ।

२८. **खर्च प्रतिबद्धता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १२ मा आर्थिक मामिला मन्त्रालयले प्रचलित कानुन बमोजिम सृजित दायित्वको अभिलेख राख्नुपर्ने र पूर्व स्वीकृति नलिई कार्यालयले बहुवर्षीय दायित्व सृजना हुने गरी खर्चको प्रतिबद्धता जनाउन नहुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार भौतिक पूर्वाधार विकास

मन्त्रालयका ७६७ समेत ६ मन्त्रालय अन्तर्गत सम्झौता भएका ९३० ठेक्कामा कुल रु.२७ अर्ब ५६ करोड २० लाखको सम्झौता भएकोमा २०८०।८१ को अन्त्यसम्म ती ठेक्कामा सम्झौता अनुसारको रु.१३ अर्ब ४० करोड ६४ लाखको कार्य हुन बाँकी रहेको छ। उक्त रकम यो वर्षको पुँजीगत खर्चको १२७ प्रतिशत हुने देखिन्छ। सम्झौता भएका ठेक्काको कार्य निर्धारित अवधिभित्र सम्पन्न नहुने, वर्षेनी म्याद थप हुदै जाने र आगामी वर्ष नयाँ कार्यक्रम बनाई पुरानो अधुरो योजनामा रकम पर्याप्त रकम विनियोजन नगर्ने प्रवृत्तिले अधुरा ठेक्का संख्या वर्षेनी बढ्दै गएको देखिन्छ। प्रत्येक वर्ष सम्झौता भएका कार्यको लागि पर्याप्त बजेट विनियोजन नहुनाले प्रतिबद्धता रकम थपिदै गएको छ।

२९. **सङ्घीय अनुदान** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार २०८०।८१ मा प्रदेश सरकारलाई सङ्घीय सरकारबाट प्राप्त अनुदानको प्राप्ति, खर्च र फिर्ताको स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

खर्च शीर्षक	बजेट अनुमान	प्राप्ति	फिर्ता	यथार्थ प्राप्ति
समानीकरण अनुदान	७४५५२६३	६३१४३९२	०.००	६३१४३९२
सशर्त अनुदान	४५११६००	२८४९८१४	३१४६३२	२५३५१८१
विशेष अनुदान	६२००००	४६५०००	२८३८७३	१८११२६
समपुरक अनुदान	७७०००००	६१८८५२	०.००	६१८८५२
जम्मा	**१३३५६८६३**	**१०२४८०५८**	**५९८५०५**	**९६४९५५३**

नेपाल सरकारबाट प्राप्त हुने अनुदान रु.१३ अर्ब ३५ करोड ६९ लाख बजेट अनुमान भएकोमा रु.१० अर्ब २४ करोड ८० लाख (७६.७३ प्रतिशत) प्राप्त भएको र सो मध्ये समानिकरण अनुदान समेत रु.९ अर्ब ४७ करोड ७० लाख (९२.४८ प्रतिशत) खर्च भएको छ। सशर्त, विशेष र समपुरक अनुदानको रुपमा प्राप्त भएको अनुदान मध्ये रु.५९ करोड ८५ लाख खर्च नभई सङ्घीय सञ्चित कोषमा फिर्ता भएको छ। कार्यसम्पादनमा सुधार गर्न दक्षता अभिवृद्धि गर्नुपर्दछ।

३०. **स्थानीय तहमा वित्तीय हस्तान्तरण** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार २०८०।८१ मा प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने अनुदान निम्नानुसार रु.२ अर्ब ३४ करोड ७६ लाख बजेट अनुमान भएकोमा रु.१ अर्ब ९१ करोड ७९ लाख (८१.७० प्रतिशत) हस्तान्तरण भई खर्च भएको छ।

(रु.हजारमा)

खर्च शीर्षक	बजेट अनुमान	हस्तान्तरण	फरक(न्यून हस्तान्तरण)	हस्तान्तरण प्रतिशत
समानीकरण अनुदान	८०६१३५	८०६१३५	०	१००.००
सशर्त अनुदान	४९४३५०	४३८३०६	५६०४३	८८.६६
विशेष अनुदान	४०८१००	३३७९६७	७०१३२	८२.८१
समपुरक अनुदान	६३८९८५	३३५४५९	३०३५२५	५२.५०
जम्मा	**२३४७५७०**	**१९१७८६८**	**४२९७०१**	**८१.७०**

प्रदेश लेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरणमा प्रदेशबाट स्थानीय तहलाई हस्तान्तरण भएकोमध्ये खर्च नभई फिर्ता भएको रकम घटाई खुद खर्च रकमलाई निकासा तथा हस्तान्तरणको रुपमा लेखाङ्कन गरेको छ। मन्त्रालयले स्थानीय तहलाई दिएको निकासा, स्थानीय तहले गरेको खर्च र बाँकी रहेको रकम तथा स्थानीय तहबाट प्रदेशमा फिर्ता भएको रकम देखिने अभिलेख राखेको छैन। वित्तीय हस्तान्तरणको अभिलेख व्यवस्थित हुनुपर्दछ।

३१. **जनशक्ति व्यवस्थापन** – प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा प्रदेश सरकारको विद्यमान संङ्गठन संरचनालाई समयानुकुल बनाउन विस्तृत संङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने उल्लेख छ। प्रदेशमा प्रदेश लेखा एकाइ कार्यालय ८ जिल्लामा रहेकोमा कन्चनपुर, डडेल्धुरा र डोटीमा ३ अधिकृत सहित २१ अस्थायी दरवन्दी स्वीकृत भई अन्य ५ प्रदेश लेखा एकाई कार्यालयमा कुनै पदको दरवन्दीको व्यवस्था गरिएको छैन। कार्य सम्पादनमा प्रभावकारिता आउने गरी दरवन्दी व्यवस्थापनमा पुनरावलोकन हुनुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

३२. **प्रदेश सञ्चित कोष** - प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार २०८०।८१ को प्रदेश सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत वर्षको रकम		यो वर्षको रकम	
		रकम	जम्मा रकम	रकम	जम्मा रकम
	प्राप्ति				
१	वर्षको सुरु मौज्दात जिम्मेवारी		७४६७२५६		४५६०१९१
२	राजस्व तथा अनुदान		९२०८८७९		
२.१	कर राजस्व	८७९२६३४		८१६६१०४	८५३८६८७
२.२	अन्य राजस्व	४१६२४५		३७२५८३	
३	अनुदान		१४३३९७११		१०२४८०५८
३.१	समानिकरण अनुदान	७८८१५६३		६३१४३९२	
३.२	समपुरक अनुदान	७६५०००		६१८८५२	
३.३	सशर्त अनुदान	४८९५३४८		२८४९८१४	
३.४	विशेष अनुदान	७९७८००		४६५०००	
४	बेरुजु तथा अन्य प्राप्ति		१७२८५९		११२४७३
६	अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम		-२५६५४१९		-५९८५०७
	जम्मा प्राप्ति		**२८६२३२८६**		**२२८६०९०२**
	भुक्तानी				
१.१	सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च	२०५३		२४५६	
१.२	विनियोजन ऐनद्वारा भएको खर्च चालु	८२४६५२६		७९४६४९४	
१.३	विनियोजन ऐनद्वारा भएको खर्च पुँजीगत	१५८१४५१६		१०५६४६२७	
	जम्मा भुक्तानी	**०**	**२४०६३०९५**		**१८५१३५७८**
	सञ्चित कोष मौज्दात	**०**	**४५६०१९१**		**४३४७३२४**

यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३२.१. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १२१ मा प्रदेश सञ्चित कोषको हिसाव राख्ने तथा राख्न लगाउने काम प्रदेश लेखा नियन्त्रक कार्यालयलाई तोकिएको छ। प्रदेश सरकारले यो वर्षको सञ्चित कोष हिसावको आयतर्फ गत वर्षको बचतसमेत रु.२२ अर्ब ८६ करोड ९ लाखमध्ये रु.१८ अर्ब ५१ करोड ३५ लाख खर्च भई रु.४ अर्ब ३४ करोड ७३ लाख २४ हजार सञ्चित कोषमा मौज्दात रहेको छ।

३२.२. प्रदेश सरकारको कुल बजेट खर्च रु.१८ अर्ब ५१ करोड ३५ लाख भएकोमध्ये चालुतर्फ रु.७ अर्ब ९४ करोड ९० लाख (४३ प्रतिशत) र पुँजीगततर्फ रु.१० अर्ब ५६ करोड ४६ लाख (५७ प्रतिशत) रहेको छ। पुँजीगततर्फ विनियोजित रकम रु.१७ अर्ब २ करोड ५४ लाख (६२ प्रतिशत) खर्च भएको देखियो। विनियोजन अनुरुप खर्चको स्थिति कमजोर रहेको छ।

३२.३. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखा राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत भएको लेखाको ढाँचा र आर्थिक संकेत तथा वर्गीकरण लागु गर्नुपर्ने व्यवस्था छ। प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरणअनुसार कर तथा अन्य राजस्व रु.८ अर्ब ६५ करोड ११ लाख असुल भएको छ। सङ्कलित राजस्व रकममध्ये लगती तथा हसवली राजस्व यकिन नगरेकोले तोकिएबमोजिम लेखा अद्यावधिक गर्नुपर्दछ।

३२.४. यो वर्ष प्रदेश सरकारबाट संङ्कलित राजस्व रकम रु.९ अर्ब ६५ करोड १० लाखमध्ये प्रदेश विभाज्य कोषमा रु.७९ करोड २३ लाख ८५ हजार जम्मा भएको छ। प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये वन क्षेत्रको रोयल्टी रु.९ करोड २६ लाख ११ हजार सङ्घीय सञ्चित कोषमा र सवारी साधन कर रु.६९ करोड ९७ लाख ७४ हजार मध्ये स्थानीय सञ्चित कोषमा रु.२७ करोड २१ लाख ८० हजार र प्रदेश सञ्चित कोषमा रु.४० करोड ८२ लाख ७० हजार हस्तान्तरण गरेको छ। बाँडफाँट नभई प्रदेश विभाज्य कोषमा बाँकी रहेको सवारी साधन कर रु.१ करोड ९३ लाख २४ हजार वर्षान्तसम्म बाँडफाँट गरेको छैन।

३२.५. प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार यो वर्ष राजस्व प्राप्ति रु.८ अर्ब ६५ करोड ११ लाख रहेकोमा राजस्व सूचना व्यवस्थापन प्रणालीमा रु.९ अर्ब २८ करोड १० लाख देखिन्छ। आर्थिक वर्ष २०७९।८० को राजस्व यो वर्ष प्राप्त भएको रु.६२ करोड ९९ लाख ५६ हजार घटाउँदा यो वर्ष खुद राजस्व रु.८ अर्ब ६५ करोड ११ लाख हुने देखिन्छ। सम्बन्धित आर्थिक वर्षको राजस्व सोही वर्षमा प्रतिवेदन गर्नुपर्दछ।

३३. **आन्तरिक लेखापरीक्षण** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३५ मा प्रदेश सरकार अन्तर्गतका कार्यालयको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले त्रैमासिक रुपमा गर्नुपर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रत्येक कार्यालयको त्रैमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी आर्थिक वर्ष समाप्ति पश्चात एक पटक आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन जारी गरेको छ। प्रदेश अन्तर्गतका ९ जिल्लास्थित कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने बेरुजु रु.३ करोड २१ लाख २३ हजार, नियमित गर्नुपर्ने बेरुजु रु.२० करोड ७६ लाख ७९ हजार र म्याद नाघेको पेस्की बेरुजु रु.२ करोड ३० लाख ३२ हजारसमेत रु.२६ करोड २८ लाख ३३ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म उक्त बेरुजु फर्स्यौंट भएको देखिएन। कानुनमा भएको व्यवस्था अनुसार समयमै बेरुजु फर्स्यौंट हुनुपर्दछ।

३४. **धरौटी** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १२१ मा प्रदेशको विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कोषको आवश्यकता अनुसार निरीक्षण गरी निर्देशन दिने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। एकीकृत वित्तीय विवरणअनुसार प्रदेशको २०८०।८१ मा धरौटीको अवस्था निम्नानुसार रहेको छ।

(रु.हजारमा)

जिल्ला	गत वर्षको मौज्दात	यो वर्षको आम्दानी	जम्मा आम्दानी	फिर्ता/सदरस्याहा	यो वर्षको मौज्दात
बाजुरा	४३१६५	१४७०८	५७८७३	२०१७५	३७६९८
बझाङ	९७५३१	३३७८४	१३१३१५	२९१७०	१०२१४५
डोटी	२७५०६१	४४५४५	३१९६०६	६१००६	२५८६००
अछाम	१३१२८१	५६९९१	१८८२७२	५८६६९	१२९६०३
दार्चुला	३३०१४	१७२६१	५०२७५	१९२१६	३१०५९
बैतडी	२५५०६१	६८९४१	३२४००२	७७२७६	२४६७२६
डडेल्धुरा	८८६६२७	६२१९५	९४८८२२	६६२७३	८८२५४९
कञ्चनपुर	१५१६७१	४९२२०	२००८९१	४०७५०	१६०१४१
कैलाली	३०२३८५	१३४०१३	४३६३९८	१५०५१५	२८५८८३
जम्मा	**२१७५७९६**	**४८१६५८**	**२६५७४५४**	**५२३०५०**	**२१३४४०४**

यो वर्षको अन्त्यमा रु.२ अर्ब १३ करोड ४४ लाख ४ हजार धरौटी मौज्दात रहेको छ।

३५. **कार्य सञ्चालन कोष** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १२१ मा प्रदेशको विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कोषको आवश्यकता अनुसार निरीक्षण गरी निर्देशन दिने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। एकीकृत वित्तीय विवरणअनुसार प्रदेशको २०८०।८१ मा कार्य सञ्चालन कोषको अवस्था निम्नानुसार रहेको छ।

(रु.हजारमा)

जिल्ला	गत वर्षको मौज्दात	यो वर्षको आम्दानी	जम्मा आम्दानी	खर्च	यो वर्षको मौज्दात
बाजुरा	३७९८	८१८०५	८५६०३	४१५९६	४४००७
बझाङ	४१६९	४६९४५	५१११४	४५२२७	५८८७
डोटी	४००९	९४८५	१३४९४	८२८७	५२०७
अछाम	६७८३	१७८४७	२४६३०	१८०९२	६५३८
दार्चुला	१०४१०	४८०२२	५८४३२	३८८८५	१९५४७
बैतडी	८९५५	३६४७३	४५४२८	४०४५७	४९७१
डडेल्धुरा	४०७०	१०९८१	१५०५१	१००२१	५०३०
कञ्चनपुर	३६४७९	१४३५६३	१८००४२	१५९१८७	२०८५५
कैलाली	३८३२५१	५११३६०	८९४६११	६४२९४७	२५१६६४
जम्मा	**४६१९२४**	**९०६४८१**	**१३६८४०५**	**१००४६९९**	**३६३७०६**

उल्लिखित विवरणअनुसार यो वर्षको कार्य सञ्चालन कोषको अन्तिम मौज्दात रु.३६ करोड ३७ लाख ६ हजार रहेको देखियो।

३६. **सम्पत्तिको लगत** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ७६ मा कार्यालयले खरिद वा निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसमान तथा सम्पत्तिको लेखा खरिद मूल्यको आधारमा लगत राखी एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणमा प्रदेश सभा सचिवालय लगायत १० मन्त्रालय तथा निकायको जम्मा सम्पत्ति रु.४ अर्ब ९४ करोड ४५ लाख १२ हजार देखाएकोमा भवन तथा संरचना अन्तर्गत रु.१ अर्ब १५ करोड ६४ लाखको रहेको छ। गत वर्ष रु.६ करोड १० लाख २८ हजारको जमिन समेत रहेको सम्पत्ति विवरणमा उल्लेख भएकोमा यो वर्ष

जमिनको रुपमा रहेको सम्पत्तिलाई एकीकृत वित्तीय विवरणमा देखाएको छैन। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा सुदूरपश्चिम प्रदेश अन्तर्गत रु.४ अर्ब ११ करोड ३७ लाख १० हजारको जिन्सी तथा सम्पत्ति रहेको उल्लेख छ। उल्लिखित दुई प्रतिवेदनले देखाएको विवरणमा प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.८३ करोड ८ लाख २ हजार बढी देखाएको छ। सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा सबै सम्पत्ति अभिलेखाङ्कन गरेको छैन। प्रदेश सरकार मातहतका निकायले प्रयोग गरिरहेका सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरी लगत अद्यावधिक गर्नुपर्दछ।

३७. **बेरुजु लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याईएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने, प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको प्रादेशिक लगत राखी बेरुजुको अभिलेख अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने बेहोरा उल्लेख छ। मन्त्रालय र केन्द्रीय निकायहरूले यो वर्ष उक्त बेहोरा अनुसार बेरुजुको लगत अद्यावधिक गरी राखी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको देखिएन। ऐनमा तोकिएको बेहोरा कार्यान्वयन गर्न आर्थिक मामीला मन्त्रालयको प्रभावकारी भूमिका हुनुपर्दछ।

प्रदेश स्वरोजगार विकास कोष

३८. **कोष परिचालन** – प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को प्रस्तावनामा पुँजी सीप एवम् लगानीका स्रोतको अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रमप्रतिको सम्मान गर्ने जनशक्ति निर्माण गर्न बिनाधितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र गरिबी निवारण गर्न कोषको स्थापना भएको उल्लेख छ। कोषमा रु.१ अर्ब सावाँ र रु.२ करोड २८ लाख ब्याजबाट यो वर्ष ३३ स्थानीय तहका ८५ सहकारी संस्थामार्फत २ हजार ९१६ लाई रु.३६ करोड ३८ लाख ७५ हजार कर्जा प्रवाह गरेको छ। कोषले गत वर्ष सम्मको प्रवाहित कर्जा, यो वर्षको फिर्ता भएको ऋण रकम समेतको अद्यावधिक हिसाब तयार गरेको छैन। यसरी प्रवाह भएको कर्जाबाट रोजगारी सिर्जना भएको र ऋण फिर्ता भएको सुनिश्चत गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन**- गत विगतका प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित बेहोराहरू मध्ये राजस्व चुवाहट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तर्जुमा नगरेको, बीमा तथा बीमा व्यवसायको सञ्चालन व्यवस्थापन सम्बन्ध नीति तर्जुमा नगरेको, सीमा भन्दा बढी बजेट विनियोजन गरेको, प्रदेश आर्थिक ऐन र सङ्घीय कानुन आपसमा नमिलेको लगायतका बेहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ यो वर्ष रु.३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र सिन्डिकेट तथा कार्टेलिड नियन्त्रण,
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी अध्ययन तथा अनुसन्धान,
- ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,
- नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,
- व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन,
- खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय,
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी,
- कलकारखाना र औद्योगिकीकरण सम्बन्धी,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन,
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेत २८ सरकारी कार्यालयको निम्नानुसार रु.२ अर्ब ३१ करोड ५२ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ :

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२५८४४२	१८०२७२	७७०९९९	१०५५२६	२३१५२३९

समिति र अन्य संस्था तर्फ ४ कार्यालयको रु.३ करोड ५० लाख २८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	६४८९१६	६७२२३१	४५४४६३	६७.६१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	७१३६	७१३६	५१६८	७२.४२

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	१३२६८	१३३६८	१०७१९	८०.१८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३७६६९	३८२०४	३२१२१	८४.०८
२२३०० कार्यालय सामान तथा सेवाहरू	२४०९२	२३९९२	२०७३६	८६.४३
२२४०० सेवा तथा परामर्श खर्च	४८९९९	४९७५७	४२९९४	८६.४१
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	२५२२२०	२४९७२०	१४९३२६	५९.८०
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१८७२२	१८७६०	१५९५२	८५.०३
२२७०० विविध खर्च	६३८४	६५५४	५६१७	८५.७०
२५२०० व्यवसायहरूलाई सहायता	५०१००	४७७००	४३२६३	९०.७०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१४६०२	१४७०४	१२५९८	८५.६८
२८२०० फिर्ता खर्च	०	५२७	५२७	१००.००
चालु खर्च जम्मा	**११२२१०८**	**११४२६५३**	**७९३४८८**	**६९.४४**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	८७१००	५२१००	२९८९३	५७.३८
३११२० सवारी साधन तथा मेशिनरी	१८७४०	१८७४०	१५५०३	८२.७३
३११३० अन्य पुँजीगत खर्च	३२४००	१७४००	२८९९	१६.६६
३११५० सार्वजनिक निर्माण	५५३०५७	५३८७७७	४०९१०९	७५.९३
३११६० निर्मित संरचनाको सुधार खर्च	७२४३	७२४३	७०५०	९७.३४
३११७० पुँजीगत सुधार खर्च	५००	५००	५००	१.००
पुँजीगत खर्च जम्मा	**६९९०४०**	**६३४७६०**	**४६४९५४**	**७३.२५**
कुल खर्च	**१८२११४८**	**१७७७४१३**	**१२५८४४२**	**७०.८०**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६९.४४ प्रतिशत, पुँजीगततर्फ ७३.२५ प्रतिशत र समग्रमा ७०.८० प्रतिशत खर्च भएको छ।

३. **वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्धान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहका निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिएबमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **आवधिक योजना -** प्रदेशले प्रथम पञ्चवर्षीय योजना (२०७८/७९-२०८२/८३) मा वन, जैविक विविधता र जलाधारको व्यवस्थापनलाई सुदृढ गरी हरित अर्थतन्त्रको माध्यमबाट प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने लक्ष्यसहित हरित अर्थतन्त्रको प्रवर्द्धनका लागि बहुपक्षीय सहकार्य गर्दै वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, विकास तथा वातावरणीय, आर्थिक र सामाजिक लाभ हासिल गर्ने लक्ष्य सहित रणनीति तथा कार्यनीति उल्लेख छ। आवधिक योजनाले तय गरेका वार्षिक लक्ष्य प्रगतिको हालसम्म समीक्षा गरेको छैन। आवधिक योजनाले २०८२।८३ सम्म निर्धारण गरेका आत्मनिर्भरता सम्बन्धी २२ र समृद्धि सम्बन्धी २० सूचकहरूको प्रगतिको समीक्षा गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** – यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित कार्यक्रममध्ये युवा उद्यमशिलता विकास गर्न स्टार्ट-अप उद्यम कर्जा कोष स्थापना कार्यक्रम र सामुदायिक वन हस्तान्तरण कार्य व्यवस्थित गर्ने सम्बन्धी नीति कार्यान्वयनका लागि बजेट व्यवस्था भएको देखिएन। वन अतिक्रमण नियन्त्रण रणनीति र वन सुरक्षा योजना तर्जुमा, दिगो वन व्यवस्थापन कार्यविधि तर्जुमा, विजयसाल र ब्ल्याक तेन्दु लगायत प्रजातिका विरुवा उत्पादन, वितरण र वृक्षारोपण, वनस्पति र वन्यजन्तुको स्व-स्थानीय र पर-स्थानीय संरक्षण, प्रदेशस्तरीय चिडियाखाना स्थापना, मुख्यमन्त्री एकीकृत पर्यटन विकास कार्यक्रम, प्रदेशमा सम्भावना रहेका खनिज पदार्थको खोज, अनुसन्धान तथा अन्वेषणका लागि अध्ययन अनुसन्धान कार्य प्रारम्भ सम्बन्धी कार्यक्रम कार्यान्वयनमा आएको छैन। बजेट व्यवस्था गरी नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट बक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालयले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौंट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालयमा यो वर्ष रु.१ अर्ब ७७ करोड ७४ लाख बजेट विनियोजन भएकोमा रु.१ अर्ब २५ करोड ८४ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ७०.८० प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा मन्त्रालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

८. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **बजेट कार्यान्वयन -** यस वर्षको बजेट वक्तव्यमा मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये कैलाली र कञ्चनपुर जिल्लाका वन क्षेत्रको वैज्ञानिक नक्सांकन र वन्यजन्तु उद्दार केन्द्र स्थापनाका लागि बजेट व्यवस्था गरेको देखिएन। गैरकाष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना गर्ने, प्रदेश वन अतिक्रमण रणनीति र प्रदेश वन सुरक्षा योजना तर्जुमा गर्ने, प्रदेशस्तरीय चिडियाखाना स्थापना गर्ने, डडेल्धुराको महाभारत र अछामको रामारोशन क्षेत्रलाई प्रदेश संरक्षण क्षेत्र घोषणा गरी सो क्षेत्रमा संरक्षण, सामुदायिक विकास र पर्यटकीय पूर्वाधार निर्माण गर्ने, मुख्यमन्त्री एकीकृत पर्यटन विकास लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

१०. **प्राकृतिक स्रोत सङ्कलन -** ढुंगा, गिट्टी, वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं ३ अनुसार स्थानीय तहहरूले नदीजन्य पदार्थ उत्खनन् तथा निकासी ठेक्का लगाउँदा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय वन तथा चुरे क्षेत्रबाट नदीजन्य सामग्री निकासी गर्दा डिभिजन वन कार्यालयसँग समन्वय हुनुपर्दछ। प्राकृतिक स्रोत सङ्कलन गर्दा वन जंगलको विनास तथा अतिक्रमण समेत भएको अवस्था छ।

वन निर्देशनालय

११. **घरभाडा -** प्रदेश सरकारले भौगोलिक र प्रादेशिक सन्तुलनका लागि सामाजिक विकास, पूर्वाधार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित निर्देशनालयहरू डोटी जिल्लामा राख्ने निर्णय गरेको छ। निर्देशनालयले यो वर्ष घरभाडा वापत रु.१७ लाख २ हजार भुक्तानी गरी कैलाली जिल्लाको धनगढीमा कार्यालय सञ्चालन गरेको छ। प्रदेश सरकारको निर्णय कार्यान्वयन हुनुपर्दछ।

१२. **मूल्य श्रृंखला अध्ययन**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी परामर्श सेवा खरिद गर्नुपर्ने, आवश्यकताको पहिचान गर्नुपर्ने तथा परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्ने उल्लेख छ। निर्देशनालयले ४ जिल्लामा चिउरी, चिरैतो, चुथ्रो, तेजपात र रिठ्ठा लगायत २० जडिबुटीको मूल्य श्रृंखला विकास सम्बन्धी अध्ययन कार्य एक परामर्शदातामार्फत गराई रु.१९ लाख ९० हजार खर्च भएको छ। परामर्शदाताको प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ।

डिभिजन वन कार्यालयहरू

१३. **काठको मौज्दात -** वन नियमावली, २०७९ को नियम २२ मा जिल्लाका काठ उपभोक्तालाई वितरण गर्न डिभिजनल वन अधिकृतले अनुसूची ६ बमोजिमको मूल्य र सङ्कलन खर्च लिई वन पैदावार आपुर्ति समितिलाई एकमुष्ठ वा लट लटमा काठ उपलव्ध गराउनुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय कैलालीले यो वर्ष जिल्ला वन पैदावार समितिलाई ६४ हजार क्यूफिट काठ उपलव्ध गराएकोमा १६७ परिवारलाई १६ हजार क्यूफिट काठ वितरण गरी ३९ हजार क्यूफिट काठ वन उपभोक्ता समितिलाई फिर्ता गरी ९ हजार क्यूफिट काठ मौज्दात रहेको छ। समितिमा काठको लागि निवेदन दिएका ११८ घरधुरीलाई काठको गुणस्तरको कमीले गर्दा काठ उपलव्ध गराउन सकेको देखिएन। समितिलाई प्राप्त भएको मध्ये करिव ७५ प्रतिशत काठको गुणस्तरमा ह्रास आएकोले वितरण हुन नसकी करीब ४२ प्रतिशत निवेदकलाई काठ उपलव्ध गराउन नसकिएको अवस्था छ। वन उपभोक्ता समितिहरूबाट आवश्यकताभन्दा बढी काठ कटान भएको र उपयुक्त संरक्षण नहुँदा गुणस्तरमा ह्रास आई वितरण हुन

नसकेको अवस्था देखियो। जसले गर्दा यो वर्ष समितिलाई उपलव्ध गराएको औसत रु.१ करोड ४२ लाख ४५ हजार मूल्यको ४८ हजार क्यूफिट काठ नोक्सान हुने जोखिम रहेको छ। काठको उपयोग हुने गरी कटान आदेश दिई गुणस्तरलाई मध्यनजर गरी मौज्दात व्यवस्थापन गर्नुपर्दछ।

१४. **वन अतिक्रमण -** वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा सम्वन्धित डिभिजन वन कार्यालयले वनक्षेत्र संरक्षण योजना, २०७० अनुसार वन क्षेत्र अतिक्रमण रोक्ने तथा अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण हटाउने कार्ययोजना तयार गरी कार्यान्वन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष डिभिजन वन कार्यालय बैतडीमा ८५.७ हेक्टर, पहालमानपुर कैलालीमा ५ हजार हेक्टर, डोटीमा ४५ हेक्टर, बझाङमा १९ हेक्टर र कञ्चनपुरमा ३ हजार समेत ८ हजार हेक्टर भन्दा बढी वन क्षेत्र अतिक्रमण भएको देखियो। अतिक्रमण भएको वन क्षेत्र यकिन गरी अतिक्रमण हटाउनुपर्दछ।

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

१५. **उद्योग अनुगमन** - उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १० मा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नसक्ने व्यवस्था छ। हालसम्म दर्ता भएका ७८ हजार ५५८ उद्योगमध्ये ४ हजार ३२७ ले २०८०।८१ मा नवीकरण गरेको देखिएन। निर्देशनालयले यो वर्ष ५ उद्योगको अनुगमन गरेको विवरण पेस गरेको छ। अनुगमनको संख्या वृद्धि गरी देखिएका कमी कमजोरी सुधार गर्नुपर्दछ।

१६. **घरभाडा -** प्रदेश सरकारले भौगोलिक र प्रादेशिक सन्तुलनका लागि सामाजिक विकास, पूर्वाधार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित निर्देशनालयहरू डोटी जिल्लामा राखे निर्णय गरेको छ। उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले यो वर्ष घरभाडामा रु.६ लाख ८२ हजार भुक्तानी गरी कैलाली जिल्लाको धनगढीमा कार्यालय सञ्चालन गरेको छ। प्रदेश सरकारको निर्णय कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** विगतका प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित बेहोराहरू मध्ये काठ मौज्दातको व्यवस्थापन नभएको, बजेट वक्तव्यको अधिकाँस कार्यक्रम कार्यान्वयन नभएको, वन अतिक्रमण नहटाएको लगायतका विषयहरू औंल्याइएकोमा स्थिति यथावत छ। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत सहितका ३२ निकायहरूमा देखिएका बेरुजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ २८ निकायको यो वर्ष रु.९ करोड ९ हजार देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख ७४ हजार फर्स्यौंट भई रु.८ करोड ९४ लाख ३५ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - समिति तथा अन्य संस्थातर्फ ४ निकायको यो वर्ष रु.४ लाख ५९ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- कृषि, पशु विकास तथा खाद्य पोषण,
- कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
- कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,
- कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउ बिजन एवम् नक्ष सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्वद्धता निर्धारण, स्तरीकरण
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,
- कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,
- कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन,
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण,
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,
- कृषि तथा पशुपन्छी बीमा।

१. **लेखापरीक्षण अङ्क –** यो वर्ष मन्त्रालय र मातहतका ३१ कार्यालयको निम्नानुसार रु.१ अर्ब ७६ करोड ७३ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१६४०८९७	३५६०२	६९२३५	२१६२६	१७६७३६०

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक / सुविधा	३४४६०२	३५६५९०	१७८५७३	५०.०८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१४३५	१४३५	५९०	४१.११
२२१०० सेवा महसुल	१८७९३	१८८९५	१२९५७	६८.५७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र	५४५१८	५४८८८	४८४०५	८८.१९
२२३०० कार्यालय सामान तथा सेवाहरू	२२३००	२२३००	१८५७९	८३.३१
२२४०० सेवा तथा परामर्श खर्च	१०३१३२	१०३४८०	६६७८३	६४.५४
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१५०५८७३	१५०२४७३	१०६६९५४	७१.०१
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२७४२५	२७०२५	२१६११	७९.९७

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२७०० विविध खर्च	९५५०	९५५०	६८३१	७१.५३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५०५५	५०५५	३४१७	६७.६०
२८२०० फिर्ता खर्च	०	३०५	३०५	१.००
चालु खर्च जम्मा	**२०९२६८३**	**२१०१९९६**	**१४२५००४**	**६७.७९**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	३०८००	३०८००	२६४४८	८५.८७
३११२० सवारी साधन तथा मेशिनरी	१२६०२८	९६०२८	८६८९९	९०.४९
३११३० अन्य पुँजीगत खर्च	९४००	७६००	४७०३	६१.८८
३११५० सार्वजनिक निर्माण	२००१०५	१५०१०५	८८०५४	५८.६६
३११६० निर्मित संरचनाको सुधार खर्च	४४६००	४४६००	६२७०	१४.०६
३११७० पुँजीगत सुधार खर्च	३५५०	३५५०	३५१७	९९.०७
पुँजीगत खर्च जम्मा	**४१४४८३**	**३३२६८३**	**२१५८९३**	**६४.८९**
कुल खर्च	**२५०७१६६**	**२४३४६७९**	**१६४०८९७**	**६७.४०**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६७.७९ प्रतिशत, पुँजीगततर्फ ६४.८९ प्रतिशत र समग्रमा ६७.४० प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहका निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** – प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरूमध्ये कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषकलाई प्रदेश कृषि व्यवसाय प्रवर्द्धन कोषबाट शुन्य व्याजदरमा कृषि व्यावसाय कर्जा उपलब्ध गराउने, "व्यावसायिक कृषिका लागि शून्य ब्याज" भन्ने नाराका साथ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन कोष स्थापना गर्ने, उत्पादनको बजारीकरणको लागि लागत साझेदारीमा कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याउने, स्थानीय तह, निजी र सहकारी क्षेत्रको साझेदारीमा खाद्यान्न भण्डार गृह स्थापना गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका बेहोराहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** – प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा समावेश भएका बिषयहरूमध्ये कृषि अनुदानमा देखिएका कमिकमजोरीलाई सुधार गर्ने, पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा बजारीकरणका लागि कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्ने, प्रादेशिक कृषि विकास रणनीति र पञ्चवर्षीय कार्ययोजना निर्माण गर्ने, सवै स्थानीय तह, निजी क्षेत्र र सहकरी क्षेत्रको लागत साझेदारीमा खाद्यान्न भण्डार गृह स्थापना गर्ने, कृषि क्षेत्रमा उत्कृष्ट काम गर्ने स्थानीय तहलाई सम्मान गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालयले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालयमा यो वर्ष रु.२ अर्ब ४३ करोड ४६ लाख बजेट विनियोजन भएकोमा रु.१ अर्ब ६४ करोड ९ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ६७.४० प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा मन्त्रालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

८. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **अन्तर-प्रदेशीय भ्रमण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २६ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले अन्तर-प्रदेशीय नविनतम कृषि तथा पशुपन्छी प्रविधि अवलोकन कार्यक्रममा रु.११ लाख ३३ हजार र प्रदेश आन्तरिक पर्यटन काजमा रु.१० लाख ६७ हजार समेत भ्रमण कार्यक्रममा रु.२२ लाख खर्च गरेकोमा भ्रमण प्रतिवेदन पेस गरेको देखिएन। प्रदेशको कुल आयमा आन्तरिक राजस्वको योगदान १३.७५ प्रतिशत मात्र भएको अवस्थामा उपलव्ध स्रोत प्रतिफलमुखी कार्यमा खर्च गर्नुपर्दछ।

१०. **स्वकीय सचिव** - प्रदेश मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा १२ (अनुसूची २) मा मन्त्रीको स्वकीय सचिवालयमा रहने कर्मचारीको पद तथा

संख्या तोकिएको छ। मन्त्रीको स्वकीय सचिव, शाखा अधिकृत स्तरको १, सहायकस्तर पाँचौ तहको १ जना, कार्यालय सहयोगी २ र हलुका सवारी चालक १ समेत ५ जनाको पारिश्रमिकमा रु.१० लाख १२ हजार खर्च गरेको छ। राज्यमन्त्रीको स्वकीय सचिव, शाखा अधिकृतस्तरको १, कार्यालय सहयोगी १ र हलुका सवारी चालक १ जना समेत ३ जनाको पारिश्रमिकमा रु.९ लाख ४१ हजार समेत रु.१९ लाख ५३ हजार खर्च गरेको छ। ऐनमा स्वकीय सचिवको पद तोकिएतापनि सो पदको लागि न्यूनतम योग्यता नतोकिएकोले शैक्षिक योग्यता आवश्यकता पर्ने पदमा उचित मापदण्ड तोकी सचिवालयको कर्मचारी व्यवस्थापन हुनुपर्दछ।

११. **अनुदान वितरण** - प्रदेश कृषि तथा पशुपन्छी प्रर्वधन नियमावली, २०७९ को नियम १३ र १७ मा कार्यालयले आफ्नो स्वीकृत वार्षिक बजेटमा भएका कार्यक्रमको लागि एक अनुदानग्राहीलाई एक आर्थिक बर्षमा एक अनुदान प्रदान गर्नसक्ने, अनुदान प्राप्ति पछि पाँच बर्षसम्म व्यबसाय सञ्चालन गर्नुपर्ने तथा अनुगमन गर्नुपर्ने लगायतका व्यवस्था छ। मन्त्रालयले यो वर्ष रु.२ करोड ६५ लाख ७९ हजार तथा मातहत कार्यालयहरूबाट रु.६८ करोड ६२ लाख ५० हजार समेत रु.७१ करोड २८ लाख २९ हजार अनुदान उपलब्ध गराएकोमा मन्त्रालयले उक्त अनुदानको उद्देश्य हासिल भए नभएको, रोजगारी र आयमा योगदान भए नभएको लगायतका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन भएको देखिएन। अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्मको विवरण सार्वजनिक गरी उद्देश्य बमोजिम प्रयोग भए नभएको सुनिश्चित गर्नुपर्दछ।

१२. **आवास हस्तान्तरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४० मा उपलब्ध स्रोत साधनको समुचित उपयोग गर्नुपर्ने व्यवस्था छ। हेभिटाट फर ह्युमानिटीसँगको सहकार्यमा आवासविहीन मुक्त कमैयाहरूका लागि बर्दगोरिया गाउँपालिका ४, दानुफाटामा १२ र लम्कीचुहा नगरपालिका ४, कौवापुरमा १० समेत २२ आवास निर्माणको लागि मन्त्रालयले यो वर्ष रु.६८ लाख ५१ हजार खर्च गरेको छ। मन्त्रालयले निर्माण भैसकेका आवास सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरेको छैन। निर्मित आवासहरू लाभग्राहीलाई हस्तान्तरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ।

१३. **कार्य स्वीकार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (२क) मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम ११७(४) मा निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कार्य स्वीकार गर्न नहुने व्यवस्था छ। मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत वेदकोट नगरपालिका, कञ्चनपुरमा २५ आवास निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।३।१५ मा निर्माण सम्पन्न गर्ने गरी रु.१ करोड १७ लाख ३७ हजारमा सम्झौता भएकोमा तोकिएको अवधिमा सम्पन्न नभई म्याद थप पश्चात यो वर्ष रु.१० लाख ९२ हजार समेत रु.९९ लाख २७ हजार भुक्तानी गरेको छ। भौतिक प्रगति ९० प्रतिशत नभएको अवस्थामा संरचनाको उपयुक्तताको परीक्षण बेगर कार्य स्वीकार गरेको देखियो। नियम विपरीत कार्य स्वीकार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय

१४. **सहकारी संस्थाको व्यवस्थापन** - प्रदेश सहकारी ऐन, २०७५ को दफा ७७ मा रजिष्ट्रारले सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्नसक्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत दर्ता भएका ३८२ सहकारी संस्थामध्ये ६८ संस्था कोपोमिसमा आवद्ध नभएको, १०२ संस्था नियमित सञ्चालनमा नरहेको, १४१ संस्थाको वार्षिक साधारण सभा तथा लेखापरीक्षण नगराएको देखियो। तोकिए अनुसार सहकारी संस्थाको विवरण अद्यावधिक गरी नियमित अनुगमन र नियमन गर्नुपर्दछ।

१५. **बचत तथा कर्जा सुरक्षा** - प्रदेश सहकारी ऐन, २०७५ को परिच्छेद ७ मा सहकारी सङ्घ-संस्थाको बचत तथा ऋण परिचालनसम्बन्धी व्यवस्था उल्लेख छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेशमा दर्ता भएका ३८२ सहकारी संस्थाहरू अन्तर्गत १ लाख ९८ हजार नियमित बचतकर्ताहरूले कुल रु.८ अर्ब १६ करोड ४३ लाख बचत गरी रु.७६ करोड ९९ लाख ऋण लगानी भएको छ। ऋण नतिर्ने सहकारी सदस्यहरूलाई कालो सूचीमा राख्न सकिने कानूनी व्यवस्था र संयन्त्र नभएका कारण बचत तथा ऋण जोखिममा रहेको अवस्था छ। जोखिम न्यूनीकरणका लागि प्रभावकारी नियमन हुनुपर्दछ।

कृषि विकास निर्देशनालय

१६. **अधुरा कोल्ड स्टोर** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सम्झौता बमोजिमको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न नभएमा सम्झौता रद्द गर्ने, जमानत जफत गर्ने तथा नियमावली, २०६४ को नियम ११ मा खरिद सम्झौता बमोजिम प्रगति गर्नुपर्ने लगायतका व्यवस्था छन। कृषि विकास निर्देशनालय, डोटीबाट प्राप्त विवरणअनुसार २०७७।७८ मा सम्झौता भई २०७८।३।१५ भित्र कार्यसम्पन्न गर्नुपर्ने ७ कोल्ड स्टोर निर्माण गर्न रु.३ करोड २७ लाख ८४ हजारमा सम्झौता भएकोमा यो वर्षको अन्त्यसम्म ५ कोल्ड स्टोर निर्माणको लागि रु.१ करोड ४० लाख ९ हजार भुक्तानी गर्दा समेत सबै निर्माण कार्य अधुरो देखिएको र २ कोल्ड स्टोर निर्माण कार्य नै नभएको अवस्था छ। सार्वजनिक खरिद ऐन, नियमावली तथा खरिद सम्झौताका शर्त बमोजिम निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

क्र. सं.	कोल्ड स्टोर रहेको स्थान	सम्झौता अङ्क (रु.हजारमा)	भुक्तानी रकम (रु.हजारमा)	सम्झौता मिति	खर्च प्रतिशत
१	भजनी नगरपालिकामा कोल्ड स्टोर निर्माण	४१६३	१४९९	२०७८।२।४	३६.०१
२	दशरथचन्द नगरपालिकामा कोल्ड स्टोर निर्माण	४७५२	३१८४	२०७८।१।५	६७.००
३	महाकाली नगरपालिकामा कोल्ड स्टोर निर्माण	४८१०	०	२०७८।१।५	०.००
४	जोरायल गाउपालिकामा कोल्ड स्टोर निर्माण	३९७८	२०२९	२०७८।१।२	५१.००
५	दिपायल सिलगढी नगरपालिकामा कोल्ड स्टोर निर्माण	३५६९	०	२०७८।१।८	०.००
६	आलिताल गाउपालिकामा कोल्डस्टोर निर्माण	५३१४	३४५४	२०७८।१।७	६४.९९
७	पुनर्वास नगरपालिकामा कोल्डस्टोर निर्माण	६१९८	३८४३	२०७८।१।७	६२.००
	जम्मा	**३२७८४**	**१४००९**		

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

१७. **अनुदान वितरण -** पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. ८ मा निर्देशनालयअन्तर्गत संचालित कार्यक्रमहरूको अनुगमन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित निर्देशनालयको हुने व्यवस्था छ। निर्देशनालयले यो वर्ष ५० प्रतिशत लागत साझेदारीमा मीटमार्ट निर्माण तथा सुधार कार्यक्रममा रु.१ करोड ७८ लाख, दुध चिस्यान र प्रशोधन उपकरण खरिद तथा वितरण कार्यक्रममा रु.२ करोड २६ लाख ५० हजार, मासु तथा दुग्धजन्य पदार्थ भण्डारणको लागि कोल्ड च्याम्वर निर्माण कार्यक्रममा रु.३५ लाख, पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार उपकरण सहयोग कार्यक्रममा रु.१ करोड ११ लाख ४० हजार, ७५ प्रतिशत लागत साझेदारीमा सामुदायिक छाडा पशु व्यवस्थापन कार्यक्रममा रु.७२ लाख ५० हजार, दुग्ध उत्पादन र बजारीकरणका आधारमा सहकारीमार्फत प्रति लिटर एक रुपैयाका दरले अनुदान वितरण कार्यक्रममा रु.९० लाख ३४ हजार समेत रु.७ करोड १३ लाख ७४ हजार अनुदान वितरण गरेको छ।

निर्देशनालयले उक्त अनुदानको उपयोग, निरन्तरता र प्रतिफलको अनुगमन तथा मूल्याङ्कन गरी विवरण तयार गरेको छैन। अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गरी उद्देश्य बमोजिम अनुदान उपयोगको सुनिश्चतता हुनुपर्दछ।

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कार्यान्वयन एकाइ

१८. **बजेट व्यवस्थापन -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ९ मा आगामी आर्थिक वर्षको लागि प्रदेशको नीति तथा कार्यक्रम अनुसार बजेट प्रस्ताव गर्नुपर्ने र नियमावलीको नियम ३६ मा त्रैमासिक प्रगतिको समीक्षा गर्नुपर्ने तथा कम प्रगति भएको कारण पहिचान गरी समस्या समाधान गर्नुपर्ने व्यवस्था छ। एकाईबाट प्राप्त विवरणअनुसार एकाईको लागि यो वर्ष रु.१४ करोड ६३ लाख बजेट विनियोजन भएकोमा रु.४६ लाख ४३ हजार (३ प्रतिशत) मात्र खर्च भएको छ। खर्चको सुनिश्चितता बेगर बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित बेहोराहरूमध्ये अनुदान कार्यक्रमको अनुगमन नगरेको, प्रदेश र स्थानीय तहमा दर्ता भएका सहकारीको अनुगमन नगरेको लगायतका बेहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ ३१ निकायमा यो वर्ष रु.२ करोड १७ लाख ९४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख २२ हजार फर्स्यौट भई रु.२ करोड १२ लाख ७३ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको यातायात,
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, सवारी चालक अनुमति र नवीकरण,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण,
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान, यातायात सुरक्षा,
- प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना तर्जुमा, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार,
- प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण,
- उर्जा, विद्युत, सिँचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रर्वद्धन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण,

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतका समेत ३१ सरकारी कार्यालयको निम्नानुसार रु.१० अर्ब ५३ करोड ५४ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८९८९००५	३१८८९	१५१३४७६	१११११	१०५३५४८१

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	३१२५२६	३२६४७७	२२६०५०	६९.२४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१९७	२१९७	१०३९	४७.२९
२२१०० सेवा महसुल	१५२७६	१५४५३	११३५५	७३.४८

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र	३१२२४	३१५८०	२५२१९	७९.८६
२२३०० कार्यालय सामान तथा सेवाहरू	२१९०१	२२४०१	१७६६२	७८.८४
२२४०० सेवा तथा परामर्श खर्च	५६१३१	६०५१९	५४३७०	८९.८४
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१९२४०	१८८९०	२०४४	१०.८२
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१४३७४	१४७५९	११६०४	७८.६२
२२७०० विविध खर्च	६६३०	६६५०	६०८६	९१.५२
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१४०४०	१४३१६	११८२८	८२.६२
चालु खर्च जम्मा	**४९३५३९**	**५१३२४२**	**३६७२५७**	**७१.५६**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	४४५२४६	३५५२५७	१८५३७९	५२.१८
३११२० सवारी साधन तथा मेशिनरी	२६५२१	२६६८१	१५००५	५६.२४
३११३० अन्य पुँजीगत खर्च	२४३९५०	१५८२९०	४०८४७	२५.८१
३११५० सार्वजनिक निर्माण	१०८७६०५०	११०३६०८७	७९४४१५८	७१.९८
३११६० निर्मित संरचनाको सुधार खर्च	९३५५०	९८५५०	२६२९८	२६.६८
३११७० पुँजीगत सुधार खर्च	५०२९६०	५२१५७२	४१००६०	७८.६२
पुँजीगत खर्च जम्मा	**१२१८८२७७**	**१२१९६४३७**	**८६२१७४८**	**७०.६९**
कुल खर्च	**१२६८१८१६**	**१२७०९६७९**	**८९८९००५**	**७०.७३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७१.५५ प्रतिशत, पुँजीगततर्फ ७०.६९ प्रतिशत र समग्रमा ७०.७३ प्रतिशत खर्च भएको छ।

३. **वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहका निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** – प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रममध्ये प्रादेशिक सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रदेश गौरवका आयोजना छनोटको मापदण्ड तयार गर्ने, सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको विकास गरी कार्यान्वयन गर्ने, गोदावरी अत्तरीया देखि धनगढी चौराहा सडक खण्डमा मोनोरेल सेवाको सम्भाव्यता अध्ययन गरी सार्वजनिक निजी साझेदारीमा अगाडि बढाउने, स्थानीय तहसँगको सहकार्यमा सडक, सिचाई, खानेपानी, लगायतका सम्पन्न भौतिक संरचनाको दिगो सञ्चालन, संरक्षण एवम् मर्मत सम्भार गर्न नीतिगत व्यवस्था गर्ने, प्रदेश प्रमुख एकीकृत वस्ती विकास परियोजना, खेलकुद क्षेत्रको विकासको लागि अछाम, बैतडी, कैलाली र कन्चनपुरमा बहुउद्देश्यीय रंगशाला निर्माण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। नीति तथा कार्यक्रममा समावेश भएका बेहोराहरू कार्यान्वयन हुनुपर्दछ।

५. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालयले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

६. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालयमा यो वर्ष रु.१२ अर्ब ७० करोड ९६ लाख बजेट विनियोजन भएकोमा रु.८ अर्ब ९८ करोड ९० लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ७०.७३ प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा मन्त्रालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा समावेश भएका बेहोरामध्ये विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा निजी क्षेत्रको सहकार्यमा विद्युतीय चार्जिङ स्टेशन सहितको एकीकृत स्मार्ट रिफ्रेस्मेण्ट एण्ड ट्रान्सफर सेन्टरको सम्भाव्यता अध्ययन, महाकाली, कर्णाली र सेती नदीमा रिभरबिच पार्क तथा जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन, स्थानीय तहसँगको समन्वयमा फोहोरमैला व्यवस्थापन र प्रशोधन सम्बन्धी कार्यक्रम सञ्चालन, प्रदेश प्रमुख एकीकृत विकास परियोजना कार्यक्रम सञ्चालन, प्रदेश सरकारका पूर्वाधारमा लगानी परिचालन गर्न नगर विकास कोषमा प्रदेश सरकारको शेयर स्वामित्व रहने गरी कानुनी प्रवन्ध, चालक अनुमतिपत्र र सवारी साधन दर्ता नवीकरण र राजस्व भुक्तानी लगायतका सेवा अनलाइन प्रणालीबाट सञ्चालन गर्ने लगायतका कार्यहरू कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा समाबेश भएका बेहोराहरू कार्यान्वयन गर्नुपर्दछ।

९. **बजेट सीमा -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ८ मा योजना आयोगले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्न निर्धारण गरेको बजेट सीमाको अधिनमा रही बिषयगत मन्त्रालयले बजेट प्रस्ताव गर्नुपर्ने तथा दफा १० मा आर्थिक मामिला मन्त्रालयले प्रस्तावित बजेट मूल्याङ्कन र विश्लेषण गरी बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि नीति तथा योजना आयोगले उपलव्ध गराएको बजेट सीमा रु.९ अर्ब ३५ करोड ३६ लाख रहेकोमा रु.१२ अर्ब ६८ करोड १८ लाख विनियोजन भई उपलव्ध सीमा भन्दा ३६ प्रतिशत बढी बजेट विनियोजन भएको छ। आयोगले दिएको सीमाको अधिनमा रही बजेट परिचालन हुनुपर्दछ।

१०. **रकमान्तर** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको लागि विनियोजित रकममध्ये बचत हुने र अपुग हुने देखिएमा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी एक वा एक भन्दा बढी अनुदान संख्यामा रकम सार्न सकिने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष मन्त्रालय र मातहत निकायका लागि रु.१२ अर्ब ६८ करोड १८ लाख सुरु बजेट विनियोजन भएकोमा रकमान्तरबाट २२ प्रतिशत थपघट भई रु.१२ अर्ब ७० करोड ९७ लाख बजेट कायम भएको छ। विनियोजन ऐन अनुसार बजेट परिचालन गर्नुपर्दछ।

११. **कार्यक्रम संशोधन -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३२ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा प्रदेश विनियोजन ऐनको परिधिभित्र रहेर आवश्यकता र औचित्य समेतको आधारमा कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष पुल तथा सडक अन्तर्गका रु.१ अर्ब १८ करोड ४९ लाख, खानेपानी अन्तर्गतका रु.१३ करोड ६० लाख, जलस्रोत तथा सिचाई अन्तर्गतका रु.२४ करोड ६६ लाख र शहरी विकास अन्तर्गतका रु.३५ करोड १५ लाख समेत कुल रु.१ अर्ब ९१ करोड ९० लाखको कार्यक्रम संशोधन गरेको छ। जुन मन्त्रालय अन्तर्गत विनियोजनको १५.१३ प्रतिशत र खर्चको २१.३५ प्रतिशत हुन जान्छ। यथार्थपरक कार्यक्रममा बजेट विनियोजन गर्नुपर्दछ।

१२. **बहुवर्षीय आयोजना** – प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को बुदाँ न ६ मा प्रदेश नीति तथा योजना आयोगबाट स्वीकृत बहुवर्षीय आयोजनाको लागि आर्थिक मामिला मन्त्रालयले प्रदेश सरकारको वित्तीय अवस्था र सम्भाव्य स्रोतको उपलव्धता समेतको आधारमा स्रोत सहमति प्रदान गर्ने व्यवस्था छ। मन्त्रालयबाट २०८०।८१ सम्म भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत ९० बहुवर्षीय आयोजना स्वीकृत गरी रु.९ अर्ब ४० करोड ४४ लाखको स्रोत सहमति उपलव्ध गराएको जानकारी प्राप्त भए तापनि मन्त्रालयले निम्नानुसार ७१ योजनामा यो वर्षसम्म रु.९ अर्ब ३ करोड ८० लाखको स्रोत सहमति दिएको विवरण उपलव्ध गराएकोमा सबै योजनाको आर्थिक वर्षगत स्रोत सहमतिको रकम र खर्चको विवरण प्राप्त हुन सकेन। यो वर्ष मन्त्रालय अन्तर्गत १९ योजनाको लागि रु.६० करोडको थप बहुवर्षीय योजनाहरू स्वीकृत भएको छ। प्रदेशको आन्तरिक आय यो वर्ष रु.८ अर्ब ६५ करोड ११ लाख ६१ हजार मात्र रहेको अवस्थामा स्वीकृत बहुवर्षीय योजनाको दायित्व सङ्घीय स्रोतमा निर्भर छ। बहुवर्षीय योजनाहरूको प्रभावकारी कार्यान्वयन र अनुगमन हुनुपर्दछ।

(रु.हजारमा)

योजना संख्या	आर्थिक वर्ष			जम्मा
	२०७७।७८	२०७९।८०	२०८०।८१	
७१	१३४०१००	४३२४२३०	३३७३७६०	९०३८०९०

१३. **प्रतिबद्धता रकम -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यस मन्त्रालय र मातहत निकायमा ७६७ ठेक्काको रु.२६ अर्ब ७ करोड ४ लाखमा सम्झौता भएकोमा २०८०।८१ को अन्त्यसम्म अद्यावधिक प्रतिबद्धता रकम रु.१२ अर्ब ९३ करोड ३७ लाख रहेको देखियो। यस्तो रकम यो वर्षको मन्त्रालयको कुल पुँजीगत बजेट खर्चको १४३ प्रतिशत रहेको छ। सम्झौता भएका ठेक्काको सम्झौता अवधि भित्र कार्य सम्पन्न नहुने र वर्षेनी म्याद थप हुदै जाने, नयाँ योजना सिर्जना गरी पुरानो ठेक्का सम्झौता अन्तर्गतको कार्यमा भुक्तानी गर्ने प्रवृत्तिले अधुरा ठेक्का संख्या बढ्दै गएको अवस्था छ। प्रत्येक वर्ष सम्झौता भएका ठेक्कासँग सम्बन्धित योजनाको लागि पर्याप्त बजेट विनियोजन नहुने कारणले प्रतिबद्धता रकम थपिदै गएको अवस्था छ। बजेट व्यवस्थाको परिधि भित्र रहेर प्रतिबद्धता जनाउनुपर्दछ।

१४. **भौतिक पूर्वाधार -** प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको नतिजाखाकामा भौतिक पूर्वाधार क्षेत्रमा २०८०।८१ सम्म हासिल गर्ने गरी सूचक तोकिएकोमा मन्त्रालयबाट प्राप्त वार्षिक प्रतिवेदनमा उक्त नतिजाखाकासँग उपलब्धिको तुलनात्मक विवरण तयार गरेको छैन। यो वर्ष प्रदेशको आर्थिक सर्वेक्षणमा उल्लिखित तथ्याङ्कसँग भिडान गर्दा भौतिक पूर्वाधारको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	भौतिक पूर्वाधार विकास सूचक	आवधिक योजना अनुसार २०८०।८१ सम्मको लक्ष्य	२०८०।८१ सम्म प्रदेशको प्राप्ति स्थिति
१	प्रदेशको कुल कालोपत्रे सडक (किलोमिटर)	५११	५००
२	सडक पुल निर्माण (संख्या)	३८	३६
४	विद्युतमा पँहुच (प्रतिशत)	८३.५	८५
५	सिंचित क्षेत्रफल (हेक्टरमा)	१४००९	२०८५७

१५. **प्रदेश गौरवका आयोजना -** सम्वन्धित क्षेत्रको आर्थिक, सामाजिक एवं सांस्कृतिक रुपान्तरण गर्न छनौट भएका प्रदेश गौरवका आयोजनाहरूलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन र व्यवस्थित अनुगमन गर्नुपर्दछ। मन्त्रालयबाट प्रदेश गौरवका आयोजनाको अद्यावधिक विवरण प्राप्त भएन। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश गौरवको आयोजनामा भएको वित्तीय प्रगतिको अवस्था निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	आयोजनाको नाम	सम्झौता रकम	आ व २०८०।८१ मा भएको खर्च	हालसम्मको वित्तीय प्रगति (प्रतिशत)
१	चिसापानी जंगलघाट तुर्माखाद कमलबजार गौरीटाड दर्ना जयगढ मेल्लेख बडिमालिका सडक	११७४३	१८००	३७.१
२	सिगाटा काडा जयबागेश्वरी गैराखाद दोगडी आटिचौर मार्तडी सडक	६१७६	१४५६	५३.३०
३	पातिहाल्ना तलकोट साइपाल हुम्ला सडक	२१३९	३२३	६१.१०
४	भजनी छोटी भन्सार खिमडी ठूली सडक आयोजना	७७४	५	७८
५	सतबाझ श्रीभावरहाट दार्चुला सडक	१०८४३	३०	२१.५
६	बेलौरी कलुवापुर नाइल बुडर सडक	१३३७	६८	४०
७	दैजी जोगबुढा सलौन चिरकट्टे पोखरा ढुङ्गागाड सडक	१३५३८	८००	२४.२

क्र.सं.	आयोजनाको नाम	सम्झौता रकम	आ व २०८०।८१ मा भएको खर्च	हालसम्मको वित्तीय प्रगति (प्रतिशत)
८	खलंगा खार देथला परिवगड खण्डेश्वरी सडक	७०७३	१६००	३३
९	सहजपुर बोगटान दिपायल सडक	११०५४	६००	२७
	जम्मा	**६४६७७**	**६६८२**	**३२.५**

उल्लिखित विवरणअनुसार प्रदेश गौरवका आयोजनाको रुपमा ९ सडक आयोजना अन्तर्गत २९ सडक खण्ड निर्माणको लागि रु.६ अर्ब ४६ करोड ७७ लाखको सम्झौता भएकोमा हालसम्म रु.२ अर्ब १० करोड ३० लाख अर्थात ३२.५ प्रतिशत वित्तीय प्रगति भएको छ। प्रादेशिक गौरवका आयोजनाको समय र लागत वृद्दि नहुने गरी निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१६. **परामर्श खर्च** – सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९.१(क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट हुन नसक्ने काममा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार यो वर्ष मन्त्रालय र मातहतका निकायमा पूर्वाधार निर्माण कार्यको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन निर्माण लगायतका कार्यमा रु.१५ करोड ४२ लाख ९० हजार बजेट विनियोजन भई मातहतका २९ कार्यालयबाट रु.४ करोड ८ लाख ४७ हजार खर्च भएको छ। सम्भाव्यता अध्ययनमा भएका खर्चको उपयोगिता सुनिश्चितता हुनुपर्दछ।

पूर्वाधार विकास कार्यालयहरू

१७. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच र नापी किताबमा उल्लेख भए अनुसार कार्यसम्पादनको आधारमा ठेक्का विलको भुक्तानी गर्नुपर्नेमा पूर्वाधार विकास कार्यालय अछामले निम्नानुसार ४ योजनामा प्राविधिकले तयार गरेको निर्माण कार्यको ठेक्का विल अनुसार हुने रु.६७ करोड ७१ लाख ३५ हजार भुक्तानी गर्नुपर्नेमा रु.६८ करोड ६१ लाख ७२ हजार भुक्तानी भएको देखिएकोले रु.९० लाख ३६ हजार बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माणव्यवसायीबाट असुल हुनुपर्दछ।

(रू हजारमा)

क्र. सं.	ठेक्का न.	प्राविधिक मूल्याङ्कन अनुसारको रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी रकम
१	३२- २०७८।७९	१४४३२७	१४५१५२	८२५
२	१४- २०७५।७६	१८५४६८	१८७२०७	१७३८
३	२२- २०७७।७८	८७८४१	९१२७५	३४३४
४	२- २०७६।७७	२५९४९७	२६२५३६	३०३८
	जम्मा	**६७७१३५**	**६८६१७१**	**९०३६**

१८. **फरक कार्यक्षेत्र** – नेपाल सरकार (मन्त्रिपरिषद्)को २०७६।२।६ को निर्णयले भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत राजमार्ग तथा सहायक मार्ग गरी ८० सडकलाई राष्ट्रिय राजमार्गको रुपमा रहने उल्लेख छ। उक्त ८० राष्ट्रिय राजमार्ग अन्तर्गत साँफे-मार्तडी सडक नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत पर्दछ। उक्त सडक खण्डमा पूर्वाधार विकास कार्यालय, अछामले मार्तडी-कोल्टी-पिलिचौर समेत ३ सडक खण्डको

निर्माण कार्यको लागि ३ निर्माण व्यवसायीसँग रु.९१ करोड १ लाख ७८ हजारमा सम्झौता गरी यो वर्षसम्म रु.५५ करोड ८१ लाख २ हजार खर्च गरेको छ। प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रभित्र रहेका योजनाहरू मात्र छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

१९. **दोहोरो कार्य** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सडक डिभिजन कार्यालय अछाम र पूर्वाधार विकास कार्यालय अछामबाट प्राप्त विवरणअनुसार गैरीटाड कमलबजार तुर्माखाँद बाबीयाचौर चिसापानी सडक खण्डको चेनेज ०००००-२०+००० सम्म डिभिजन सडक कार्यालयले २०७६।७७ मा १ हजार ४० मिटरमा रु.२ करोड ३२ लाख र २०७७।७८ मा १ हजार ७४५ मिटरमा रु.८१ लाखको र पूर्वाधार विकास कार्यालयले २०७९।८० मा २० किलोमिटरमा रु.६९ करोड ४४ लाखको सडक निर्माण कार्यको ठेक्का सम्झौता गरी कार्य भैरहेको देखियो। सबै निर्माण कार्यहरूको चेनेज शुन्यबाट सुरु भएको र कार्य प्रकृति समेत एउटै भएको अवस्थामा दोहोरो नपरेको सुनिश्चितता गर्नुपर्दछ।

२०. **दायित्व बाँकी** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१ मा बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी रहेको पदाधिकारीले बजेट कार्यान्वयन कार्ययोजना बनाउनु पर्ने र मासिक नगद प्रवाह विवरण, कार्यान्वयन समय तालिका बनाई बजेट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, बैतडीले बहुवर्षिय खरिद अन्तर्गत ठेक्का व्यवस्थापन भएका १२ आयोजनाको रु.६ करोड ७६ लाख ५२ हजारको निर्माण कार्यसम्पन्न भई विल प्राप्त भएतापनि भुक्तानी नभई दायित्व जिम्मेवारी सारेको छ। कार्यालयलाई विनियोजित बजेट मध्ये रु.१९ करोड ४ लाख ६८ हजार यो वर्ष खर्च हुन नसकेको अवस्था छ। समयमा नगद प्रवाह व्यवस्थापन तथा कार्यक्रम संशोधन गरेर बजेट परिचालनलाई प्रभावकारी बनाउनुपर्दछ।

२१. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ठ कार्यसम्पादन (लमसम कन्ट्र्याक्ट) का आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नमिल्ने उल्लेख छ। सङ्घीय सार्वजनिक लेखा समितिले डिजाइन एण्ड विल्ड प्रकृयाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएकोमा हालसम्म सो सम्बन्धी कानुनी व्यवस्था गरिएको छैन। पूर्वाधार विकास कार्यालय, कंचनपुरले चौधर नदीको पुलमा रु.१ करोड २५ लाख र पूर्वाधार विकास कार्यालय कैलालीले चौमाला नदिको पुलमा रु.२२ लाख समेत रु.१ करोड ४७ लाख मूल्य समायोजन भुक्तानी गरेको छ। डिजाइन एण्ड विल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्था अनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिदैन। यस विधिबाट गरिने खरिद कार्यलाई कानुनमा व्यवस्थित गर्नुपर्दछ।

२२. **मूल्य समायोजन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ तथा सम्झौताका शर्त अनुसार मूल्य समायोजनको भुक्तानी गर्दा सम्झौता तथा स्ट्याण्डर्ड विडिङ डकुमेण्टमा उल्लेख भए अनुसारको मूल्य समायोजन फ्याक्टर निर्धारण गर्ने र सोही फ्याक्टरको आधारमा मूल्य वृद्धि भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय कैलालीले एक निर्माण व्यवसायीलाई फरक सूचकाङ्क तथा फ्याक्टर प्रयोग गरी मूल्य समायोजन गणना गरी भुक्तानी गर्दा रु.४७ लाख ७६ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२३. **लागत अनुमान –** पूर्वाधार विकास कार्यालय कञ्चनपुरले पथरैया नदीमा पुल निर्माण कार्यको डिजाइन तथा ड्रईङमा दुई स्पान भएकोमा लागत अनुमान तयार गर्दा एउटा स्पान मात्रै भएको लागत अनुमान २०७८।७९ मा स्वीकृत तथा ठेक्का व्यवस्थापन भई २०७९।३।२० मा निर्माण व्यवसायीसँग सम्झौता भएको छ। २५ मिटरका दुई स्पानको डिजाइन रहेको उक्त पुलको लागत अनुमानमा एक स्पानको मात्रै परिमाण गणना गरेको देखियो। हालसम्म यस योजनामा रु.४ करोड ७२ लाख खर्च भए तापनि पुल निर्माण कार्य अधुरो रहेको छ। यस सम्बन्धमा ठेक्का व्यवस्थापन गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

२४. **निष्क्रिय पेस्की –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा पेस्की रकम तोकिएको प्रयोजनको लागि प्रयोग भएको नपाइएमा निजको बैङ्क जमानत जफत हुने उल्लेख छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले खरिद सम्झौताको काम सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारण पेस्की फर्स्यौट हुन नसकेमा बैङ्क जमानत जफत गरी सोमा १० प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, कंचनपुरले ३ निर्माण व्यवसायीलाई रु.५१ लाख ४४ हजार, र पूर्वाधार विकास कार्यालय डडेल्धुराले १ निर्माण व्यवसायीलाई रु.२ करोड २० लाख समेत कुल रु.२ करोड ७१ लाख ४४ हजार पेस्की दिएकोमा खरिद सम्झौताको अवधि सकिएकोमा म्याद थप नभएको तथा प्रगति न्यून रहेको देखिएको अवस्था छ। पेस्की रकम तोकिएको प्रयोजनको लागि प्रयोग भए नभएको अवस्था यकिन गर्न सकिएन। तसर्थ खरिद ऐन, नियम तथा सम्झौता अनुसार लिइएको पेस्कीको सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

२५. **अधुरो ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ र ८ मा सम्झौता बमोजिमको प्रगति नगरेमा वा कार्य बिचैमा छाडेमा त्यस्तो सम्झौता रद्द गरी सो काम वापत राखिएको जमानत जफत हुने व्यवस्था छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन, कैलालीका निम्नानुसार रु.३ करोड ५५ लाख ३४ हजारका २ सिचाई योजनाको सम्झौताको अवधि व्यतित भैसकेको र म्याद थपसमेत नभएको अवस्थामा एक योजनामा निर्माण कार्य सुरु नभएको र अर्को योजनामा ४१ प्रतिशत मात्रै कार्य प्रगति भएको देखियो।

(रु.हजारमा)

योजनाको नाम	सम्झौता अङ्क	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने सुरु म्याद	म्याद थप सहित कायम म्याद	सुरु सम्झौता अवधिको आधारमा व्यतीत अवधि प्रतिशत	वित्तीय प्रतिशत	कार्य सम्पादन जमानत रकम
कान्द्र रिभर ट्रेनिङ् प्रोजेक्ट	३००३३	२०७७।२।२५	२०७८।३।५	२०८०।१२।३०	४००	४१	७७६८
घुराह नदी नियन्त्रण कार्य	५५००	२०७८।१२।१३	२०७९।३।२१	२०७९।११।३०	१०६६	०	१६१६
जम्मा	**३५५३४**					**४१**	**९३८४**

त्यसैगरी, सहरी विकास तथा भवन डिभिजन कार्यालय, कैलालीले ईमर्जेन्सी भवन निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७८।९।१९ मा २०७९।८।३० मा निर्माण सम्पन्न गर्नेगरी रु.७६ लाख ४७ हजारमा सम्झौता भएकोमा हाल सम्म रु.५२ लाख २१ हजार(६८.२७ प्रतिशत) भुक्तानी भई बाँकी निर्माण कार्य अधुरो अवस्था छोडिएकोमा सम्झौताको म्याद थप समेत नभएको अवस्था देखियो। सम्झौताको अवधि भित्र तोकिए बमोजिम प्रगति नभएको अवस्थामा ऐनमा भएको व्यवस्था अनुसार कारबाही भएको देखिएन। कानुनमा भएको व्यवस्था कार्यान्वयनमा ल्याई सम्झौताको कार्यान्वयन हुनुपर्दछ।

२६. **परीक्षणकालीन सवारीचालक अनुमतिपत्र –** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ मा छुट्टै परीक्षणकालीन सवारीचालक अनुमति पत्रका सम्बन्धमा कुनै व्यवस्था गरेको छैन। यातायात व्यवस्था कार्यालय कैलालीले परीक्षणकालीन सवारी चालक अनुमतिपत्र छपाई तथा वितरणको लागि यो वर्ष रु.१३ लाख ७१ हजार खर्च गरेको छ। कार्यस्थलको स्थलगत अनुगमन गर्दा चालक अनुमतिपत्र प्रिन्टर मेसिन लगायतका उपकरण चालु अवस्थामा रहेको देखिएन। प्रिन्ट तथा वितरण भएको परीक्षणकालीन सवारीचालक अनुमतिपत्रको विवरण समेत प्राप्त हुन सकेन। कानुनमा व्यवस्था नभएको कार्यमा खर्च गर्नेलाई जवाफदेही बनाउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन**- गत विगतका प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित बेहोराहरूमध्ये प्रदेश गौरवका आयोजनाहरूको कार्यान्वयनलाई प्राथमिकतामा नराखेको, बढी मूल्य समायोजन भुक्तानी गरेको, प्रदेश सरकारलाई प्राप्त कार्यक्षेत्र बाहिरको कार्य गरेको लगायतका बेहोरा औँल्याईएकोमा स्थितिमा सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु -** सरकारी कार्यालयतर्फ यो वर्ष रु.२९ करोड ७६ लाख २ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४ करोड ६४ लाख ४८ हजार फस्यौंट तथा रु.६ लाख २४ हजार थप भई रु.२५ करोड ११ लाख ५४ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा,
- शैक्षिक परामर्श सेवा,
- प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय,
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति र पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण,
- प्रदेशस्तरको मानव संशोधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापन,
- माध्यमिक तहको परीक्षा व्यवस्थापन,
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
- समाजकल्याण र सङ्घ संस्था,
- युवा र युवा वैज्ञानिक प्रोत्साहन,
- खेलकुद र खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन,
- खेलकुद प्रशासन र सङ्घ संस्था।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहत समेतका ३७ कार्यालयको निम्नानुसार रु.५ अर्ब ८ करोड ४३ लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३९१०४०८	२००६७	२८०३७९	८७३५३९	५०८४३९३

समिति र अन्य संस्थातर्फ १२ कार्यालयको रु.४ अर्ब १९ करोड ७ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	७५०७९९	७८४१५३	५८८५८४	७५.०६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४५३०	४५३०	१६३३	३६.०५
२२१०० सेवा महसुल	५८३७९	५९६७९	५०९३५	८५.३५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	८६२२९	८७२०९	६४८७६	७४.३९
२२३०० कार्यालय सामान तथा सेवाहरू	८२०७२	८२०७२	६९२०६	८४.३२
२२४०० सेवा तथा परामर्श खर्च	५५४५९२	५५६४१३	४५३४७५	८१.५०

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१९५६३२७	१९५५९५८	१२९९४३२	६६.४३
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	३६१७२	३६२७२	३०२६८	८३.४५
२२७०० विविध खर्च	१४६६९	१४६६९	१३३२५	९०.८४
२५३०० अन्य सहायता	१९७०	१९७०	१६७३	८४.९२
२६४०० सामाजिक सेवा अनुदान	५३६५०	५३६५०	४९१८८	९१.६८
२७१०० सामाजिक सुरक्षा	५७१७०	७८६७०	७६१९८	९६.८६
२७२०० सामाजिक सहायता	१९७३३७	१९२३३७	१५४२१८	८०.१८
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२४४०२	२४४०२	२२००९	९०.१९
चालु खर्च जम्मा	**३८७८२९८**	**३९३१९८४**	**२८७५०२०**	**७३.१२**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	७९३०५१	७५२४५१	५७७४३१	७६.७४
३११२० सवारी साधन तथा मेशिनरी	४६३२५५	४६३२५५	२८०५१४	६०.५५
३११३० अन्य पुँजीगत खर्च	५६५०	५६५०	३०५३	५४.०४
३११५० सार्वजनिक निर्माण	१६१९६४	२०२५६४	१६०४५७	७९.२१
३११६० निर्मित संरचनाको सुधार खर्च	९२१०	९२१०	९०१४	९७.८७
पुँजीगत खर्च जम्मा	**१४३८९३०**	**१४३८९३०**	**१०३५३८८**	**७१.९६**
कुल खर्च	**५३१७२२८**	**५३७०९१४**	**३९१०४०८**	**७२.८१**

उल्लिखित विवरणअनुसार मन्त्रालयले चालुतर्फ ७३.१२ प्रतिशत, पुँजीगततर्फ ७१.९६ प्रतिशत र समग्रमा ७२.८१ प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्धान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेख परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहका निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमध्ये "मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम" अर्न्तगत स्वास्थ्य सेवा विस्तार एवम् सुधार र लक्षित वर्गको पोषण सुरक्षा कार्यक्रम सञ्चालन गर्ने, आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको थप विकास तथा विस्तार गर्ने, प्रादेशिक आयुर्वेद चिकित्सालयमा विशेषज्ञ सेवा सञ्चालन गर्ने, प्रादेशिक अस्पतालबाट ज्येष्ठ नागरिकलाई निमोनीया र इन्फ्ल्युएन्जा विरुद्धको खोप दिने लगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका बेहोराहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा

जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट बक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालयले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

६. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालयमा यो वर्ष रु.५ अर्ब ३७ करोड ९ लाख बजेट विनियोजन भएकोमा रु.३ अर्ब ९१ करोड ४ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ७२.८१ प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा मन्त्रालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

७. **आन्तरिक नियन्त्रण प्रणाली** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा समावेश भएका यस मन्त्रालयसँग सम्बन्धित कार्यक्रहरूमध्ये बालबालिका, गर्भवती, सुत्केरी, वृद्धवृद्धा लगायतका वर्गलाई लक्षित गरी स्थानीय कृषि उपज एवम् रैथाने बालीबाट उत्पादित पोषण सामग्री वितरण गर्ने, प्रादेशिक आयुर्वेद चिकित्सालयमा विशेषज्ञ सेवा सञ्चालन गर्ने, प्रदेशस्तरीय योग तथा प्राकृतिक चिकित्सा केन्द्र स्थापनाको लागि प्रारम्भिक अध्ययन गर्ने, स्वास्थ्य सुधारयोग्य शारीरिक अपाङ्गता भएका बालबालिकाको पहिचान गरी प्रेषण र निःशुल्क उपचारको व्यवस्था तथा सङ्घीय सरकारको विशेष अनुदानमा लम्कीचुहा सामुदायिक अस्पताल र वेदकोट अस्पतालको संरचना निर्माण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

९. **सामाजिक विकासको अवस्था** - प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७८।७९ – २०८२।८३) मा उल्लिखित लक्ष्य, सूचक र प्रगति स्थितिको आधारमा यस प्रदेशको सामाजिक विकासको अवस्था निम्नानुसार रहेको छः

क्र. सं.	सूचक	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य	राष्ट्रिय स्थिति (२०८०।८१)	प्रदेशको स्थिति (२०८०।८१)
१	५ वर्ष मुनिको बालबालिका मृत्युदर(प्रतिहजार जीवित जन्ममा)	३९	२२.९	३३
२	निरपेक्ष गरिबी (प्रतिशत)	११	२०.२७	३०.१६
३	मानव विकास सूचकाङ्क (मानव विकास प्रतिवेदन २०२३।२४ अनुसार)	०.६२१	०.६०१	०.५४७

स्रोतः आर्थिक सर्वेक्षण २०८०।८१ र सुदूरपश्चिम प्रदेश सरकार नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन।

उल्लिखित तालिका अनुसारका सूचकहरुमा राष्ट्रिय र प्रदेशको स्थिति तुलना गर्दा प्रदेश पछाडि रहेको देखिन्छ।

१०. **छात्रवृत्ति वितरण** – चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धमा एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ को बुँदा १२ मा चिकित्सा शिक्षा आयोगबाट सञ्चालित एम.बि.बि.एस. प्रवेश परीक्षा उतिर्ण गरी नेपाल सरकार वा अन्य कुनै पनि निकायबाट एम.बि.बि.एस. अध्ययन छात्रवृत्तिमा नपरेका र भर्ना हुन बाँकी रहेका विद्यार्थीहरूमध्ये प्रतिवर्ष बढीमा ९ जनालाई यो छात्रवृत्ति प्रदान गर्ने व्यवस्था छ। मन्त्रालयले २०७७।७८ देखि २०७९।८० सम्म प्रत्येक वर्ष ९ जनाका दरले २७ र यो वर्ष थप ८ समेत ३५ जनालाई हालसम्म रु.८ करोड ९० लाख छात्रवृत्ति वितरण गरेको छ।

छात्रवृत्तिका लागि विद्यार्थी छनोटमा दलित, आदिवासी जनजाती, सीमान्तकृत, लोपोन्मुख समुदायका, पिछडिएको क्षेत्रका विद्यार्थीहरू प्राथमिकतामा हुनुपर्नेमा छनोट भएका उल्लिखित ३५ विद्यार्थीमा पहिलो, दोस्रो र तेस्रो वर्ष लक्षित वर्गबाट कुनैपनि विद्यार्थी छात्रवृतिका लागि छनोट भएको पाइएन। चौथो वर्षमा १ दलित र १ महिला सहित ८ जना छनोट भएकोले छात्रवृतिमा लक्षित वर्गको उचित पहुँच र प्रतिनिधित्व भएको देखिएन। लक्षित समुदायका विद्यार्थीलाई समेत प्रतिफल प्राप्त हुने गरी कार्यक्रम पुनरावलोकन हुनुपर्दछ।

११. **मन्त्रालयबाट ठेक्का व्यवस्थापन** - प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०७४ मा सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत नियमन, निर्देशन, अनुगमन तथा मूल्याङ्कन जस्ता नीतिगत कार्यहरू रहेको छन। यस मन्त्रालयबाट यो वर्ष रु.९ करोड २५ लाख ९९ हजार लागत अनुमानका क्याम्पस भवन, अस्पताल भवन लगायतका संरचना निर्माण गर्न १५ ठेक्का व्यवस्थापन गरी रु.६ करोड ८४ लाख ५५ हजारको सम्झौता गरेको छ। नियमावलीमा भएको व्यवस्था बमोजिम मन्त्रालय नीतिगत कार्यमा केन्द्रित हुनुपर्दछ।

१२. **उपचार खर्च** - मन्त्रालयले सुदूरपश्चिम प्रदेश स्वास्थ्य उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि, २०८० बमोजिम औषधी उपचारका लागि यो वर्ष ३९७ जनालाई रु.३ करोड ८२ लाख ४६ हजार उपलब्ध गराएको छ। यसरी दिएको उपचार खर्चलाई सार्वजनिक गरी पारदर्शी बनाउनुपर्दछ।

शिक्षा विकास निर्देशनालय

१३. **जग्गाको स्वामित्व** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था गरेपश्चात बोलपत्र आह्वान गर्नुपर्ने तथा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा

वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ९(३) मा आयोजनाको लागि बजेट प्रस्ताव गर्दा जग्गा प्राप्तिको सम्बन्धमा समेत छलफल गर्नुपर्ने व्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त ड्रईङ् तथा डिजाइनको आधारमा शिक्षा विकास निर्देशनालय, डोटीले २०७९ आषाढ मसान्तसम्म सम्पन्न गर्ने गरी निजामती स्कुलको छात्रवास भवन र गर्ल्स होस्टेलको भवन निर्माणको लागि रु.३ करोड ७९ लाख ७७ हजारमा सम्झौता भएकोमा हालसम्म सम्पन्न भएको छैन। विस्तृत परियोजना प्रतिवेदन तथा ड्रइङमा करिब २० रोपनी जमिनमा १२ भवनहरू, स्विमिङ पुल, कम्पाउण्ड वाल लगायतको संरचना रहने र सोको लागि रु.३६ करोडभन्दा बढीको लागत अनुमान उल्लेख छ। स्थलगत निरीक्षणको क्रममा उक्त निर्माणाधीन संरचनाले चर्चेको जमिन सम्बन्धित आयोजनाको नाममा नभई वन क्षेत्रको जग्गा भएको देखिएको छ। जग्गा प्राप्ति सम्बन्धी आवश्यक पूर्वतयारी गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१४. **अधुरो भवन** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २६ मा स्वीकृत बजेट, कार्यक्रम र उपलव्ध स्रोत समेतको आधारमा खर्च गर्नुपर्ने र दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानुन बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नुपर्ने व्यवस्था छ। शिक्षा विकास निर्देशनालय, डोटीबाट २०७९।८० मा सुरु भएका रु.६५ करोड ५४ लाख लागतका ३ विद्यालय भवन निर्माणमा २ वर्षमा रु.४ करोड ४७ लाख खर्च भई अधुरो अवस्थामा रहेका छन। ठूलो लागतको योजना छनौट गरी प्रत्येक वर्ष न्यून विनियोजन तथा खर्च हुने प्रवृत्तिले योजनाबाट लाभ प्राप्त गर्न वर्षौं लाग्ने अवस्था छ। योजनाबाट निश्चित समयभित्र प्रतिफल प्राप्त हुनका लागि आवश्यक बजेट विनियोजन गरी समयमै निर्माण कार्य सम्पन्न गरिनुपर्दछ।

सामाजिक विकास कार्यालयहरू

१५. **आवासीय भवन निर्माण** – मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम मापदण्डमा विद्यालय भवन निर्माणको लागि विद्यालय छनोट गर्दा पर्याप्त जग्गा भएको, यातायात तथा सञ्चार सेवा भएको, भौगोलिक रूपले उपयुक्त, स्वास्थ्य संस्था नजिक रहेको, विद्यार्थी संख्या बढी भएको माध्यामिक विद्यालयहरूमध्ये प्रत्येक पालिकाबाट विस्तृत आयोजना प्रतिवेदनका आधारमा एक विद्यालय छनोट गर्नुपर्ने व्यवस्था छ। सामाजिक विकास कार्यालय, बाजुराले उक्त कार्यक्रमको लागि ९ पालिकाबाट ९ माध्यमिक विद्यालय छनोट गरेकोमा २ विद्यालयको पर्याप्त जग्गा नभएकोले पुरानो भवनमाथि थप निर्माण कार्य गर्ने गरी छनोट भएको र ७ विद्यालयको विस्तृत आयोजना प्रतिवेदन बेगर छनोट गरेको देखियो। तोकिएको मापदण्डको आधारमा विद्यालय छनोट गर्नुपर्दछ।

१६. **योजना तथा कार्यक्रम तर्जुमा** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ९ मा आगामी आर्थिक वर्षको लागि प्रदेशको नीति तथा कार्यक्रम अनुसार बजेट प्रस्ताव गर्नुपर्ने र नियमावलीको नियम ३६ मा त्रैमासिक प्रगतिको समीक्षा गर्नुपर्ने तथा कम प्रगति भएको कारण पहिचान गरी समस्या समाधान गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक विकास कार्यालय, डोटीलाई १३ भौतिक निर्माण योजनामा रु.२ करोड ७३ लाख विनियोजन भएकोमा योजनाहरू कार्यान्वयन भएको भएको छैन। बजेट विनियोजन भएका योजनाहरू कार्यान्वयन हुनुपर्दछ।

१७. **निर्माण पूर्व तयारी** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ९(३) मा आयोजनाको लागि बजेट प्रस्ताव गर्दा जग्गा प्राप्तिको सम्बन्धमा समेत छलफल गर्नुपर्ने व्यवस्था छ। सामाजिक विकास कार्यालय, डोटीले यो वर्ष बाजकोट र दिपायलमा निर्माण हुने दुई संरचना निर्माण कार्यमा रु.४२ लाख बजेट विनियोजन भएकोमा जग्गा विवादका कारण कार्य हुन सकेको छैन। निर्माणस्थल सुनिश्चित नभई बजेट प्रस्ताव तथा विनियोजन गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ।

अस्पतालहरू

१८. **मेसिन/उपकरणको प्रयोग** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४० मा सरकारी सम्पतिको समुचित उपयोग गर्नुपर्ने व्यवस्था छ। सेती प्रादेशिक अस्पताल, धनगढीमा रु.५ करोड ९७ लाख २७ हजार मूल्यका भेन्टिलेटर १४, यु.एस.जी. मेसिन ४ लगायत २७ थान मेसिन तथा उपकरण प्रयोग विहिन अवस्थामा रहेका छन्। मेसिन तथा उपकरणको मर्मत सम्भार गरी सदुपयोग गर्नुपर्दछ।

१९. **प्रोत्साहन भत्ता** - विस्तारित स्वास्थ्य सेवा कार्यक्रम (संञ्चालन) निर्देशिका, २०७९ को दफा ९ (क) मा विस्तारित अस्पताल सेवा कार्यक्रम अन्तर्गत सञ्चालन हुने ओपिडी कन्सल्टेशन, परीक्षण, निदान र शल्यक्रियाको काम अन्य परीक्षण एवम् उपचार निदानलाई बाधा नपर्ने गरी नियमित सेवा प्रदान गरिने व्यवस्था छ। यो वर्ष निम्नानुसार ४ अस्पतालले अतिरिक्त समय काम गरेवापत प्रोत्साहन भत्तामा रु.३ करोड ४५ लाख ५० हजार भुक्तानी गरेका छन।

अस्पताल	सेवाग्राहीको संख्या	आन्तरिक आय (रु.हजारमा)	प्रोत्साहन भत्ता (रु.हजारमा)
जिल्ला अस्पताल दार्चुला	६४१९५	१८४०४	७०५१
जिल्ला अस्पताल बैतडी	८५८४९	३६२१५	६२४१
सेती अस्पताल, धनगढी	३७५११८	१४३२२८	१२५१९
महाकाली अस्पताल, कञ्चनपुर	१३१४५९	१३०४७४	८७४०
जम्मा	**६५६६२१**	**३२८३२१**	**३४५५१**

प्रोत्साहन खर्चलाई अस्पतालको आन्तरिक आय र सेवा प्रवाहसँग तादाम्यता कायम गर्नुपर्दछ।

२०. **उपचारमा सहायता** - विस्तारित स्वास्थ्य सेवा कार्यक्रम (संञ्चालन) निर्देशिका, २०७९ अनुसार उपचार सहायता उपलब्ध गराउँदा अभिलेख राख्नुपर्ने व्यवस्था छ। महाकाली अस्पताल, कञ्चनपुरका चिकित्सकको सिफारिसका आधारमा सेती प्रादेशिक अस्पतालले ३ हजार ३३७ जनालाई रु.५९ लाख ५० हजार छुट सहायता उपलब्ध गराएपनि उक्त सहायता प्राप्त गर्ने व्यक्तिको अभिलेख तयार गरेको छैन। निर्देशिकाले तोकेअनुसार समितिको सिफारिसको आधारमा सहायता उपलब्ध गराई विवरण सार्वजनिक गर्नुपर्दछ।

२१. **अधुरो भवन** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४० मा सरकारी रकम मितव्ययी रुपमा खर्च गर्नुपर्ने व्यवस्था छ। डोटी जिल्ला अस्पताललाई ५० शैय्यामा स्तरोन्नतीका लागि भवन निर्माण गर्न रु.१० करोड २७ लाख २६ हजारमा एक निर्माण व्यवसायीसँग २०७७।११।७ मा सम्झौता भई २०८०।१०।२१ सम्म म्याद रहेकोमा यो वर्ष बजेट

विनियोजन नभएकोले भवन अधुरो रहेको छ। आबश्यक बजेट विनियोजन गरी सम्झौताको शर्त बमोजिम भवन निर्माण सम्पन्न गर्नुपर्दछ।

२२. **मेसिन उपकरण** - स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मा अस्पतालमा शैय्या संख्या बर्गीकरण अनुसार उपकरण, जनशक्ति र भौतिक पूर्वाधार व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट जिल्ला अस्पताल अछामलाई प्राप्त भएका आई.सि.यु बेड १०, भेन्टिलेटर २, मोनिटर २ र अटोक्लेभ मेसिन १ समेत १५ थान मूल्य नखुलाएका मेसिन तथा उपकरणहरू वारेन्टी अवधि समाप्त हुँदासम्म प्रयोगमा ल्याएको छैन। स्वास्थ्य उपकरणहरू प्रयोगमा ल्याउनुपर्दछ।

समिति तथा अन्य संस्था

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान

सुदूरपश्चिम प्रदेशभित्रका सबै भाषा, साहित्य, कला तथा संस्कृतिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाज उपयोगी कृतिहरू तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरूको सम्मान र कदर गर्न सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत यो प्रतिष्ठानको स्थापना भएको हो।

२३. **काम, कर्तव्य र अधिकार** - सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा ९ मा सभाको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। जस अनुसार प्रतिष्ठानको नीति निर्धारण, वार्षिक योजना तथा कार्यक्रम स्वीकृति, बजेट पारित, नियम स्वीकृत गर्ने लगायत ८ काम, कर्तव्य र अधिकार रहेको छ। ऐनको दफा ७ बमोजिम प्रतिष्ठानको सभा नभएकोले प्रतिष्ठानको सभा अन्तर्गत रहेको काम, कर्तव्य र अधिकार सामाजिक विकास मन्त्रालय, धनगढी कैलालीबाट प्रयोग भएको देखियो। प्रतिष्ठानको स्थापनाकाल देखि नै वार्षिक योजना तथा कार्यक्रम स्वीकृत भएकोमा २०७९।८० मा रु.२८ लाख ३९ हजार र २०८०।८१ मा रु.१ करोड १८ लाख सामाजिक विकास मन्त्रालयबाटै खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा रु.१ करोड ६ लाख २७ हजार खर्च गरेको छ। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

प्रदेश खेलकुद परिषद्

सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ को दफा ३ को उपदफा (१) बमोजिम प्रदेश सरकारलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाब दिने, प्रदेश, अन्तर प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने, संस्कृति, खेलकुद सम्बन्धी भौतिक संरचनाको निर्माण, सञ्चालन, संरक्षण तथा रेखदेख गर्ने तथा सुदूरपश्चिम प्रदेश खेलकुद ऐन तथा नियमावलीमा तोकिएका अन्य कार्य सञ्चालन गर्ने गरी यो परिषद्को स्थापना भएको हो।

२४. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने र नियम १२३ (ख) मा बिल वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिमार्फत भैरवनाथ मा.वि. खेलमैदान, बाजुरा, पुनर्वास खेल मैदान, कञ्चनपुर लगायत ५ जिल्लाको खेलमैदान निर्माणको कार्यसम्पन्न गरी पेस गरेको उपभोक्ता समितिको बिलसाथ संलग्न फोटोमा

डोजर प्रयोग भएको देखिएकोले मेसिनद्वारा गरिएको कार्यको दर अनुसार भुक्तानी गर्नुपर्नेमा मानिसद्धारा गरिने कार्यको दरमा भुक्तानी गरेकोले रु.६ लाख २ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित बेहोरामध्ये एकीकृत अनुदान नीति तर्जुमा नभएको, छात्रवृत्ति वितरणको अनुगमन नभएको लगायतका बेहोरा औँल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतका ४९ निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन्:
  - सरकारी कार्यालयतर्फ ३७ निकायमा रु.३ करोड ७८ लाख ७६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४० लाख ८९ हजार फर्स्यौंट भई रु. ३ करोड ३७ लाख ८७ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - समिति तथा अन्य संस्थातर्फ १२ निकायमा रु.४ करोड ७५ लाख ३१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५० लाख ३३ हजार फर्स्यौंट तथा रु.१७ लाख ४ हजार थप भई रु.४ करोड ४२ लाख २ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ।

प्रदेश नीति तथा योजना आयोग

सुदरपश्चिम प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:

- प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण,
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने
- प्रदेशको विकासको संभावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन,
- सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण,
- लाभ लागत लगायतका विविध पक्षको विश्लेषणको आधारमा आयोजना बैङ्क बनाउने र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनोट,
- प्रदेशको स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने
- अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्वन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण,
- प्रदेशको समष्टिगत अर्थतन्त्र अनुरुप नीति तथा योजनाको तर्जुमा,
- सङ्घ, प्रदेश तथा स्थानीय तहको सह-लगानी हुने आयोजना छनोट र पूर्व तयारी गर्न आवश्यक काम, प्रदेश स्तरका ठूला आयोजनाहरूको छनोट,
- प्रदेशमा निजी क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट कन्ट्रयाक्टिङ्ग, इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट, कन्ट्रायाक्टिङ्ग एण्ड फायनान्सिङ्ग र विल्ड, वोन, अपरेट एण्ड ट्रान्सफर प्रणालीमा आयोजना निर्माण,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गरी कार्यान्वयनमा सहजीकरण।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष आयोगको रु.२ करोड ३२ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

विनियोजन / खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२३२७३	०	०	०	२३२७३

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छ:

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक / सुविधा	१०५९६	११४२४	७३७९	६४.५९
२२१०० सेवा महसुल	७०८	७९८	५६२	७०.४३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र	२२८०	२५८०	२४०४	९३.१८
२२३०० कार्यालय सामान तथा सेवाहरू	१०७२	१२२२	१०१७	८३.२२
२२४०० सेवा तथा परामर्श खर्च	२६७३	२८८१	२८८१	१००.००
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	८५००	८५००	४९७९	५८.५८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	९५१	११०१	७३७	६६.९४
२२७०० विविध खर्च	५४०	५४०	५३९	९९.८१
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१९८०	१९८०	१९४२	९८.०८
चालु खर्च जम्मा	**२९३००**	**३१०२६**	**२२४४२**	**७२.३३**
पुँजीगत खर्च				
३११२० सवारी साधन तथा मेशिनरी	१२००	१२००	८३१	६९.२५
पुँजीगत खर्च जम्मा	**१२००**	**१२००**	**८३१**	**६९.२५**
कुल खर्च	**३०५००**	**३२२२६**	**२३२७३**	**७२.२२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७२.३३ प्रतिशत, पुँजीगततर्फ ६९.२५ प्रतिशतर समग्रमा ७२.२२ प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। आयोगले आफ्नो निकाय समेतको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। आयोगमा यो वर्ष रु.३ करोड २२ लाख बजेट विनियोजन भएकोमा रु.२ करोड ३२ लाख खर्च भएको छ। पूर्णरुपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ७२.०५ प्रतिशत बजेट खर्च भएको छ। उल्लिखित अवस्थाको आधारमा आयोगबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

५. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। आयोगले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **आवधिक योजना -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७८।७९-२०८२।८३) कार्यान्वयनमा रहेको छ। आवधिक योजनाको केही सूचकको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

लक्षित क्षेत्र	आधार वर्ष २०७७।७८ को स्थिति	२०८०।८१ सम्मको लक्ष्य	२०८०/८१ को प्रगति
आर्थिक वृद्धि दर(प्रतिशत)	३.६	१०.६	३.४१
पुँजीगत बजेट प्रक्षेपण(प्रतिशत)	७५.२२	८०	६२.०६
कुल पुँजीगत खर्च (रु. करोड)	१६७६	२६५६	१०५६
निरपेक्ष गरिवीमा रहेको जनसंख्या(नेपाल जीवनस्तर सर्वेक्षण, २०७९।८०) (प्रतिशत)	२४.६	१७	३४.१६
प्रमुख अन्नबाली धान, गहुँ, मकै, कोदो र जौ उत्पादन (मे.ट.)	१११६९१६	१४८६६१५	७२११४०
सिँचित क्षेत्रफल विस्तार(हेक्टर)	९०१७	३८००	८९२
विद्युतको पँहुच प्राप्त परिवार (प्रतिशत)	६४.६९	८५	८३.५

स्रोतः प्रथम प्रदेश आवाधिक योजना, सु.प.आर्थिक सर्वेक्षण २०८०।८१, नेपाल जीवनस्तर सर्वेक्षण २०७९।८०

आवधिक योजनालाई बार्षिक बजेट तथा कार्यक्रमहरूसँग आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

७. **मध्यमकालीन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६(१) मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। मध्यमकालीन खर्च संरचना बमोजिम विगत ३ वर्षको खर्चको प्रक्षेपण र वास्तविक बजेटको अवस्था निम्नानुसार छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट कार्यक्रमबीच सामञ्जस्यता कायम गरी तोकिएको लक्ष्य हासिल गर्ने गरी नीति तथा कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

(रु.हजारमा)

आर्थिक वर्ष	मध्यमकालीन बजेट प्रक्षेपण	विनियोजित बजेट	प्रक्षेपणको तुलनामा विनियोजन प्रतिशत
२०७८।७९	१६४७५७६७	२०८७७३५८	१२६.७१
२०७९।८०	३६७४६४६५	२४०६३०९५	६५.४८
२०८०।८१	४०४१११११२	१८५१३५७७	४५.८१

८. **विकासको अवस्था -** आवधिक योजना अनुसारको लक्ष्य र प्रदेशको विकासको अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	सूचक	योजनाको लक्ष्य	राष्ट्रिय स्थिति	प्रदेश स्थिति
१	आर्थिक वृद्धि(प्रतिशत)	१०.५	३.८७	३.४१
२	मानव विकास सुचकाङ्क	०.६२१	०.६०१	०.५४७
३	राष्ट्रिय प्रतिव्यक्ति आय (अमेरिकी डलर)	१७१५	१४५६	११११
४	गरिबी प्रतिशत	११	१५.१	३४.१६
५	बहुआयामिक गरिबी (प्रतिशत)	१३	१७.४	२५.३
६	साक्षरता दर (प्रतिशत)	९०	७६.३	७६.२
७	लैंगिक विकास सूचाकांक	०.९६३	०.८८५	०.९०३
८	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा)	१०	१५१	१३०
९	आधारभुत खानेपानी सुविधा पुगेको परिवार(प्रतिशत)	९९	९४.९	८६.५३
१०	विद्युतमा पहुँच प्राप्त परिवार	९९	९६.७	६४.६९
११	अपेक्षित आयु(जन्म हुँदाको वर्ष)	७२	७०.५	६९.८
१२	रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा (प्रतिशत)	५५	३६.५	३९
१३	वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन (प्रतिशत)	५८	२५	३८
१४	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या (प्रतिशत)	५०	३२	५
१५	श्रम सहभागिता दर(१५ वर्ष माथि)	३५	३८.५	२७.३

स्रोतः सुदूरपश्चिम प्रदेशको प्रथम योजना, आर्थिक सर्वेक्षण २०८०।८१ र अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८०।८१

उल्लिखित अनुमानित लक्ष्य र प्राप्तिको अवस्थाबीच विश्लेषण गर्दा प्रदेशको विकासको अवस्था राष्ट्रिय विकासको अवस्था भन्दा न्यून देखिन्छ। प्रदेशको आवधिक योजनाले राखेको लक्ष्य प्राप्तितर्फ केन्द्रित हुनुपर्दछ।

९. **आवधिक योजना कार्यान्वयनको अवस्था** - प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" भन्ने दीर्घकालीन सोचसहित प्रथम पञ्चवर्षीय योजना (२०७८।७९-२०८२।८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। आवधिक योजनाले तय गरेका वार्षिक लक्ष्यको समीक्षा नगरिएकाले आवधिक योजनाले २०८२।८३ सम्म निर्धारण गरेका आत्मनिर्भरता सम्बन्धी २२ र समृद्धि सम्बन्धी २० सूचकहरूको प्रगति मूल्याङ्कन गरिएको देखिएन। प्रत्येक वर्ष आवधिक योजनाले तय गरेका लक्ष्यहरूको समीक्षा गरी सोहीअनुसार नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नुपर्दछ।

१०. **प्रदेश विकास समस्या समाधान समिति** - सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ को बुँदा नं. ५ मा प्रदेश विकास समस्या समाधान समितिको प्रत्येक त्रैमासिक अवधि समाप्त भएपछि अर्को महिनाको अन्तिम हप्ताभित्र बैठक बस्ने र विभिन्न निकायबाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने र निर्णय कार्यान्वयनको अनुगमन समेत गर्ने व्यवस्था रहेको छ। यो वर्षको समितिको बैठकको अभिलेख आयोगबाट प्राप्त भएन। प्रदेशको साझा समस्या समाधान गर्न र विकासका गतिविधिहरूलाई व्यवस्थित गर्न समितिको नियमित बैठक बसी निर्णय कार्यान्वयनको अनुगमन समेत हुनुपर्दछ।

११. **प्रदेशको प्रथम पञ्चवर्षीय योजना -** प्रदेश सरकारको २०७८।७९ देखि २०८२।८३ सम्ममा कार्यान्वयन गर्न चालु खर्च रु.७९ अर्ब र पुँजीगत खर्च रु.१ खर्ब ७६ अर्ब ३० करोडसमेत रु.२ खर्ब ५५ अर्ब ३० करोड खर्च गर्ने गरी प्रथम पञ्चवर्षीय योजना लागु गरेको छ। आवधिक योजनामा उल्लेख भए अनुसार यो वर्षसम्म निम्नानुसार रु.१ खर्ब १२ अर्ब ३० करोड खर्च हुनुपर्नेमा हालसम्म रु.६३ अर्ब ४५ करोडमात्र खर्च भएको अवस्थाबाट योजनाको पहिलो ३ वर्षमा रु.४८ अर्ब ८५ करोड (४३.५० प्रतिशत) न्यून खर्च भएको छ।

(रु. करोडमा)

	खर्च शीर्षक	२०७८।७९	२०७९।८०	२०८०।८१	जम्मा
आवधिक योजनाको प्रक्षेपण	चालु खर्च	१८००	२२००	३०८०	७०८०
	पुँजीगत खर्च	१३००	१३५०	१५००	४१५०
	जम्मा खर्च	**३१००**	**३५५०**	**४५८०**	**११२३०**
वास्तविक बजेट खर्च	चालु खर्च	८९३	८२५	७९५	२५१३
	पुँजीगत खर्च	११९५	१५८१	१०५६	३८३२
	जम्मा खर्च	**२०८८**	**२४०६**	**१८५१**	**६३४५**
	अन्तर (न्यून)	**१०१२**	**११४४**	**२७२९**	**४८८५**

आवधिक योजनाको खर्च प्रक्षेपण अनुरुप प्रदेश सरकारले थप स्रोत व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

१२. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. १२९ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि आयोगले सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

१३. **आयोजना बैङ्क -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १५(क) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण तथा प्राथमिकिरण गर्न एक आयोजना बैङ्क रहने र मन्त्रालयले आयोजना बैङ्कमा आयोजना प्रविष्ट गराउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसारको कार्य आयोगबाट गरेको पाइएन। उपरोक्त व्यवस्थाअनुसार आयोजना बैङ्क तयार गर्नुपर्दछ।

१४. **अनुगमन तथा मूल्याङ्कन -** आयोगले प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ तयार गरी लागु गरेको छ। निर्देशिकाले तोके अनुसार अनुगमन सम्बन्धी कार्यका लागि विद्युतीय अनुगमन प्रणाली कार्यान्वयनमा ल्याउने, तोकिएको ढाँचाका विभिन्न फाराम प्रयोगमा ल्याउने, निर्देशिकाको बुँदा नं २२ बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको विश्लेषण गरी त्यसमा देखिएका कमी कमजोरी सुधारका लागि आवश्यक कारबाही गर्नुपर्ने लगायातका व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन। निर्देशिकाले तोके बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा उल्लिखित यस आयोगसँग सम्बन्धित बेहोराहरूमध्ये आवधिक योजनाले तय गरेका लक्ष्यको समीक्षा नगरेको, मध्यमकालीन खर्च संरचना र आवधिक योजनाबीच तादाम्यता कायम नगरेको, आयोजना बैङ्क तयार गरी योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन नगरेको, लगायतका बेहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ यो वर्ष रु.२ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत बनाउन प्रदेश लोकसेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको स्थापना भएको छ।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष लोक सेवा आयोगको रु.४ करोड ८९ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन / खर्च	राजस्वतर्फ	धरौटीतर्फ	अन्य कारोबारतर्फ	जम्मा
४८९०५	२९	१४	०	४८९४८

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक बर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२९०७८	३०२७८	१४७०३	४८.५६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१६	२१६	५७	२६.३९
२२१०० सेवा महसुल	११५०	११५०	८१०	७०.४३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३०९१	३०९१	२५५७	८२.७२
२२३०० कार्यालय सामान तथा सेवाहरू	७०२०	७०२०	१९९८	२८.४६
२२४०० सेवा तथा परामर्श खर्च	७३८९	७३८९	५८९४	७९.७७
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	९८१	९८१	३०४	३०.९९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१४३०	१४३०	९७८	६८.३९
२२७०० विविध खर्च	२५२२१	२५२२१	१८९६०	७५.१८
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३१७४	३१७४	१९५०	६१.४४
चालु खर्च जम्मा	**७८७५०**	**७९९५०**	**४८२११**	**६०.३०**
पुँजीगत खर्च				
३१११० भवन तथा संरचना	१२४००	१२४००	०	००.००
३११२० सवारी साधन तथा मेशिनरी	१३५०	१३५०	५०३	३७.२६
३११३० अन्य पुँजीगत खर्च	२०००	२०००	०	००.००
३११५० सार्वजनिक निर्माण	५००	५००	१९१	३८.२०
पुँजीगत खर्च जम्मा	**१६२५०**	**१६२५०**	**६९४**	**४.२७**
कुल खर्च	**९५०००**	**९६२००**	**४८९०५**	**५०.८४**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६०.३०, पुँजीगततर्फ ४.२७ र समग्रमा ५०.८४ प्रतिशत खर्च भएको छ।

३. **वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। आयोगले सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार एकीकृत वित्तीय विवरण तयार गरेको छैन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **पाठ्यक्रम निर्माण** - सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १४ मा प्रदेश सेवाको पदपुर्ति गर्नको लागि पाठ्यक्रम निर्माण गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। आयोगले प्रचलित पाठ्यक्रमको आधार लिई सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयका प्रतिनिधिहरू र विषयवस्तुसँग सम्बन्धित विज्ञहरूको राय सुझाव लिई प्रदेशसँग सान्दर्भिक र समसामयिक विषयवस्तु समावेश गरी हालसम्म सहायकस्तरका स्वास्थ्य सेवा, इन्जिनियरिङ्ग सेवा, वन सेवा, कृषि सेवा, प्रशासन र विविध सेवा लगायत विभिन्न समूह, उपसमूहका संयुक्त परीक्षा हुने र एकल परीक्षा हुने गरी कुल ५६ पदहरूको पाठ्यक्रम निर्माण गरेकोमा अधिकृत स्तरको पाठ्यक्रम निर्माण गरेको छैन। कानुनी व्यवस्था बमोजिम तोकिएका सबै पदको पाठ्यक्रम निर्माण गर्नुपर्दछ।

५. **पदपूर्ति व्यवस्था र सिफारिस** – यो वर्ष आयोगले २०७९।८० मा विज्ञापन गरी विभिन्न सेवा समूहका २३ पदको लिखित परीक्षा र अन्तर्वार्ता मार्फत ६३३ जनालाई नियुक्तिको लागि सिफारिस गरेको छ। आयोगले २०८०।८१ मा कुनै पदको विज्ञापन गरेको छैन।

अनुगमन

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लिखत आयोगसँग सम्बन्धित बेहोराहरूमध्ये स्थानीय तहहरूले तोकेको प्रकृया पुरा गरेर नियुक्ति बढुवा र विभागीय कारबाहीको प्रक्रिया सञ्चालन गरेको सम्बन्धमा आयोगले अनुगमन नगरेको, वार्षिक कार्यतालिका अनुसार कार्यसम्पादन गरी प्रगति हासिल नगरेको लगायतका बेहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार र मातहतका कार्यालयहरूलाई विपक्षी बनाएर दायर भएका मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा तथा बहस पैरवी गर्ने, प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकेको अधिकारीलाई कुनै संवैधानिक वा कानुनी पक्षमा राय दिने तथा प्रदेश सरकार र मातहतका निकायलाई विपक्षी बनाएका मुद्दामा विभिन्न अदालत तथा न्यायिक निकायहरूमा उपस्थित भई बहस र पैरवी गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष कार्यालयको निम्नानुसार रु.२ करोड ८ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२०४८७	०	३२२	०	२०८०९

२. **वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्दान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नुपर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **मुद्दाको अवस्था** - कार्यालयबाट प्राप्त विवरणअनुसार गतवर्षको जिम्मेवारी सरी आएका ७६ र यो वर्ष थप भएका ३५ समेत १११ मुद्दामध्ये ४६ फर्स्यौट भई ६५ मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। बाँकी मुद्दामध्ये सर्वोच्च अदालतमा ५६, उच्च अदालत, पाटनमा १ र जिल्ला अदालतमा ८ रहेका छन।

५. **कानुनी राय -** नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहाकार हुने संवैधानिक एवम् कानुनी व्यवस्था गरेको छ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रदेश सरकारले माग गरे अनुसार राय सल्लाह दिनु मुख्यन्यायाधिवक्ताको कर्तव्य हुने उल्लेख भएअनुसार यो वर्ष कार्यालयले जम्मा ३ कानुनी राय उपलब्ध गराएको विवरण पेस गरेको छ।

६. **बहस, पैरवी तथा प्रतिरक्षा -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४(१) (क) बमोजिम प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारकोतर्फबाट उपस्थित भई बहस वा पैरवी गर्ने व्यवस्था छ। कार्यालयको अभिलेख अनुसार प्रदेश सरकारका विभिन्न निकायलाई विपक्षी बनाई दायर गरिएका १०९ मुद्दामा कार्यालयले यो वर्ष २०९ पटक बहस, पैरवी तथा प्रतिरक्षा गरेको छ।

७. **बाल सुधार गृहको अनुगमन -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाको सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ (ङ) मा अनुगमन सम्बन्धी व्यवस्था छ। कार्यालयले यो वर्ष बालसुधार गृह, डोटीको अनुगमन गर्दा २५ बालबालिका राख्न मिल्ने क्षमतायुक्त सुधार गृहमा ५५ बालबालिका रहेको अनुगमन प्रतिवेदनमा उल्लेख छ। अनुगमनका क्रममा खाना, आवास, स्वास्थ्य उपचार, सरसफाई, मानवोचित व्यवहार लगायतका विषयहरूलाई ध्यान दिई कमजोरी सुधार गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ। प्रतिवेदनको कार्यान्वयन हुनुपर्दछ।

८. **कारागारको अनुगमन -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाको सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ (ङ) मा अनुगमन सम्बन्धी व्यवस्था छ। यो वर्ष कार्यालयबाट कारागारमा रहेका कैदी बन्दीहरू उपर मानवोचित व्यवहार भए नभएको, आफन्त र कानुन व्यवसायीसँग भेटघाट भए नभएको जानकारी लिने र कार्यालयको भौतिक अवस्था अनुगमन गरी त्यसबाट देखिएका समस्या समाधानको लागि सम्बन्धित निकायमा पहल गर्ने उद्देश्यले बाजुरा, अछाम र बझाङ्ग जिल्लास्थित कारागार कार्यालयको अनुगमन गरेको छ। प्राप्त विवरणअनुसार बाजुरा जिल्ला कारागारको क्षमता २५ रहेकोमा ७१, अछाम जिल्ला कारागारको क्षमता ७५ रहेकोमा ८४ र बझाङ्ग जिल्ला कारागारको क्षमता २५ रहेकोमा ६८ कैदी बन्दी रहेका छन्। क्षमताभन्दा बढी कैदी बन्दी रहेकोले तत्काल कारागारको स्तरोन्नति गर्नुपर्ने, कारागारमा सुरक्षाकर्मी थप गर्नुपर्ने, दरबन्दी अनुसार स्वास्थ्यकर्मीको पदपूर्ति हुनुपर्ने, खेलकुदका लागि स्थान व्यवस्थापन गर्नुपर्ने लगायतका बेहोरा अनुगमन प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनको कार्यान्वयन हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा उल्लिखित यस कार्यालयसँग सम्बन्धित बेहोराहरूमध्ये कानुनी राय, बाँकी रहेका मुद्दा फर्स्यौंटको अवस्था लगायतका बेहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ यो वर्ष रु.७१ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी **विवरण अनुसूची-९** मा रहेको छ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्। नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा साझा अधिकारको व्यवस्था भए अनुसार कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको देखिन्छ ।

१. **संवैधानिक र कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** — नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनसक्ने व्यवस्था छ । स्रोत संकलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाउन सकेका छैनन् । आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गतविगत वर्ष औँल्याइएकोमा यो वर्ष पनि उल्लेखनीय सुधार भएको छैन ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ८८ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.५ अर्ब ८८ करोड ६४ लाख र यो वर्षको आय रु.५२ अर्ब ५१ करोड ८३ लाख मध्ये रु.५३ अर्ब २० करोड ५ लाख खर्च भएको देखिन्छ। कुल खर्चमध्ये चालु खर्च रु.२९ अर्ब ९० करोड १ लाख, पुँजीगत खर्च रु.११ अर्ब ७ करोड ८६ लाख र वित्तीय तथा अन्य खर्च रु.१२ अर्ब २६ करोड १८ लाख समेत बाँकी रु.५ अर्ब १६ करोड ४२ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रु.लाखमा)

क सं	विवरण	संख्या	सुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांट	बान्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	उप महानगरपालिका	१	४८२३	८४२४	५८२	३५८८	३३६१	६१८१	२२१३६	१००४७	६१०८	५८८३	२२०३८	४९२१
२	नगरपालिका	३३	३४५५९	१४१४०५	८१७७	३८७८२	७७४९	५०४५७	२४६५७०	१३८३९९	५१२५१	६२५२५	२५२१७५	२८९५४
३	गाउँपालिका	५४	१९४८२	१५२८१६	१०८१६	४०८८६	२७१८	४९२४१	२५६४७७	१५०५५५	५३४२७	५४२१०	२५८१९२	१७७६७
	जम्मा	**८८**	**५८८६४**	**३०२६४५**	**१९५७५**	**८३२५६**	**१३८२८**	**१०५८७९**	**५२५१८३**	**२९९००१**	**११०७८६**	**१२२६१८**	**५३२४०५**	**५१६४२**

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार यो वर्ष संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रु.हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
		संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
१	समानीकरण	९४८७४००	८०६१३५	१०२९३५३५	८८२३०६७	८०६१३५	९६२९२०२
२	सशर्त	२०६७३७०२	४९४३५०	२११६८०५२	१८३९६२१०	४३८३०६	१८८३४५१६
३	समपुरक	८७६८००	६३८९८५	१५१५७८५	५७८९०२	३३५४५९	९१४३६१
४	विशेष	१०४१५००	४०८१००	१४४९६००	७२३५५८	३३७९६७	१०६१५२५
	जम्मा	**३२०७९४०२**	**२३४७५७०**	**३४४२६९७२**	**२८५२१७३७**	**१९१७८६७**	**३०४३९६०४**

नोटः उल्लिखित विवरणमा वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त, विशेष र समपूरक अनुदान खर्च नभई बाँकी रहेको रकम सङ्घ तथा प्रदेश सञ्चित कोषमा फिर्ता भएको रकम समायोजन गरेको छ।

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ८८.९० प्रतिशत तथा प्रदेश सरकारबाट ८१.७० प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउनसक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ८८ स्थानीय तहको २०८०।८१ को कुल आन्तरिक आय रु.१ अर्ब ३८ करोड २८ लाख रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु धान्न नसकेको अवस्था छ। स्थानीय तहको क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेश र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। सुदूरपश्चिम प्रदेशमा रहेका ८८ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रु.२९ अर्ब ९० करोड १ लाख (५६.१६ प्रतिशत), पुँजीगत खर्च

रु.११ अर्ब ७ करोड ८६ लाख (२०.८१ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रु.१२ अर्ब २६ करोड १८ लाख (२३.०३ प्रतिशत) खर्च रहेको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद्को व्यवस्था छ। प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ।साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश समन्वय परिषदलाई प्रभावकारी बनाउनुपर्दछ ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ८८ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ७ हजार ८६ दफा र लगती ६ हजार ५८४ दफाबाट रु.२ अर्ब ३० करोड ९० लाख २१ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिक्रियाबाट रु.२३ करोड ३ लाख ६२ हजार बेरुजु फर्स्यौट तथा रु.३ करोड ५४ लाख ४९ हजार थप भई रु.२ अर्ब ११ करोड ४१ लाख ८ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रकम रु. हजारमा)

वर्गीकरण	बेरुजु अङ्क	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**३५८२०५**	**१६.९४**
२. नियमित गर्नुपर्ने	**१५२०१५५**	**७१.९१**
२.१ अनियमित भएको	७८२२४८	३७.००
२.२ प्रमाण कागज पेस नभएको	७२७९४६	३४.४३
२.३ शोधभर्ना नलिएको	९९६१	०.४७
३. पेस्की	**२३५७४८**	**११.१५**
जम्मा बेरुजु	**२११४१०८**	**१००**

नोटः उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ ।

(रु. हजारमा)

क सं	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	उप महानगरपालिका	१	४४१७७२८	४७२६९	२३०१०	१.०७	०.५५
२	नगरपालिका	३३	४९९०४४७१	१११२६७७	१४३८८७	२.२३	१.९४
३	गाउँपालिका	५४	५१४३७०२५	९५४१६२	६८८५०	१.८६	१.७२
जम्मा		**८८**	**१०५७५९२२५**	**२११४१०८**	**२३५७४७**	**२.००**	**१.७८**

यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१४ मा समावेश छ।

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य वेहोरा देहाय अनुसार छन्:

- **कानुन निर्माण तथा परिपालना** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौट, सम्परीक्षण नगराएको स्थिति छ ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका विभिन्न सुविधा प्रदान गरेको लगायत वेहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम**- केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजश्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजश्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजश्व बाँडफाँट नगरेको लगायत वेहोरा यो वर्ष समेत देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेस भएका प्रतिवेदनहरु कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, सम्झौता अवधिमा कार्य सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको,

भेरिएसन स्वीकृत नगराई सम्झौतामा उल्लेखित भन्दा बढी कार्यको भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन -** आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण गरेको, बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत वेहोरा देखिएका छन् ।

- **अभिलेख तथा अनुगमन -** स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ । लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, स्थानीय तहभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१३. **बेरुजु फर्स्यौट तथा सम्परीक्षण** - सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रु.१६ अर्ब २४ करोड २७ लाख ९१ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.६० करोड ३० लाख ८८ हजार फर्स्यौट भई रु.१५ अर्ब ६३ करोड ९७ लाख ३ हजार बाँकी रहेकोमा यो वर्षको लेखापरीक्षणबाट थप भएको रु.२ अर्ब ११ करोड ४१ लाख ८ हजारसमेत रु.१७ अर्ब ७५ करोड ३८ लाख ११ हजार बेरुजु बाँकी रहेको छ ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्नसक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फर्स्यौटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३८ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ।

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ६ प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पहिलो र छैटौं प्रतिवेदनउपर छलफल हुन बाँकी रहेको छ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १४४ कार्यालयको लेखापरीक्षण भएकोमा ९२ कार्यालयको सैद्धान्तिक दफा १ हजार ४९२ र लगती दफा ९५६ बाट रु.५० करोड १३ लाख ४६ हजार(प्रतिक्रियाबाट भएको थप बेरुजु समेत) बेरुजु देखिएकोमा १९ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा ५ र लगती दफा ८५ को रु.५ करोड १८ लाख ७८ हजार फर्स्यौंट भई रु.४४ करोड ९४ लाख ६८ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १८ निकायको सैद्धान्तिक दफा २०५ र लगती दफा २१९ बाट रु.५ करोड ४५ लाख ५४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट ५ निकायको लगती दफा ३३ को रु.५० लाख ३३ हजारबाट फर्स्यौंट तथा रु.१७ लाख ४ हजार थप भई रु.५ करोड १२ लाख २५ हजार बाँकी रहेको छ। कानुनबमोजिम बेरुजु फर्स्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रु.२ अर्ब ६८ करोड २९ लाख २९ हजार बेरुजु रहेकोमा सम्परीक्षणबाट रु.२२ करोड ६ लाख ९४ हजार फर्स्यौंट तथा रु.२ करोड १० लाख ९२ हजार बेरुजु थप भई रु.२ अर्ब ४८ करोड ३३ लाख २७ हजार बेरुजु बाँकी रहेको छ। सोमा यो वर्ष रु.५० करोड ६ लाख ९३ हजार थप भई रु.२ अर्ब ९८ करोड ४० लाख २० हजार बाँकी रहेको छ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

दिगो विकासका लागि स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले यसका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी उपयुक्त सँगठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको यो वर्षको लेखापरीक्षणबाट देखिएका कमी कमजोरीहरूमा पुनरावृत्ति नहुने गरी आर्थिक र वित्तीय अनुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक कानुन सम्बद्ध पक्षसँगको समन्वयमा तर्जुमा गरी कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ । यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

३. सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन बञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

४. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

५. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजु बारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

६. मातहतका कार्यालयहरूबाट गराउनु पर्ने कार्यहरू मन्त्रालयमा एकमुष्ट बजेट राखी आफैं गराउने गरेको देखिएकोले मन्त्रालयहरू कार्य सञ्चालनस्तरका काममा संलग्न नभई नियमन, समन्वय, अनुगमन लगायत कार्यमा केन्द्रित रहनुपर्दछ।

७. सङ्घ, प्रदेश र स्थानीय तहबीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

८. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

९. पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अवण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने कार्यबाट विकास निर्माण कार्यको गुणस्तरमासमेत कमि आउने भएकोले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

१०. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११. संघ/प्रदेश/स्थानीय तहबीच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात कानुन बमोजिम फिर्ता गर्नुपर्ने भएमा आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

१२. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

१३. राजस्वबाट चालु खर्च धान्न कठिनाई भई रहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनु पर्दछ।

१४. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेगरी मात्र अनुदान प्रदान गर्नुपर्दछ ।

१५. व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरूमा लगानी गर्दा लगानीको प्रकृति (शेयर वा ऋण) उल्लेख गर्नुपर्दछ। संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुदैन।

१६. प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी बाँडफाँट गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (क) र प्रदेशको आर्थिक ऐन, २०८० को व्यवस्था बाझिएकोले कानूनी रुपमै स्पष्ट गर्नुपर्दछ।

१७. टाँगा, रिक्सा, अटोरिक्सा तथा ई रिक्सामा लगाइने सवारी साधन करको सम्बन्धमा प्रदेश आर्थिक ऐन, २०८०, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० मा भएको व्यवस्थामा सामञ्जस्यता ल्याउनु पर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१८. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

१९. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्नुपर्दछ।

२०. प्रयोगमा नभएका भवन, उपकरण, सवारी साधन लगायत सम्पत्तिहरू हस्तान्तरण एवं व्यवस्थापन गर्नुपर्दछ।

विकास व्यवस्थापन

२१. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

२२. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२३. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

२४. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्नेगरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई समेत जवाफदेही बनाउनुपर्दछ ।

२५. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी आयोजना बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

२६. प्रदेश अन्तर्गत निर्माण भईरहेका प्रादेशिक गौरवका योजनाहरूको नियमित अनुगमन तथा प्रगति समीक्षा नगरेकोले प्रभावकारी अनुगमन गरी कार्यान्वयनमा शीघ्रता दिनुपर्दछ।

२७. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेको देखिएकोले ती योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ। लाभ लागतको दृष्टिकोणले उपयुक्त नदेखिएमा सोको कारण खुलाई कानुन बमोजिम टुङ्ग्याउनुपर्दछ।

२८. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ । कार्यालयमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने र विशेष प्राविधिक विज्ञता आवश्यक पर्ने कार्यमा मात्र परामर्श सेवा लिनुपर्दछ।

२९. दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटबीच सामाञ्जस्यता कायम गर्नुपर्दछ।

सूचना प्रविधि

३०. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवास्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

३१. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३२. प्रदेश मातहतका कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीले कार्यालयहरूको आवश्यकतानुसार सूचना प्रदान गर्न नसकेकोले यसमा सुधार हुनुपर्दछ।

३३. तथ्याङ्क सत्यापन गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरुपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

३४. खरिद भएका सफ्टवेयरहरूको सोर्सकोड प्राप्त गरी सञ्चालनमा ल्याउनुपर्दछ।

सार्वजनिक प्रशासन

३५. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

३६. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार र सञ्चालन गरी स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

३७. स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी ती संस्थाहरूको नियमन गर्नुपर्दछ।

३८. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

३९. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सवलीकरण गरी बहुसीपमूलक जनशक्ति तयार गर्न पर्याप्त तालिम प्रदान गर्नुपर्दछ।

४०. एउटै कर्मचारीलाई एकभन्दा बढी निकायको जिम्मेवारी दिने, विकल्प हुँदा समेत निमित्तबाट प्रशासन सञ्चालन गर्ने एवं कानुनी व्यवस्था विपरीत ३ महिनाभन्दा बढि काजमा खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४१. विशेषज्ञ चिकित्सकसहित अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको रिक्त दरबन्दी पदपूर्ति गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्दछ।

४२. कर्मचारी सरुवा, बढुवालाई अनुमानयोग्य बनाउने तथा कार्य विवरण अनिवार्य गराई लागु गर्नुपर्दछ।

सुशासन

४३. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

४४. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

४५. बढ्दो बेरुजुलाई नियन्त्रण गर्न बेरुजु फर्स्यौटलाई कार्य सम्पादन र वृत्ति विकाससँग आवद्ध गर्नुपर्दछ।

४६. प्रदेश सभाका विशेष समिति, प्रदेश मन्त्रिपरिषद्, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

४७. प्रदेश प्रमुख मार्फत प्रदेश सभामा पेस गरिएका महालेखापरीक्षकको पहिलो र छैटौं वार्षिक प्रतिवेदनहरू माथि प्रदेश सभा एवं प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भएको छैन। समयमै छलफल गरी बेरुजु दोहोरिन नदिनेतर्फ प्रयास गर्नुपर्दछ।

४८. आन्तरिक पर्यटन भ्रमण काजलाई उद्देश्यमूलक र उत्पादनमूलक बनाउन कार्यविधि पुनरावलोकन गर्नुपर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची–१

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)
२०८०।८१

(रु.हजारमा)

क्र स	मन्त्रालय वा आयोगको नाम	कार्यालयको संख्या	बेरुजु नभएका कार्यालय संख्या	बेरुजु रकम
१	प्रदेश सभा सचिवालय	१	०	२३२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	१	७६१९
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	०	५२२२२
४	आर्थिक मामिला मन्त्रालय	११	१०	३
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३२	१५	८९८९५
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३१	११	२१२७३
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३१	२	२५११५४
८	सामाजिक विकास मन्त्रालय	४९	१६	७७९८८
९	प्रदेश नीति तथा योजना आयोग	१	०	२३६
१०	प्रदेश लोक सेवा आयोग	१	१	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	७१
	जम्मा	**१६२**	**५६**	**५००६९३**

अनुसूची–१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०८०।८१

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयको विवरण	संख्या
सरकारी कार्यालयतर्फ		
१	**प्रदेश सभा व्यवस्थापिका**	**१**
१.१	प्रदेश सभा सचिवालय	१
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**३**
२.१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१
२.२	प्रादेशिक सुशासन केन्द्र	१
२.३	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान	१
३	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
३.१	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१
४	**आर्थिक मामिला मन्त्रालय**	**११**
४.१	आर्थिक मामिला मन्त्रालय	१
४.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
४.३	प्रदेश लेखा एकाई	८
४.४	सुदूरपश्चिम प्रदेश स्वरोजगार कोष	१
५	**उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय**	**३२**
५.१	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	१
५.२	उद्योग, बाणिज्य तथा उपभोक्ता हक हित संरक्षण निर्देशनालय	१
५.३	वन निर्देशनालय	१
५.४	डिभिजन वन कार्यालय	१०
५.५	भू तथा जलाधार व्यवस्थापन कार्यालय	४
५.६	वन अनुसन्धान प्रतिष्ठान	१
५.७	घरेलु तथा साना उद्योग कार्यालय	९
५.८	प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन एकाई	१
५.९	पर्यटन विकास तथा व्यवस्थापन समिति	४
६	**सामाजिक विकास मन्त्रालय**	**४९**
६.१	सामाजिक विकास मन्त्रालय	१
६.२	शिक्षा विकास निर्देशनालय	१
६.३	प्रदेश स्वास्थ्य निर्देशनालय	१
६.४	सामाजिक विकास कार्यालय	९
६.५	जिल्ला स्वास्थ्य कार्यालय	९
६.६	अस्पताल विकास समिति	९
६.७	शिक्षा तालिम केन्द्र	१
६.८	प्रादेशिक आयुर्वेद चिकित्सालय	१
६.९	आयुर्वेद स्वास्थ्य केन्द्र	८

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयको विवरण	संख्या
६.१०	प्रादेशिक स्वास्थ्य प्रवर्द्दन केन्द्र	१
६.११	व्यवसायिक तथा शिप विकास तालिम केन्द्र	२
६.१२	स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	१
६.१३	स्वास्थ्य तालिम केन्द्र	१
६.१४	जनस्वास्थ्य प्रयोगशाला	१
६.१५	प्रदेश खेलकुद परिषद	१
६.१६	प्रदेश युवा परिषद	१
६.१७	सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान	१
७	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**३१**
७.१	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१
७.२	कृषि विकास निर्देशनालय	१
७.३	पशुपंछी तथा मत्स्य विकास निर्देशनालय	१
७.४	पशु सेवा तालिम केन्द्र	१
७.५	मत्स्य विकास केन्द्र	१
७.६	कृषि ज्ञान केन्द्र	९
७.७	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	९
७.८	सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय	१
७.९	पहाडी क्षेत्र काष्ठ फलफुल विकास आयोजना कार्यालय	१
७.१०	शुख्खा फलफुल विकास केन्द्र	१
७.१२	तरकारी जर्म प्लाज्मा सम्बन्धन तथा विउ उत्पादन केन्द्र	१
७.१३	कृषि व्यवसाय प्रवर्द्दन सहयोग तथा तालिम केन्द्र	१
७.१४	बाली संरक्षण प्रयोगशाला	१
७.१५	विउ विजन प्रयोगशाला	१
७.१६	माटो तथा मल परीक्षण प्रयोगशाला	१
८	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**३१**
८.१	भौतिक पूर्वाधार विकास मन्त्रालय	१
८.२	यातायात पूर्वाधार निर्देशनालय	१
८.३	पूर्वाधार विकास कार्यालय	६
८.४	यातायात व्यवस्था कार्यालय	४
८.५	जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय	१०
८.६	पथरीया मोहना सिचाई व्यवस्थापन कार्यालय	१
८.७	सहरी विकास तथा भवन कार्यालय	३
८.८	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	४
८.९	प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम आयोजना व्यवस्थापन कार्यालय	१
९	**प्रदेश लोक सेवा आयोग**	**१**
१०	**प्रदेश नीति तथा योजना आयोग**	**१**
११	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
जम्मा		**१६२**

अनुसूची- २

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

२०८०।८१

(रु.हजारमा)

	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	१४०१५२	१	१४०१५२	१	२०	१	२०	१	१९००	१	१९००	१	१२४	१	१२४	१४२१९६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	१	२०३५१६	१	२०३५१६	१	०	१	०	१	२२४३	१	२२४३	१	४३०७०	१	४३०७०	२४८८२९
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	२६७४६०	१	२६७४६०	१	२६४५	१	२६४५	१	१३१३९	१	१३१३९	१	३०१८९९	१	३०१८९९	५८५१४३
४	आर्थिक मामिला मन्त्रालय	११	२०११०३२	११	२०११०३२	११	८३८०६३७	११	८३८०६३७	११	५७४६	११	५७४६	११	२१५०९	११	२१५०९	१०४१८९२४
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८	१२५८४४२	२८	१२५८४४२	२८	१८०२७२	२८	१८०२७२	२८	७७०९९९	२८	७७०९९९	२८	१०५५२६	२८	१०५५२६	२३१५२३९
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३१	१६४०८९७	३१	१६४०८९७	३१	३५६०२	३१	३५६०२	३१	६९२३५	३१	६९२३५	३१	२१६२६	३१	२१६२६	१७६७३६०
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३१	८९८९००५	३१	८९८९००५	३१	३१८८९	३१	३१८८९	३१	१५१३४७६	३१	१५१३४७६	३१	१११११	३१	१११११	१०५३५४८१
८	सामाजिक विकास मन्त्रालय	३७	३९१०४०८	३७	३९१०४०८	३७	२००६७	३७	२००६७	३७	२८०३७९	३७	२८०३७९	३७	८७३५३९	३७	८७३५३९	५०८४३९३
९	प्रदेश नीति तथा योजना आयोग	१	२३२७३	१	२३२७३	१	०	१	०	१	०	१	०	१	०	१	०	२३२७३
१०	प्रदेश लोक सेवा आयोग	१	४८९०५	१	४८९०५	१	२९	१	२९	१	१४	१	१४	१	०	१	०	४८९४८
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	२०४८७	१	२०४८७	१	०	१	०		३२२		३२२		०		०	२०८०९
	जम्मा	**१४४**	**१८५१३५७७**	**१४४**	**१८५१३५७७**	**१४४**	**८६५११६१**	**१४४**	**८६५११६१**	**१४३**	**२६५७४५३**	**१४३**	**२६५७४५३**	**१४३**	**१३६८४०४**	**१४३**	**१३६८४०४**	**३११९०५९५**

अनुसूची-२ (क)

(प्रतिवेदनको परिच्छेद ३ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण बक्यौता रहेका निकायहरूको विवरण

२०८०।८१

(रु.हजारमा)

सि.नं.	मन्त्रालय	कार्यालय	बक्यौता रहेको वर्ष	विनियोजन	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
	समितितर्फ							
१	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०७७।७८	०	०	०	नखुल्ने	नखुल्ने
२	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	बडिकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०७८।७९	४७४२	०	०	नखुल्ने	४७४२
		जम्मा		**४७४२**	**०**	**०**	**०**	**४७४२**

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०८०।८१

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक	
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (समिति तथा अन्य संस्था)	२	२	२	२	२०९६१६
२	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (समिति तथा अन्य संस्था)	४	४	४	४	३५०२८
३	सामाजिक विकास मन्त्रालय (समिति तथा अन्य संस्था)	१२	१२	१२	१२	४१९०७४२
	जम्मा	**४**	**४**	**४**	**४**	**४४३५३८६**

